# खण्ड १ : परिचय

### *१.१ भूमिका*

स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीको निर्दिष्ट व्यवस्था तथा भावना अनुरूप प्रत्येक जिल्लाले विकेन्द्रीकरणको अभ्यास गर्ने प्रयास गरिरहेका छन् । स्थानीय स्वशासन प्रक्रियालाई व्यवस्थित गरी परिपक्व कार्यान्वयन गर्ने परिपाटीको थालनी गर्ने अभिप्रायले लागू गरिएको स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ मा तोकिएको प्रावधान अनुरूप हरेक जिल्लाले सूचनामा आधारित आवधिक योजना तयार गर्नुपर्ने र आवधिक योजनाको लागि आवश्यक तथ्याङ्क/सूचना सहितको जिल्ला पार्श्वचित्र तयार गर्नुपर्ने भएको हुँदा यस कालिकोट जिल्लाको आर्थिक, सामाजिक, भौगोलिक, भौतिक पूर्वाधार विकास, वन तथा वातावरण, संस्थागत विकास क्षेत्रको तथ्याङ्क सूचनालाई समेटेर जिल्लाको पार्श्वचित्र तयार गरिएको छ ।

### *१.२ उद्देश्य*

कालिकोट जिल्लाको सामाजिक, आर्थिक, भौगोलिक, राजनीतिक लगायतको समग्र वस्तुस्थिति झल्काई जिल्लाको आगामी पाँच वर्षको आवधिक जिल्ला विकास योजना तर्जुमा गर्ने मूल उद्देश्य रहेको यस जिल्ला वस्तुगत विवरणको अन्य विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

१. जिल्लाको वस्तुस्थितिको बारेमा जानकारी गराउने ।
२. जिल्लाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, भौगोलिक, राजनीतिक वातावरणको वारेमा जानकारी गराउने ।
३. जिल्लास्थित विभिन्न स्रोतसाधनको उपलब्धता र स्थिति विश्लेषण गर्ने ।
४. जिल्लास्थित विषयगत कार्यालय तथा संघसंस्थाहरूको एकीकृत विवरण विश्लेषण गर्ने ।
५. जिल्लाको विषयगत/क्षेत्रगत विकासका सम्भावनाहरूको बारेमा विश्लेषण गर्ने ।
६. जिल्लाको आवधिक/वार्षिक योजना तर्जुमाको लागि समग्र क्षेत्रको सूचना/तथ्याङ्क उपलब्ध गराउने ।

### *१.३ अध्ययन विधि*

यो दस्तावेजको तयारीका क्रममा सर्वप्रथम आवधिक जिल्ला विकास योजना तर्जुमा निर्देशिकाले व्यवस्था गरे बमोजिम विभिन्न विषयगत सूचनाहरूको लागि सूचना सङ्कलन फारामहरू तयार गरियो । सङ्कलित फारामहरू कालिकोट जिविस मार्फत सम्बन्धित विषयगत कार्यालयहरूमा पठाई सूचना सङ्कलन गर्ने कार्य गरियो । साथै सम्बन्धित कार्यालय, पेशागत संघ संगठन तथा जिल्लाको बारेमा विशेष दखल राख्ने व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट गरी सम्बन्धित थप सूचनाहरू सङ्कलन गरियो । राष्ट्रिय निकायहरू जस्तै केन्द्रीय तथ्याङ्क विभाग, नेपाल सरकारको मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयहरू आदिबाट प्रकाशित जिल्लाका सूचनाहरू समेतका आधारमा जिल्लाको वस्तुस्थिति झल्काउने प्रयास गरिएको छ । धेरै सूचनाहरू सम्बन्धित कार्यालयका वार्षिक प्रगति प्रतिवेदन, जिल्ला विकास समितिले तयार गरेको वस्तुगत विवरणबाट समेत सङ्कलन गरियो । प्राप्त भएका तथ्याङ्क तथा सूचनाहरूलाई विज्ञ टोलीले विभिन्न विश्लेषणका औजार प्रयोग गरी विश्लेषण गर्ने कार्य सम्पन्न गरी यस दस्तावेजमा प्रस्तुत गरिएको छ । प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई सम्भव भएसम्म भौगोलिक सूचना प्रणालीको आधारमा नक्साङ्कन समेत गरिएको छ ।

### *१.४ अध्ययनको सीमा*

आवधिक जिल्ला विकास योजना तर्जुमाका लागि भएको पहिलो कार्यशालामा भएको छलफल र निचोडका आधारमा जिल्लाको अघिल्ला आर्थिक वर्षहरूमा उपलब्ध भए अनुरूपको तथ्याङ्क प्रस्तुत गरिएको छ । वस्तुगत विवरणमा सूचना तथा तथ्याङ्कलाई आवधिक जिल्ला विकास योजना तर्जुमा सम्बन्धी निर्देशिकाको दोस्रो संस्करण (२०५८) ले निर्दिष्ट गरे बमोजिम खाकामा प्रस्तुत गर्ने अधिकतम प्रयास गरिएको छ । यद्यपि सो अनुसार सूचना उपलब्ध हुन नसकेको अवस्थामा सूचनाको उपलब्धता र आवधिक जिल्ला विकास योजना तर्जुमाको आवश्यकता अनुरूप प्रस्तुत गरिएको छ ।

# खण्ड २ : जिल्ला वस्तुस्थिति विश्लेषण

## २.१ भौगोलिक तथा भौतिक स्थिति

### *२.१.१ भौगोलिक अवस्थिति तथा भू-स्वरूप*

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको पहाडी भागमा अवस्थित कालिकोट जिल्ला महाभारत पर्वत श्रृंखलाको उत्तरी पाटो तथा मुख्य हिमाली श्रृंखलाको दक्षिणी पाटोमा कडा चट्टानी भिरालो जमिनले बनेको कर्णाली नदी र तिला नदीका गहिरा खोंच र त्यहाँबाट उठेका अग्ला र ठाडा डाँडाहरूमा फैलिएको छ । जिल्लाका केही क्षेत्रहरू जस्तो चिल्खाया, सिपखाना, मेहलमुडी, स्यूना र लालु गाविसहरूमा केही समथर भू-भाग रहेको देखिन्छ । भौगोलिक विभाजन हेर्दा कालिकोट जिल्ला केही उच्च लेकाली भू-भागसहितको पूर्णतः पहाडी जिल्ला रहेको प्रष्ट हुन्छ ।

अवस्थितिका हिसाबले कालिकोट जिल्ला विश्व मानचित्रमा २९°०५' देखि २९°२८' उत्तरी अक्षांश तथा ८१°०२' देखि ८१°२८' पूर्वी देशान्तरमा अवस्थित छ । यस जिल्लाको कुल क्षेत्रफल १७४१ वर्ग कि.मी. (१७८०३० हेक्टर) रहेको छ । यस जिल्लाको उत्तरतर्फ मुगु र बाजुरा, पूर्वतर्फ जुम्ला र जाजरकोट जिल्लाले घेरिएको छ भने पश्चिमतर्फ बाजुरा र अछाम तथा दक्षिणमा अछाम र दैलेख जिल्ला पर्दछन् । आकारका हिसाबले उत्तरमा फुकेको तथा दक्षिणमा केही साँघुरिएको यो जिल्ला नेपालको मध्यपश्चिम विकास क्षेत्रको उच्च पहाडी भागमा अवस्थित छ ।

### *२.१.२ नदी प्रवाह*

कर्णाली नदीको मुख्य वहाव क्षेत्र कालिकोट जिल्लाको मध्यभागमा पर्दछ । पश्चिम उत्तरबाट कर्णाली नदी र पूर्वउत्तरबाट तिला नदी बगेर आएका छन् । यी दुई नदी प्रणालीले समग्र कालिकोट जिल्लालाई तीनवटा भू-भागमा टुक्र्याई दिएको छ । यस बाहेक जिल्लाभित्र मझौला खालका आठ वटा नदी तथा खोलाहरू बगेका छन् । यस जिल्लामा पाइने मुख्य नदीको वहाव क्षेत्र निम्नअनुसार छ ।

तालिका-१: कालिकोट जिल्लाका प्रमुख नदी तथा वहाव क्षेत्र

| क्र.सं. | नदीको नाम | उद्‌गमस्थल | वहाव क्षेत्र | मुख्य नदी प्रणाली |
|---|---|---|---|---|
| १ | कर्णाली | हुम्लाकर्णाली र मुगुकर्णाली | थिर्पु, नानीकोट, राम्नाकोट, बदालकोट, मान्म, कोटवाडा, लालु, रकु, स्युना, फुकोट | सप्तकर्णाली |
| २ | तिला नदी | | फोइमहादेव, चिल्खाया, राँचुली, गेला, छाप्रे, कालिका, पाखा, दाहाँ, सुकाटीया, मान्म, भर्ता | सप्तकर्णाली |
| | | | **सहायक नदीहरू** | |
| ३ | तिपगाड खोला | | थिर्पु | कर्णाली |
| ४ | खुलालु गाड | | कोटवाडा, लालु, माल्कोट, कुमालगाउँ, रूप्सा, | कर्णाली |
| ५ | सान्नीगाड | | मेहलमुडी, स्यूना | कर्णाली |
| ६ | पादमगाड | | चिल्खाया, ओदानकु | तिला |
| ७ | खल्लागाड | | जुविथा | तिला |
| ८ | रुरुवन्चु गाड | | चिल्खाया | तिला |
| ९ | भर्तागाड | | सुकाटीया, भर्ता | तिला |
| १० | फागोटी गाड | | थिर्पु, खिन | कर्णाली |

*स्रोत : वार्षिक जिल्ला विकास योजना, २०७०*

कालिकोट जिल्लामा नदी र खोलाहरूका अतिरिक्त यस जिल्लामा केही ताल र पोखरीहरूसमेत रहेका छन् । यहाँ रहेका तालहरू निम्नानुसार छन् ।

तालिका-२: ताल तथा पोखरीहरूको विवरण

| क.स. | तल, पोखरीको नाम | अवस्थिति |
|---|---|---|
| १ | त्रिवेणी ताल | बडिमालिकाको लेक |
| २ | गडुलरला निह दह | रकुको लेक |
| ३ | लाके दह | कालिकाको लेक |
| ४ | पान दह | पाँखाको लेक |
| ५ | राखेरवाडा दह | फुकोटको लेक |

*स्रोतः जिल्ला कृषि विकास कार्यालय, कालिकोट, २०६९*

## २.१.३ भौगोलिक विविधता

कालिकोट जिल्लाको भौगोलिक विविधता उल्लेख्य छ । नेपालको कुल क्षेत्रफलको करिब १.१८ प्रतिशत हिस्सा ओगट्ने यस जिल्लामा समुद्र सतहबाट ७३० मिटर उचाईमा रहेको खुलालुगाड कर्णाली दोभानदेखि ४७९० मिटरको चुलीमालिका लेकसम्मका अग्ला लेकाली टाकुराहरूसम्म पर्दछन् । केही प्रमुख लेकाली टाकुराहरू निम्नानुसार छन् ।

तालिका-३: कालिकोट जिल्लाका लेकाली टाकुराहरूको विवरण

| क.स. | ताल पोखरीको नाम | अवस्थिति |
|---|---|---|
| १ | महाबुलेक | ओदानकु गाविस |
| २ | भवानीधाम | सुकाटीया गाविस |
| ३ | चुलिमालिका | दाहाँ र बदालकोट गाविस |
| ४ | पुगमालिका | फोइमहादेव र राम्नाकोट गाविस |
| ५ | बडिमालिका | मुम्रा, रूप्सा र बाजुराको सीमाना |
| ६ | देउली | नानीकोट, फुकोट, स्यूना र सिपखाना गाविस |

*स्रोतः जिल्ला कृषि विकास कार्यालय, कालिकोट, २०६९*

कालिकोट जिल्लाको कुल क्षेत्रफलमा जमिनको उचाई अनुसारको विभाजनले त्यहाँको जमिनको उपयोगितालाई संकेत गर्दछ । १५०० मिटरसम्मको तुलनात्मक होचो भू-भागमा खाद्यान्नबालीको खेतीपाती गर्ने सम्भावना रहन्छ भने त्यसभन्दा माथिको उचाईको जमिनलाई अन्य प्रयोजनमा उपयोग गर्न सकिन्छ । उपर्युक्त उचाईको विभाजनले मानिसहरूको रहनसहन आवासको निर्माण र अन्य सामाजिक क्रियाकलापहरूको पनि अन्दाज गर्न सकिन्छ ।

तालिका-४: उचाई अनुसारको भू-स्वरूप विभाजन

| क.सं. | उचाई अनुसारको वर्गीकरण | क्षेत्रफल (वर्ग किमी) | प्रतिशत |
|---|---|---|---|
| १. | १५०० मीटर उचाई सम्म | १३९.१३ | ८.४३ |
| २. | १५०० देखि ३००० मीटर उचाई सम्म | ८६७.२४ | ५२.५२ |
| ३. | ३००० देखि ४००० मीटर उचाई सम्म | ६२१.१७ | ३७.६२ |
| ४ | ४००० मीटर उचाई भन्दा माथि | २३.७८ | १.४४ |
| **जम्मा** | | **१६५७.५२** | **१००** |

*स्रोतः GIS Unit, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०७१*

माथिको तालिका हेर्दा १५०० मिटरसम्मको जमिनको क्षेत्रफल जम्मा ८.५ प्रतिशत मात्र छ, जसले त्यहाँको खाद्यान्न केन्द्रित कृषिको प्रतिकुलतालाई इङ्गित गर्दछ । १५०० देखि ३००० मिटरसम्मको उचाईको जमिनको क्षेत्रफल ५२.५ प्रतिशत भएकोले यहाँको जमिनमा पशुपालन र समशितोष्ण कृषिबालीको सम्भावना ज्यादा देखिन्छ ।

## *२.१.४ राजनीतिक तथा प्रशासनिक विभाजन*

नेपालको वर्तमान राजनीतिक/प्रशासनिक विभाजनका हिसाबले कालिकोट जिल्ला मध्यपश्चिमाञ्चल विकास क्षेत्र, कर्णाली अञ्चल अन्तर्गत पर्दछ । जिल्लाको दक्षिण पहाडको भिरालो क्षेत्र मान्म गाविसको खाडाचक्रमा जिल्ला सदरमुकाम रहेको यो जिल्लामा कर्णाली अञ्चलका अन्य जिल्लाहरूको तुलनामा सबैभन्दा धेरै जनसंख्या रहेको भए पनि एउटा मात्र निर्वाचन क्षेत्र निर्धारण गरिएको छ । यस जिल्लामा कुल ९ वटा इलाका रहेका छन् । प्रत्येक इलाकामा ३ देखि ५ वटासम्म गाविस रहेका छन् । जिल्ला भरमा कुल ३० वटा गाविस रहेका छन् जसलाई ९ इलाकाहरूमा निम्नानुसार समेटिएको छ ।

तालिका-५: इलाका अनुसार गाविसहरूको विभाजन

| इलाका | गाविसको नाम | गाविस संख्या |
|---|---|---|
| १ | मान्म, दाँहा, पाखा | ३ |
| २ | बदालकोट, राम्नाकोट, नानीकोट | ३ |
| ३ | फुकोट, स्यूना, सिपखाना | ३ |
| ४ | मुम्रा, मेहलमुडी, रकु | ३ |
| ५ | रूप्सा, कुमालगाउँ, लालु, कोटवाडा, मालकोट | ५ |
| ६ | भर्ता, सुकाटीया, कालिका, गेला | ४ |
| ७ | चिल्खाया, ओदानकु | २ |
| ८ | जुविथा, राँचुली, फोइमहादेव, छाप्रे | ४ |
| ९ | थिर्पु, खिन, धौलागोह | ३ |

*स्रोत: जिल्ला उर्जा तथा वातावरणीय योजना, २०६९*

### २.१.५ ऐतिहासिक पक्ष

जिल्लाको नामाकरणका सन्दर्भमा विभिन्न भनाई भएता पनि कालिकोट जिल्लाको कालिका गाविसको कालिका गाउँमा अवस्थित रहेको कालिकादेवीको मन्दिर (मांड) बाट नै यस जिल्लाको नाम कालिकोट रहन गएको हो भन्ने जनधारणा रहेको पाइन्छ ।

कालिकोट जिल्लाको भू-भाग २०१८ सालअघि राणाकालिन वैधानिक कानुन वि.सं. २००४ अनुसार प्रधानमन्त्री पद्म शमशेरले विभाजन गरेपछि कर्णाली अञ्चलमा ५ जिल्लाहरू हुम्ला, मुगु, डोल्पा, जुम्ला र तिब्रिकोट रहन पुगे । यसै अन्तर्गतको तिब्रिकोट र जुम्ला जिल्लामा हालको कालिकोट जिल्लाको भू-भाग रहेको थियो । वि.सं. २०३४ सालमा तिब्रिकोट विघटन भई केही गाउँ पञ्चायत डोल्पामा र धेरै गाउँ पञ्चायतहरू जुम्लामा गाभिए । हाल कालिकोट जिल्लामा पर्ने धेरै गाउँ विकास समितिहरू तत्कालिन जुम्ला जिल्लामा पर्दथे । यसप्रकार छुट्टै कालिकोट जिल्लाको व्यवस्था भई मान्म गाउँको खाडाचक्र डाँडामा सदरमुकाम स्थापना गरिएको हो ।

मध्यकालिन नेपालमा हालको कालिकोट जिल्लाको धेरै भू-भाग सिंजा राज्य अन्तर्गत पर्दथ्यो भने तिला दक्षिणको केही भू-भाग दुल्लु राज्यले समेटेको थियो । कर्णाली प्रदेशमा दुल्लु र सिंजा राज्य सामरिक र आर्थिक हिसाबले पनि बलिया मानिन्थे । कर्णाली किनारका फराकिला फाँटहरू रहेको दुल्लु राज्य र जुम्ला तथा सिंजा उपत्यका रहेको सिंजा राज्यमा प्रशस्तै कृषि उत्पादन र पशुपालन हुने गर्दथ्यो । कर्णाली नदी घाँटी हुँदै तिब्बतसँगको व्यापार हुने हुनाले यस जिल्लाको तल्लो भू-भाग व्यापारिक कारोबारमा समेत प्रख्यात थियो ।

### २.१.६ सांस्कृतिक पक्ष

कालिकोट जिल्लाले ओगटेको भू-भागमा आदि कालदेखि खस ब्राम्हण, क्षेत्री, ठकुरी र दलितहरूको बसोबास रहेको हुनाले यहाँका ग्रामिण बस्तीहरूमा हिन्दु वर्णश्रम व्यवस्थाले निर्देशित गरे अनुसारका सांस्कृतिक परम्परा र रीतिरिवाजहरू अपनाइने गरिएको छ ।

यहाँका प्रमुख चाडपर्वहरूमा दशै, तिहार, तिज, माघे संक्रान्ति, जनैपूर्णिमा, चैतेदशैं, श्रीपञ्चमी, कृष्णाष्टमी, होली, मंसिरे पूर्णिमा, पैंठ, तागा, खोदैमष्टो, कालासिल्लो, गुरोमष्टो, खापरमष्टो, धुवानो,मष्टो, तिमिले मष्टो आदि रहेका छन् । त्यसैगरी यहाँका बासिन्दाहरूले लगाउने भेषभूषा पुरुष र महिला तथा जाडोयाम र गर्मीयाम अनुसार भिन्नभिन्न रहेको छन । पुरुष र महिलाले लगाउने भेषभूषालाई निम्नानुसार प्रस्तुत गरिन्छ ।

तालिका-६: कालिकोट जिल्लाका प्रमुख भेष भूषाहरू

| पुरुषका लागि | महिलाका लागि |
|---|---|
| टोपी, दौरा, सुरुवाल, सर्ट, पाइन्ट, कोट, कमिज, बख्खु, पटुका, इष्टकोट, जाकेट, गलबन्दी | चोलो, ब्लाउज, धोती, पटुका, सारी/लुङ्गी, गाउन, घाग्रो, पछ्यौरा, सल/बर्खी ओढ्ने, डौठो, स्वेटर |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, कालिकोट, २०६९*

### २.१.७ कालिकोटमा रहेका मठ, मन्दिर एवम् धार्मिक स्थलहरू

| पर्यटकीय स्थलहरु | विस्तृत जानकारी |
|---|---|
| पंचदेवल | मान्म खाडाचक्र-३, ४ र ५ को बीच पूर्वकालदेखि ऐतिहासिक ठूला ठूला ढुङ्गाहरूमा कुदेका भगवतीका मूर्ति, फूलवुट्टे फूल र अन्य कलात्मक ढुङ्गा कुदेका र बीचमा १५–१८ फिटको मन्दिर र चारैतिर १५ फिटका उचाई भएका मन्दिर छन् । यो मन्दिरलाई पंचदेवल भन्ने गरिन्छ र यस मन्दिरको पूजा शिवरात्रीमा र वडा दशैंमा परम्पराकाल देखि हुदै आएको छ । यो मन्दिर वेसीमा सदरमुकाम नजिक पर्दछ । शिव, पार्वती, भगवती समेतका ४ बटा मूर्तिहरू छन । |
| कोटदरबार | मान्म खाडाचक्रस्थित बजार एरिया स्थितको दरवार एरिया मान्म ५ बाईसे, चौविस राज्यकालमा रास्कोटी ठकुरीका पुर्खा मलै वर्मा राजाको खाडाचक्र दरबार भग्नावेश दरबार छ । उक्त एरियामा ढुङ्गामा कुदिएका ठूला ठूला चक्र, पुराना ढुङ्गाका खम्वा र अन्य वुट्टेदार कुदिएका ढुङ्गा र ऐतिहासिक धार्मिक स्थल रहेको सदरमुकाम नजिक पर्दछ । उक्त कोट एरियाको संरक्षण गर्नुपर्ने र उत्खनन्को लागि पुरातत्व विभागमा जानकारी गर्नुपर्ने हुदा आवश्यक पहल हुनुपर्छ । |
| पचाल झरना | राम्नाकोट-७ स्थित पचाल छहरा झरना ४८३ मिटर उचाईबाट झरना झरिरहेको हुदा जिल्ला विकास समिति कालिकोटबाट मिति २०६०/०४/१६ मा खटिएका प्राविधिकहरूको नापजाच प्रतिवेदनअनुसार उक्त झरना प्रचारमा आएको छ । उक्त झरनाका सम्भाव्यता अध्ययन गरी सोको प्रचारप्रसार गरिदिनका लागि जिल्ला विकास समितिको मिति २०६१/०१/१३ मा बैठक बसी निर्णय भएको छ । सो स्थानको अध्ययन र सर्भेक्षण गरेमा पर्यटकीय क्षेत्र हुन सक्ने र कृषि जन्य उत्पादनमा स्याउ, ओखर जस्ता फलफूल हुने र हिमाली जडिबुटी प्रर्याप्त मात्रामा पाउन सकिने यो छहरा सदरमुकाम देखि १६/१७ कोष टाढा छ । |
| चुलीमाई मन्दिर | यस जिल्ला अन्तर्गत मान्म, पाँखा, दाहा, बदालकोट गाविसबीच चुलीपाटनमा अवस्थित चुलीमाईको मन्दिर कालिकोट जिल्लाको कर्णाली सतह देखि अन्दाजी करिव ५००० मिटर उचाईमा छ । यो हिमाली स्थान र समथल परेको लेक हो । यो मन्दिरको पूजा श्रावण र भाद्र महिनामा पर्ने जनै पूर्णीमाको चर्तुदशीको दिनमा पूजा लाग्दछ । कालिकोट जिल्लाका केही गाविसहरूबाट तिर्थ यात्रीहरू पैदल यात्रा गरी जाने गर्दछन् । भगवान राम र कृष्णजीको भजन, कृतन र आरती गर्दछन । भगवान र चुलीमाईको जयजयकार गर्दछन् । जनै पूर्णीमाको चर्तुदशीलाई मालीका चर्तुदशी भन्ने र उक्त दिनमा तिर्थ यात्रीहरू भगवती माईको दर्शन गर्ने गर्दछन । उक्त स्थान ज्यादै रमणीय छ । भविष्यमा स्याउ, ओखरको उत्पादन हुने र हिमालयमा पाईने जडिबुटीहरूबाट प्रशस्त मात्रामा आम्दानी हुने हुँदा सो क्षेत्रबाट उत्पादन वृद्धि भई भविष्यमा पर्यटकीय क्षेत्र हुने हुँदा प्रचारप्रसारको लागि जोड दिनुपर्ने देखिन्छ । |
| पुगमाई मन्दिर | फोईमहादेव गाविस अर्न्तगत कालिकोट जिल्लाको सवैभन्दा उचाईमा यो पुगमाईको मन्दिर छ । त्यहा कुदेका शिव, पार्वतीका मूर्तिहरू रहेका छन् । यो तीर्थस्थलमा वर्षको जनै पूर्णिमामा ठूलो मेला लाग्ने गर्दछ । तीर्थयात्रीहरू चर्तुदशीमा माईको दर्शन गर्ने गर्दछन् । यो हिमाली स्थान हो त्यसैले जडिबुटीहरू, स्याउ र ओखर जस्ता फलफूलहरू प्रशस्त पाइन्छन् । |
| पञ्चदेवल | चिल्खाया-१ मा ऐतिहासिक ढुङ्गामा कुदिएका पंचदेवलमा विभिन्न मूर्ति रहेका छन् । भगवान शिव र पार्वतीका कुदिएका ढुङ्गाका मूर्तिहरू छन् । प्रत्येक वर्ष भाद्रमहिनाको पहिलो मंगलबारमा र शिवरात्रीमा पूजापाठसहित मेला लाग्ने गर्दछ । |
| वासुधारा | चिल्खाया-६ र ७ मा २२ वटा वासुधारा रहेका छन । दार्देखोला, घग्रेनीखोला, बुबासेखोला समेत तीनबटा संगम भएकोलाई त्रिवेनी भन्ने गरिन्छ । उक्त संगम खोलालाई वन्चुखोला पनि भन्ने गरिन्छ । २२ धारा बगिरहेको हुदा उक्त स्थान पर्यटकीय क्षेत्रको रूपमा सर्भेक्षण गर्नुपर्ने देखिन्छ । |
| शिवनाथ मन्दिर | स्यूना-१ मा शिवनाथ मन्दिर अवस्थित छ । जसलाई संरक्षण गर्न अति आवश्यक देखिन्छ । |
| पचदेवल | मेहलमुडी गाविसमा पंचदेवल मन्दिर संरक्षण र सम्बर्द्धनको पर्खाइमा रहको छ । |
| शिलिङ्ग मन्दिर | ओदानकु गाविस अर्न्तगत माहाबुब लेकमा शिवलिङ्ग मन्दिर रहेको छ । जुन मन्दिर हालको अवस्थामा जिर्ण रहेकाले मर्मत संभार गर्न अति आवश्यक देखिन्छ । |
| कालिका मन्दिर | कालिका-१ मा कालिका मन्दिर रहेको छ । उक्त मन्दिरमा ऐतिहासिक ढुङ्गाका कुदिएका मूर्तिहरू र ढुङ्गाका खम्बाहरू भएको पर्यटकीय क्षेत्र हुन सक्ने स्थान छ । जसलाई संरक्षण र सम्वर्द्धन गर्न अति आवश्यक छ । |

## २.२ जनसङ्ख्या विवरण

वर्तमान सन्दर्भमा मानवीय विकासलाई विकासको केन्द्रबिन्दु मानिन्छ । यसर्थ विकासका लागि जनसंख्या सदैव अत्यन्त महत्वपूर्ण हुन आउँछ । जनसंख्या अन्तर्गत यसको आकार, जनसंख्याको बनोट, जनसंख्याको लैंगिक तथा जातिय संरचना तथा यसको परिवर्तनको गति (वृद्धिदर) जस्ता पक्षहरू महत्वपूर्ण हुन आउँछन् । एकातिर विकासको प्रतिफल सबै जनसंख्याको पहुँचमा पुऱ्याउनुपर्ने र अर्कातिर जनसंख्याको बनोट तथा गुणस्तरले विकासको गतिलाई प्रभावित पार्ने हुँदा कुनै पनि योजना तर्जुमामा जनसंख्यीक अध्ययन महत्वपूर्ण हुन आउँछ ।

### *२.२.१ जनसंख्या परिवर्तन*

कुनै पनि क्षेत्रको जनसांख्यिक स्थिति अध्ययन गर्ने क्रममा त्यस क्षेत्रको जनसांख्यिक आकारमा आएको परिवर्तन अध्ययन गर्नु आवश्यक हुन आउँछ । जनसांख्यिक परिवर्तनको अध्ययनले सम्बन्धित भौगोलिक क्षेत्रमा शिक्षा, स्वास्थ्य, खानेपानी, पूर्वाधार लगायतका क्षेत्रमा पर्ने जनसांख्यिक चापको अनुमान गर्ने आधार प्रदान गर्दछ । कालिकोट जिल्लाको जनसंख्यामा गत राष्ट्रिय जनगणना २०५८ र पछिल्लो जनगणना २०६८ को अवधिमा जनसंख्याको आकारमा आएको परिवर्तन र अन्य आधारभूत विवरणहरू निम्नानुसार दिइएको छ :

तालिका-७: जनसंख्या परिवर्तनको स्थिति, २०५८-२०६८

| विवरण | २०५८ | | २०६८ | | परिवर्तन दर |
|---|---|---|---|---|---|
| | जनसंख्या | हिस्सा (प्रतिशत) | जनसंख्या | हिस्सा (प्रतिशत) | २०५८-२०६८ |
| जम्मा | १०५५८० | | १३६९४८ | | ३१३६८ |
| पुरुष | ५३१८९ | ५०.३८ | ६८८३३ | ५०.२६ | १५६४४ |
| महिला | ५२३९१ | ४९.६२ | ६८११५ | ४९.७४ | १५७२४ |
| दलित | ३०८०१ | २९.१७ | ३६५२३ | २६.६७ | ५७२२ |
| परिवार संख्या | १८४८७ | | २३०१३ | | ४५५६ |

*स्रोत: राष्ट्रिय जनगणना २०५८, २०६८, केन्द्रीय तथ्याङ्क विभाग*

राष्ट्रिय जनगणना, २०६८ को नतिजाअनुसार यस जिल्लाको जनसङ्ख्या १३६,९४८ छ । यसमध्ये ६८,११५ (४९.७४%) महिला र ६८,८३३ (५०.२६%) पुरुष छन् । वि.सं. २०५८ को जनगणनाअनुसार यस जिल्लाको जनसंख्या १०५५८० रहेको थियो । यस आधारमा हेर्दा यस एक दशकको अवधिमा जिल्लाको कुल जनसंख्यामा ३१३६८ ले गिरावट आएको देखिन्छ । यस्तै, कुल महिला जनसंख्याका तुलनामा पुरुष जनसंख्यामा संख्याका हिसाबले १५६४४ ले बृद्धि भएको देखिन्छ । २०६८ मा कुल घर परिवार सङ्ख्या २३,०१३ छ ।

नेपालको राष्ट्रिय जनसांख्यिक अंक र अन्य पहाडी जिल्लाहरूको प्रवृत्ति विपरित कालिकोट जिल्लामा महिला जनसंख्याका तुलनामा पुरुष जनसंख्याको आकार ठूलो देखिन्छ । रोजगारीको क्रममा युवाहरू विदेशिने आम प्रवृत्ति भए पनि कालिकोटमा यस्तो हुनुको वास्तविक कारण खोजी हुनुपर्दछ । अर्कोतर्फ कालिकोट जिल्लामा दलित समुदायको जनसांख्यिक हिस्सा ठूलो रहेको देखिन्छ । कुल जनसंख्याको एक चौथाई भन्दा ज्यादा जनसंख्या हुनु सामाजिक विभेदको अवस्था आँकलन गर्नका लागि महत्वपूर्ण देखिएको छ ।

### *२.२.२ जनसंख्याको बनावट*

जनसंख्याको अध्ययनमा जनसंख्याको आकार बाहेक परिवार संख्या, परिवारको आकार, जनघनत्व, जनसंख्या वृद्धिदर, लैंगिक अनुपात लगायत महत्वपूर्ण जनसांख्यिक चरहरूलाई राष्ट्रियस्तर र कालिकोट जिल्लाको अंकमानमा तुलनात्मक रूपले प्रस्तुत गरिएको छ जुन् देहाय बमोजिम छः

तालिका-८: जनसांख्यिक सूचकहरूको तुलनात्मक स्थिति, २०५८-२०६८

| **सि.नं.** | **विषय क्षेत्र** | **इकाई** | **नेपाल** | | **कालिकोट** | |
|---|---|---|---|---|---|---|
| | | | **२०५८** | **२०६८** | **२०५८** | **२०६८** |
| १ | जनसंख्या वृद्धिदर | प्रतिशत | २.२५ | १.३५ | १.७३ | २.९ |
| २ | औषत परिवारको आकार | संख्या | ६.३४ | ४.८८ | ६.२६ | ५.९५ |
| ३ | जनघनत्व | जना/व.कि.मी. | १५७ | १८० | ६०.६ | ७९ |

| सि.नं. | विषय क्षेत्र | इकाई | नेपाल | | कालिकोट | |
|---|---|---|---|---|---|---|
| | | | २०५८ | २०६८ | २०५८ | २०६८ |
| ४ | लैङ्गिक अनुपात (महिलामा पुरुष) | प्रतिशत | ९९.८ | ९४.२ | १०२ | १०१.१ |
| ५ | कुल प्रजनन दर / महिला | जना | ४.१ | २.६ | ४.१ | ४.१ |
| ६ | कोरा जन्म दर | प्रति हजार | २८.४ | २४.३ | ३१.१ | ३१.१ |
| ७ | कोरा मृत्युदर | प्रति हजारमा | | ६१.३५ | ९.६ | ९.६ |
| ८ | मातृ मृत्युदर | प्रति लाखमा | २८१ | | | १९० |
| ९ | वाल मृत्युदर (५ वर्ष भन्दा मुनिका) | प्रति हजारमा | ९१ | ५४ | | ५४ |
| १० | महिला विवाह गर्दाको औसत उमेर | उमेर | | | | १९.४३ |
| ११ | औसत आयु दुवै | वर्ष | ६४.१० | ६८.२ | ४६.६७ | ६३.६४ |
| १२ | कुल साक्षरता दर | प्रतिशत | ६३ | ६६ | ३७.५१ | ६१ |

*मानव विकास प्रतिवेदन, २०१४*

माथिको तालिकानुसार जिल्लाको जनसङ्ख्या वृद्धिदर २.९ प्रतिशत देखिन्छ । राष्ट्रिय जनसांख्यिक सूचकहरूको तुलनामा कालिकोट जिल्लाको अवस्था केही नकारात्मक देखिन्छ । जनसंख्या वृद्धिदर सिङ्गै देशको तुलनामा यस जिल्लामा तिव्र रहेको देखिन्छ । त्यस्तै परिवारको औसत आकार पनि केही ठूलो देखिन्छ, जसले परिवारमा आर्थिक वोझ बढ्ता रहेको अनुमान गर्न सकिन्छ । जनघनत्व पनि यस जिल्लामा पातलो देखिन्छ भने लैंगिक अनुपातमा पुरुषको संख्या महिला भन्दा वढी रहेको पाइन्छ । कोरा जन्मदर र शिशु मृत्यू दर पनि राष्ट्रियस्तरमा भन्दा बढ्ता देखिएको छ, जसले स्वास्थ्यको पहुँच कमजोर रहेको प्रष्ट हुन्छ । त्यसैगरी औसत आयु र कुल साक्षरता दर पनि सिंगो देशको भन्दा कम रहेको छ ।

### *२.२.३ जनसंख्याको आकार (गाविस अनुसारको जनसंख्या)*

वि.सं. २०५८ को तुलनामा कालिकोट जिल्लामा वि.सं. २०६८ मा कुल परिवार संख्या ४५५६ ले वृद्धि भई ४२,०७९ पुगेको देखिन्छ भने जनघनत्व, जनसंख्या वृद्धिदर, परिवारको आकार, लैंगिक अनुपात घटेको देखिन्छ । सिंगो नेपालको स्थिति हेर्ने हो भने जनसंख्या वृद्धिदर, परिवारको आकार तथा लैंगिक अनुपातमा गिरावट आएको देखिन्छ भने कुल परिवार संख्या र जनघनत्वमा वृद्धि भएको देखिन्छ । जिल्लाका अधिकांश गाविसमा वि.सं. २०५८ को तुलनामा वि.सं. २०६८ मा जनसंख्या वृद्धि भएको देखिन्छ, जुन नेपालका अन्य पहाडी जिल्लाहरूको जनसांख्यिक प्रवृत्तिभन्दा विपरित देखिएको छ । जनसंख्या वितरण, घरधुरी र परिवर्तनको अवस्थालाई गाविस अनुसार निम्न बमोजिम तालिकामा प्रस्तुत गरिएको छ :

तालिका-९: गाविस अनुसार जनसंख्याको आकार र परिवर्तन

| क्र.स. | गविसको नाम | २०५८ | | २०६८ | | | | जनसंख्या परिवर्तन |
|---|---|---|---|---|---|---|---|---|
| | | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | पुरुष | महिला | |
| १ | बदालकोट | ४४८ | २४१६ | ५८९ | ३,२५४ | १,६५२ | १,६०२ | ८३८ |
| २ | छाप्रे | ५०२ | २९६६ | ६०१ | ३,६६१ | १,८५६ | १,८०५ | ६९५ |
| ३ | चिल्खाया | ६८५ | ३५४३ | ७४९ | ४,६५४ | २,३०५ | २,३४९ | १,१११ |
| ४ | दाहाँ | ७२९ | ३८५६ | ८४९ | ५,०८४ | २,५०२ | २,५८२ | १,२२८ |
| ५ | धौलागोह | १००२ | ५७५८ | १,११२ | ७,१११ | ३,५८३ | ३,५२८ | १,३५३ |
| ६ | गेला | ५९० | ३१९४ | ७०६ | ३,९११ | १,९४५ | १,९६६ | ७१७ |
| ७ | जुविथा | ३७० | २०६२ | ४०७ | २,३३९ | १,१४२ | १,१९७ | २७७ |
| ८ | खिन | ५७० | २९६९ | ६०७ | ३,६२४ | १,८५१ | १,७७३ | ६५५ |
| ९ | कोटवाडा | ४४१ | ३३७५ | ६८६ | ३,८६६ | १,८६७ | १,९९९ | ४९१ |
| १० | कुमालगाउँ | ४९१ | ३११३ | ६२१ | ३,७०८ | १,८८१ | १,८२७ | ५९५ |
| ११ | लालु | ८२७ | ४८३७ | ९८४ | ५,९३८ | २,९५९ | २,९७९ | १,१०१ |
| १२ | मालकोट | ३३५ | ९७२ | ६८२ | ३,८६६ | १,८७६ | १,९९० | २,८९४ |
| १३ | मान्म | १२०६ | ६०९२ | १,६९६ | ९,०९४ | ४,७३२ | ४,३६२ | ३,००२ |
| १४ | भर्ता | ८१८ | ४८१४ | १,२६५ | ७,०७५ | ३,५९१ | ३,४८४ | २,२६१ |
| १५ | मेहलमुडी | ५९४ | ३७६१ | ८१६ | ४,९७१ | २,४३८ | २,५३३ | १,२१० |
| १६ | कालिका | ४२६ | २२०५ | ४९७ | २,७९० | १,३४३ | १,४४७ | ५८५ |
| १७ | मुम्रा | ३८४ | २३५३ | ५४८ | ३,४११ | १,७०२ | १,७०९ | १,०५८ |

| क्र.स. | गविसको नाम | २०५८ | | २०६८ | | | | जनसंख्या परिवर्तन |
|---|---|---|---|---|---|---|---|---|
| | | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | पुरुष | महिला | |
| १८ | नानीकोट | ८२१ | ४७४९ | ९७३ | ६,२८३ | ३,२२३ | ३,०६० | १,५३४ |
| १९ | ओदानकु | ५६४ | ३४९८ | ६३८ | ३,७३६ | १,९०८ | १,८२८ | २३८ |
| २० | पाखा | ६१८ | ३५३० | ६९१ | ४,२४९ | २,१३९ | २,११० | ७१९ |
| २१ | फोइमहादेव | ५४६ | ३१३४ | ६१७ | ३,४१८ | १,७०८ | १,७१० | २८४ |
| २२ | फुकोट | ७७० | ४४३१ | ८९७ | ५,३३४ | २,६१० | २,७२४ | ९०३ |
| २३ | रकु | ५५७ | ३३६१ | ७४१ | ४,४६४ | २,२३८ | २,२२६ | १,१०३ |
| २४ | राम्नाकोट | ५३२ | ३०२५ | ६२५ | ३,८२७ | १,९०५ | १,९२२ | ८०२ |
| २५ | राँचुली | ३९२ | २२६१ | ४२२ | २,३७० | १,१८५ | १,१८५ | १०९ |
| २६ | रूप्सा | ५०३ | ३१६३ | ६१२ | ३,९८८ | २,०२० | १,९६८ | ८२५ |
| २७ | सिपखाना | ६७६ | ३९९२ | ८७७ | ५,३५७ | २,६४३ | २,७१४ | १,३६५ |
| २८ | स्यूना | ८१० | ४३५७ | ९११ | ५,५८१ | २,८२३ | २,७५८ | १,२२४ |
| २९ | सुकाटीया | ७०५ | ३८१५ | ८८७ | ५,०५५ | २,५३३ | २,५२२ | १,२४० |
| ३० | थिर्पु | ५७३ | ३३७४ | ७०२ | ४,५६८ | २,३२९ | २,२३९ | १,१९४ |
| ३१ | संस्थागत | २ | ६०४ | ५ | ३६१ | ३४४ | १७ | -२४३ |
| **जम्मा** | | **१८४८७** | **१०५५८०** | **२३,०१३** | **१३६,९४८** | **६८,८३३** | **६८,११५** | **३१,३६८** |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना प्रतिवेदन, २०६८*

गाविस अनुसार जनसंख्याको वितरण सन्तुलित किसिमको रहेको छैन । सबैभन्दा बढी जनसंख्या भएको मान्म गाविस हो, जुन जिल्लाकै सदरमुकाम र प्रमुख व्यापापरिक केन्द्र पनि हो । सदरमुकाम मान्म र यससँग जोडिएको भर्ता गाविसमा जनसंख्याको चाप उच्च रहेको छ । यी दुई गाविसले मात्र जिल्लाको कुल जनसंख्यामा १२ प्रतिशत हिस्सा ओगटेको देखिन्छ भने सबैभन्दा कम जनसंख्या रहेका जुविथा र राँचुली गाविसमा जिल्लाको कुल जनसंख्याको क्रमशः १.७१ र १.७३ प्रतिशत जनसंख्या रहेको छ । यस्तै, जिल्लामा सबैभन्दा धैरै जनसंख्याको बसोबास भएका पाँच वटा (मान्म, भर्ता, धौलागोह, नानीकोट, र लालु) गाविसहरूले जिल्लाको कुल जनसंख्याको २६ प्रतिशत हिस्सा ओगटेका छन् । जिल्लाको कुल जनसंख्याको ३ प्रतिशत भन्दा कम हिस्सा ओगट्ने कम आवादी भएका गाविसको संख्या आधा अर्थात १५ वटा रहेको छ ।

### *२.२.४ इलाका अनुसारको जनसंख्या*

निर्वाचन क्षेत्र तथा इलाकाहरूमा आधारित भएर नेपाल सरकारले विभिन्न सेवा सुविधाहरूको व्यवस्था गरेको देखिन्छ । यसकारण निर्वाचन क्षेत्र र इलाका अनुसारको जनसंख्या वितरणको अध्ययन पनि योजना तर्जुमा तथा विभिन्न सेवा सुविधामा जनसंख्याको चाप अध्ययन गर्ने सन्दर्भमा महत्वपूर्ण हुन आउँछ ।

तालिका-१०: इलाका अनुसार जनसंख्या वितरण

| इलाका | गाविसको नाम | गाविस संख्या | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | मान्म, दाँहा, पाखा | ३ | १८४२७ | १३.४९ |
| २ | बदालकोट, राम्नाकोट, नानीकोट | ३ | १३३६४ | ९.७८ |
| ३ | फुकोट, स्यूना, सिपखाना | ३ | १६२७२ | ११.९१ |
| ४ | मुम्रा, मेहलमुडी, रकु | ३ | १२८४६ | ९.४० |
| ५ | रूप्सा, कुमालगाउँ, लालु, कोटवाडा, मालकोट | ५ | २१३६६ | १५.६४ |
| ६ | भर्ता, सुकाटीया, कालिका, गेला | ४ | १८८३१ | १३.७९ |
| ७ | चिल्खाया, ओदानकु | २ | ८३९० | ६.१४ |
| ८ | जुविथा, राँचुली, फोइमहादेव, छाप्रे | ४ | ११७८८ | ८.६३ |
| ९ | थिर्पु, खिन, धौलागोह | ३ | १५३०३ | ११.२० |
| १० | संस्थागत | २ | ३६१ | ०.२६ |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८, केन्द्रीय तथ्याङ्क विभाग*

जिल्लाका ९ वटा इलाकामध्ये इलाका नं. ५ मा सबैभन्दा धैरै १५.६४ प्रतिशत र यसपछि इलाका ६ मा १३.७९ प्रतिशत, इलाका-१ मा १३.४९ प्रतिशत र इलाका-३ मा ११.९ प्रतिशत जनसंख्या रहेको देखिन्छ । यसरी हेर्दा जिल्लाको इलाका-५

जनसंख्यामा सबैभन्दा अगाडि देखिएको छ । यसो हुनुमा यस इलाकामा सबैभन्दा धेरै गाविसहरू समेटिएका छन् । तिलावारी दैलेख जिल्लासँग सीमाना जोडिएको इलाका-६ र सदरमुकाम मान्म रहेको इलाका-१ मा दोस्रो तहको जनसंख्या रहेको देखिन्छ । जनसंख्याको वितरण पातलो रहेका इलाकाहरूमा सबभन्दा कम इलाका-७ र त्यसपछि इलाका-८, ४ र २ रहेका देखिन्छन् । जिल्लामा संस्थागत जनसंख्याको संख्या ३६१ रहेको देखिन्छ, यो संख्या जिल्लाको कुल जनसंख्याको करिब ०.२६ प्रतिशत हुन आउँछ ।

### *२.२.५ उमेर समूह अनुसारको जनसंख्या*

विकासको प्रतिफल मानव अथवा जनसंख्याका लागि भएको हुँदा जनसंख्याको आकारले कुनै पनि स्थानको योजना तर्जुमामा महत्वपूर्ण स्थान ओगट्दछ । मानवीय आवश्यकता उमेर अनुसार फरक पर्ने भएकाले योजना तर्जुमा अघि विभिन्न उमेर समूहको जनसंख्या अध्ययन गर्नु बढी महत्वपूर्ण हुन जान्छ ।

एक वर्ष मुनिको उमेर तथा पाँच वर्षमुनिको उमेर जीवनमा विशेष महत्वका अवधिका रूपमा रहन्छन् । विभिन्न उमेर समूहमध्ये एक वर्षमुनिको जनसंख्यामा रोग प्रतिरोध क्षमता न्यून रहने भएकाले मृत्युदर (शिशु मृत्युदर) सामान्यतया सबैभन्दा बढी रहने गर्दछ तथा यसपछि १–४ वर्षको उमेर समूह पर्दछ । स्वास्थ्यसम्बन्धी योजना तर्जुमा गर्न यी दुई उमेर समूहको विशेष महत्व रहने गर्दछ । ६–१४ वर्षको उमेर समूह विद्यालय शिक्षा प्राप्त गर्ने उमेर भएको हुँदा शिक्षासम्बन्धी योजना तर्जुमा गर्नका लागि यो उमेर समूह महत्वपूर्ण रहन्छ । १५–३९ वर्षको उमेर समूह युवा र उद्यमशिलताको उमेर भएकोले पुरुषहरूको रोजगारी र महिलाहरूको प्रजनन् स्वास्थ्य र सन्तान उत्पादनमा यस उमेर समूहको जनसंख्या अध्ययनका हिसाबले महत्वपूर्ण रहन्छ । त्यसैगरी ४०–५९ वर्षको उमेर आर्थिक रूपमा स्थिरता र वयष्क उमेर भएको हुँदा सामाजिक परिपक्वता सम्बन्धी अध्ययन गर्न यो उमेर समूह महत्वपूर्ण रहन्छ । ६० देखि ७४ वर्ष सम्मको उमेर सामान्यता आर्थिक रूपमा निष्क्रिय र अर्ध आश्रित उमेर भएकाले यसको छुट्टै अध्ययन गर्नु महत्वपूर्ण हुन आउँछ । कालिकोट जिल्लाको प्रमुख उमेर समूहको जनसंख्या निम्नअनुसार रहेको छ ।

तालिका-११: प्रमुख उमेर समूहको जनसंख्या

| उमेर समूह | जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ० - ४ | २१६४३ | १५.८० | ११२०१ | १६.१३ | १०५४२ | १५.४८ |
| ५ - १४ | ४०२७२ | २९.४१ | २०३६९ | २९.५९ | १९९०३ | २९.२२ |
| १५ - ३९ | ४८०४० | ३५.०८ | २३५३५ | ३४.१९ | २४५०५ | ३५.९८ |
| ४० - ५९ | १८५३६ | १३.५४ | ९७८५ | १४.२२ | ८७५१ | १२.८५ |
| ६० - ७४ | ७४६५ | ५.४५ | ३५२१ | ५.१२ | ३९४४ | ५.७९ |
| ७५ भन्दा माथि | ९९२ | ०.७२ | ५२२ | ०.७६ | ४७० | ०.६९ |
| **कुल जम्मा** | **१३६९४८** | १०० | **६८८३३** | १०० | **६८११५** | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना प्रतिवेदन, २०६८*

कालिकोट जिल्लाको वि.सं. २०६८ सालको जनसंख्यालाई विभिन्न ६ उमेर समूहमा माथि वर्गीकरण गरिएको छ । प्रस्तुत विभिन्न उमेर समूहहरूमध्ये १५–३९ वर्ष उमेर समूहको जनसंख्या सबैभन्दा धेरै (३५.०८ प्रतिशत) अर्थात् ४८०४० रहेको छ । ४०–५९ वर्ष उमेर समूहको १८५३६ जनसंख्या जोड्दा आर्थिक रूपमा सक्रिय १५–५९ वर्ष उमेर समूहको जनसंख्या कुल जनसंख्याको ४८.६२ प्रतिशत हुन आउँछ । यस आधारमा कुल जनसंख्यामध्ये लगभग आधी जनसंख्या आर्थिक रूपमा सक्रिय उमेर समूहको रहेको हुँदा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिएमा जिल्लाले आर्थिक प्रगति गर्न सक्ने देखिन्छ । आश्रित उमेर समूहको जनसंख्या ५१.३८ प्रतिशत रहेको छ जसमध्ये जिल्लाको कुल जनसंख्याको करिब ३० प्रतिशत हिस्सा ५–१४ वर्ष उमेर समूहको जनसंख्या देखिन्छ । शुरु उमेरको ४ वर्षसम्मको १५.८ प्रतिशत र वयोवृद्ध उमेर अर्थात ७५ वर्ष भन्दा माथिको जनसंख्या ०.७२ प्रतिशत जनसंख्या पूर्णरूपले आश्रितको गणना भित्र पर्दछ । यस उमेर समूहका लागि जीवनयापन मात्र नभएर रेखदेख, स्वास्थ्योपचार लगायतमा अतिरिक्त जनशक्तिको आवश्यकता पर्दछ । १५ देखि ३९ वर्ष उमेर समूहको जनसंख्या देशमा अधिक श्रम र पौरख गर्नसक्ने शक्ति हो यो समूहको जनसंख्याले जिल्लामा युवा जनसंख्याको बहुलता रहेको देखाउँछ । प्रमुख उमेर समूह अनुसारको जनसंख्याको स्पष्ट स्वरूप स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।




### २.२.६ जातजाति अनुसारको जनसंख्याः

जातजाति अनुसार भाषा, धर्म, संस्कृति, रीतिरिवाज तथा परम्परा सामान्यतया फरकफरक हुन्छ । उपलब्ध सबै जातजातिको भाषा, धर्म, संस्कृतिको संरक्षण सम्वर्द्धन गर्नु राज्यको दायित्व भएको हुँदा जिल्लामा उपलब्ध विभिन्न जातजातिको जनसंख्याको अध्ययन गर्नु महत्वपूर्ण हुन आउँछ, जुन निम्न प्रकार छ ।

तालिका-१२: जातजाति अनुसारको जनसंख्या

| सि.नं. | जतजाति | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | ३९,४७८ | २८.८३ |
| २ | ठकुरी | ३४,३५० | २५.०८ |
| ३ | कामी | २४,१८९ | १७.६६ |
| ४ | ब्राह्मण | २३,४३० | १७.११ |
| ५ | दमाई/ढोली | ६,९६० | ५.०८ |
| ६ | सार्की | ४,४३७ | ३.२४ |
| ७ | दसनामी/सन्यासी | १,३४९ | ०.९९ |
| ८ | अन्य दलित | ८४४ | ०.६२ |
| ९ | कुमाल | ७४७ | ०.५५ |
| १० | मगर | ५३० | ०.३९ |
| ११ | मधेशी | १८६ | ०.१४ |
| १२ | अन्य जातजाति (पहाडी) | १२५ | ०.०९ |
| १३ | थारु | १०७ | ०.०८ |
| १४ | वादी | ९३ | ०.०७ |
| १५ | नेवार | ३९ | ०.०३ |
| १६ | मुसलमान | २७ | ०.०२ |
| १७ | अन्य | ५७ | ०.०४ |
| **जम्मा** | | **१३६,९४८** | **१००.००** |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

वि.सं. २०६८ को जनगणना अनुसार जिल्लामा कुल जनसंख्याको २८.८३ प्रतिशत जनसंख्या सहित क्षेत्री जातिको बाहुल्यता रहेको छ भने दोस्रो र तेस्रो स्थानमा क्रमशः ठकुरी र कामी जातिको जनसंख्या रहेको छ जुन क्रमशः १५.०८ र १७.६६ रहेको छ । राष्ट्रियस्तरमा दोस्रो हिस्सामा रहेको ब्राम्हण जाति कालिकोटमा चौथो स्थानमा देखिन्छ, जसको हिस्सा १७.१ प्रतिशत रहेको छ । यस आधारमा कुल जनसंख्यामा क्षेत्री, ठकुरी तथा ब्राह्मण जातिको कुल जनसंख्यामा दुई तिहाई भन्दा

ज्यादा हिस्सा (७१.०२%) रहेको छ। तेस्रो स्थानमा कामी सहित अन्य दलित जातिहरू दमाई, सार्की र अन्य को कुल अनुपात एक चौथाई अर्थात २६ प्रतिशत रहेको छ। एक प्रतिशतभन्दा कम जनसंख्या रहेका जातजातिमा क्रमशः सन्यासी, कुमाल, मगर, मधेसी, थारु, वादी, नेवार तथा मुस्लिम रहेका छन्।

### २.२.७ भाषा अनुसारको जनसंख्या

भाषा संञ्चारको प्रमुख माध्यम भएको र भाषा संस्कृतिको एक अभिन्न अंग भएको हुँदा भाषा अनुसारको जनसंख्या महत्वपूर्ण सम्बन्धी विवरण छलफल गर्नु आवश्यक छ। यस जिल्लामा भाषा अनुसारको जनसांख्यिक संरचना निम्नअनुसार छ।

तालिका-१३: भाषाअनुसारको जनसांख्यिक संचरना, २०६८

| सि.नं. | मातृभाषा | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | १३६,२५२ | ९९.४९ |
| २ | मगर | ४१० | ०.३० |
| ३ | मैथिली | ८४ | ०.०६ |
| ४ | तामाङ | ४९ | ०.०४ |
| ५ | खाम | ४६ | ०.०३ |
| ६ | थारु | ३९ | ०.०३ |
| ७ | हिन्दी | २९ | ०.०२ |
| ८ | उर्दु | ३९ | ०.०३ |
| **जम्मा** | | **१३६,९४८** | **१००.००** |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८*

जिल्लाको जनसंख्याको लगभग सम्पूर्ण हिस्साले नेपाली भाषालाई मातृभाषाको रूपमा अंगीकार गरेको देखिन्छ। नेपाली मातृभाषीहरूको हिस्सा ९९.४९ प्रतिशत रहेको छ भने दोस्रो स्थानमा मगर भाषीको संख्या रहेको छ जुन ०.३ प्रतिशत छ। यसपछि कालिकोट जिल्लामा बोलिने भाषाभाषिमा मैथिली, तामाङ, थारु, हिन्दी, खाम आदि रहेका छन्। दुरा, कुमाललगायतका जातिले आफ्नो भाषा बोल्ने गरेको पाइँदैन। मगर, थारु लगायतका जातिको जनसंख्याभन्दा सम्बन्धित भाषीहरूको जनसंख्या कम रहेको देखिन्छ। यसर्थ स्थानीय भाषाभाषीको संरक्षणमा समेत विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ।

### २.२.८ पञ्जिकरण/व्यक्तिगत घटना दर्ता

जन्म तथा मृत्युको दर्ता परिवारको मुख्य व्यक्तिले, विवाह तथा सम्बन्ध बिच्छेद घटना पतिपत्नी दुवैले, र बसाइँसराईको घटना परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाईं सरी जाने व्यक्तिले घटना घटेको ३५ दिन भित्र सम्बन्धित गाउँ विकास समिति तथा नगरपालिकामा गई निःशुल्क पाइने फाराम भरी घटना दर्ता गर्ने व्यवस्था प्रचलित कानुनले गरेको भएता पनि जनचेतनाको अभावले गर्दा घटना दर्ता गर्ने प्रवृत्ति कालिकोट जिल्लामा पूर्ण रूपमा विकसित भैसकेको छैन। यस कार्यका लागि नेपाल सरकार लगायत विभिन्न स्वदेशी तथा विदेशी गैर सरकारी संघसंस्थाहरूले विविध कार्यक्रम संचालन गरेका पाइन्छ। अझ यसलाई व्यवस्थित तुल्याउन नेपाल सरकार, जिल्ला विकास समिति र नगरपालिकाबाट पनि प्रयास गरिरहेको पाइन्छ। यस जिल्लाको विगत वर्षको घटना दर्ता विवरण निम्नानुसार रहेको छ।

तालिका-१४: कालिकोट जिल्लाको विगत ५ वर्षको व्यक्तिगत घटना दर्ता विवरण

| आर्थिक वर्ष | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह संख्या | वसाई सराइ | | | सम्बन्ध विच्छेद | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | आएको | गएको | जम्मा | | |
| २०६६ | ६० | ५९ | ११९ | १७ | ५६ | ७३ | ३७ | १५ | ५२ | ६७ | ० | २९६ |
| २०६७ | २८९९ | २५७१ | ५४७० | ४३ | ९८ | १४१ | १२१ | ५१ | ९५ | १०७ | ० | ५८३९ |
| २०६८ | - | - | - | - | - | - | - | - | - | - | - | - |
| २०६९ | ३५५१ | ३७९९ | ७३५० | २२१ | ३०० | ५२१ | ५६५ | १५६ | ४३ | १९९ | ० | ८६३५ |

*श्रोतः पञ्जिकरण शाखा, जिल्ला विकास समिति, कालिकोट, २०७०*

## २.३ भू-उपयोग

### *२.३.१ जिल्लाको वर्तमान भू-उपयोग स्थिति*

कालिकोट जिल्लामा वनले ढाकेको क्षेत्रको वाहुल्यता देखिन्छ । जस अन्तर्गत ५३% देखिन्छ भने दोस्रोमा भिरपाखाको हिस्सा रहेको छ जुन २९% भन्दा ज्यादा रहेको छ । यस जिल्लामा कृषिभूमिको उपलब्धता कुल क्षेत्रफलको १०% भन्दा पनि न्यून देखिन्छ जुन राष्ट्रियस्तरमा कृषियोग्य भूमिको हिस्सा भन्दा पनि अति न्यून छ । यसको अर्थ कालिकोट जिल्लामा कृषि उत्पादनले समृद्धि र जीवन निर्वाह हासिल गर्न मुस्किल पर्ने देखिन्छ । हिऊँले ढाकेको उच्च लेकाली भूमिको हिस्सा ६ प्रतिशतको हाराहारीमा रहेको र झाडी तथा बुट्यानको क्षेत्र पनि उल्लेख्य रहेको देखिएकोले हिमाली क्षेत्रमा पशुपालको सम्भावना अधिक देखिन्छ ।

तालिका-१५: कालिकोट जिल्लाको भू-उपयोगको अवस्था

| सि.नं. | जमिनको किसिम | क्षेत्रफल | प्रतिशत |
|---|---|---|---|
| १ | बनजंगलले ढाकेको क्षेत्र | ८७१६५ | ५३.०१ |
| २ | झाडी बुट्यान क्षेत्र | ३८४६ | २.३४ |
| ३ | कृषि भूमि | १५५६० | ९.४६ |
| ४ | उपयोग विहीन क्षेत्र (Barren Land) | ४८२६४ | २९.३५ |
| ५ | हिऊँले ढाकेको क्षेत्र | ९५८८ | ५.८३ |
| जम्मा | | १६४४२३ | १००.०० |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

### *२.३.२ भिरालोपन (Slope)*

जमिनको भिरालोपनको प्रत्यक्ष सम्बन्ध सम्बन्धित क्षेत्रको माटोको बनोटमा पर्ने र माटोको बनोटले कृषि उत्पादनलाई प्रत्यक्ष प्रभावित गर्दछ । कालिकोट जिल्ला पूर्णतया पहाडी भू-भाग भएको हुनाले यहाँको समथर भू-भाग नदी किनारका बेंसी, टारहरूमा सिमित रहेको छ । यस जिल्लामा रहेको भिरालोपन अनुसार जमिनको वर्गीकरण निम्नानुसार गरिएको छ ।

तालिका-१६: जिल्लामा भिरालोपनको स्थिति

| भिरालोपन (डिग्री) | विवरण | क्षेत्रफल (वर्ग किमी) | प्रतिशत |
|---|---|---|---|
| ० °–२° | करिब समथल | ९.४९ | ०.५७ |
| २°–५° | सामान्य उतारचढाव भएको | २२.४५ | १.३६ |
| ५°–१०° | कम उतारचढाव भएको | ४७.४२ | २.८७ |
| १०°–२०° | बढी उतारचढाव भएको | १८४.९३ | ११.२० |
| २०°–३०° | मध्यम भिरालो | ४७०.२१ | २८.४७ |
| ३०°–४०° | पहाडी भिरालो | ६११.३२ | ३७.०२ |
| ४०° भन्दा बढी | धेरै भिरालो | ३०५.४९ | १८.५ |

*स्रोत: GIS Unit, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय*

पहाडी धरातलमा २० डिग्रीसम्मको भिरालोपन भएको जमिनको सतहमा भू-क्षय न्यून हुने र पहाडी ढालमा खेती गर्न पनि जमिन उपर्युक्त हुने भएकोले यसभन्दा बढी डिग्रीमा ढल्किएका जमिनको क्षेत्रलाई मानव क्रियाकलापको लागि प्रतिकुल मानिन्छ । यस जिल्लामा १० डिग्रीसम्म उतारचढाव भिरालो भएको जमिन लगभग ५ प्रतिशत मात्र छ । यसको अर्थ मानवीय क्रियाकलापका लागि उपयूक्त भूमिको उपलब्धता अति न्यून देखिन्छ ।

## *२.४ शहरीकरण तथा बस्ती विकासको स्वरूप*

जिल्लामा कुनै पनि नगरपालिका नभएको हुँदा हालसम्म व्यवस्थित शहरको विकास हुन सकेको छैन । यद्यपि केही बजारहरूमा शहरी सेवा सुविधाहरू उपलब्ध हुन थालेका छन् । खासगरी कर्णाली राजमार्गको कालिकोट खण्डमा सवारी साधन चल्न थालेकोले यस मार्गमा पर्ने गाविस र बस्तीहरूमा शहरी सेवा सुविधा उपलब्ध हुन थालेको छ र साना ठूला बजार केन्द्रहरूको विकास हुन थालेका छन् । जिल्ला सदरमुकाम रहेको गाविस मान्म, जुम्ला र मुगु सडकको जक्सन नाग्म बजार, तिला र कर्णाली नदीको दोभान रहेको भर्ता गाविसको हुल्म र जितेगडा बजार, कर्णाली किनारमा स्थापित पुरानो लालीघाट बजार आदि प्रमुख शहरी बस्तीहरू हुन् ।

### २.४.१ जनसंख्याको आकार अनुसार गाविसहरूको वर्गीकरण

जनसंख्याको आकारले शहरीकरणको प्रवृत्तिको संकेत गर्नुका साथै सेवा सुविधामा जनसंख्याको चाप अनुमान गर्न सहज पुऱ्याउँदछ । जनसंख्याको आकारको आधारमा कालिकोट जिल्लाका गाविसहरूलाई ठूलो, मध्यम र सानो गरी तीन वर्गमा विभाजित गरिएको छ, जुन निम्नप्रकार छ :

तालिका-१७: जनसंख्याको आकार अनुसार गाविसहरूको वर्गीकरण

| जनसंख्याको आकार | गाविस संख्या | गाउँ विकास समितिको नाम | वर्गीकरणको आधार (जनसंख्याको आकार) |
|---|---|---|---|
| ठूलो | १० | दाहाँ, धौलागोह, लालु, मान्म, भर्ता, नानीकोट, फुकोट, सिपखाना, स्यूना, सुकाटीया | ५००० भन्दा बढी |
| मध्यम | १४ | छाप्रे, चिल्खाया, गेला, खिन, कोटवाडा, कुमालगाउँ, मालकोट, मेहलमुडी, ओदानकु, पाखा, रकु, राम्नाकोट, रूप्सा, थिर्पु | ३५०० - ५,००० |
| सानो | ६ | बदालकोट, जुविथा, कालिका, मुम्रा, फोइमहादेव, राँचुली | ३५०० भन्दा बढी |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८, केन्द्रीय तथ्याङ्क विभाग*

जनसंख्याको आकारका आधारमा ५००० भन्दा वढी जनसंख्या रहेका गाविसहरू १० वटा रहेका छन् भने ३५०० देखि ५००० सम्म जनसंख्या रहेका मध्यमस्तरका १४ वटा गाविसहरू छन् । सानो अर्थात ३५०० भन्दा कम जनसंख्या भएका गाविसहरू ६ वटा छन् जहाँको समग्र बस्ती क्षेत्रफलको तुलनामा पातलो रहेको छ ।

### २.४.२ जनघनत्व अनुसार गाविसहरूको वर्गीकरण

शहरीकरणको अर्को महत्वपूर्ण सूचकको रूपमा जनघनत्वलाई लिन सकिन्छ । जिल्लाका गाविसहरूको क्षेत्रफलअनुसार जनसंख्याको उपस्थितिले जनघनत्व निर्धारण गरिन्छ । यसक्रममा प्रति वर्ग किमी भित्र बसोवास गर्ने जनसंख्याले त्यहाँको आवादीको सघनतालाई जनाउँदछ । जसले शहरीकरणलाई इङ्गित गरिरहेको हुन्छ । घना शहरी बस्तीहरूमा जनघनत्व पनि धेरै हुन्छ भने पातलो ग्रामीण बस्तीहरूमा जनघनत्व पनि न्यून हुन्छ । कालिकोट जिल्लाको समग्र क्षेत्रफलमा जनघनत्व ७९ रहेको छ तर यहाँका गाविसहरूमा जनघनत्वलाई ३ वटा समूहमा विभाजन गरी घना आवादी, मध्यम आवादी र न्यून आवादीको रूपमा परिभाषित गरिएको छ ।

तालिका - १८: जनघनत्व अनुसार गाविसहरूको वर्गीकरण

| **जनघनत्वको वर्गीकरण** | **गाविस संख्या** | **गाउँ विकास समितिको नाम** | **वर्गीकरणको आधार (घनत्वको सघनता)** |
|---|---|---|---|
| घना आवादी | ६ | कुमालगाउँ, लालु, मान्म, सिपखाना, स्यूना, कोटवाडा | २०० भन्दा बढी |
| मध्यम आवादी | ११ | छाप्रे, दाहाँ, मालकोट, भर्ता, मेहलमुडी, कालिका, नानीकोट, पाखा, फुकोट, रकु, सुकाटीया | १०० – २०० |
| न्यून आवादी | १३ | बदालकोट, चिल्खाया, धौलागोह, गेला, जुविथा, खिन, मुम्रा, ओदानकु, फोइमहादेव, राम्नाकोट, राँचुली, रूप्सा, थिर्पु | १०० भन्दा बढी |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८, के.त.वि.*

माथिको तालिका अनुसार घना आवादी भएका गाविसहरू ६ वटा छन् भने मध्यमस्तरको आवादी भएका ११ वटा न्यून आवादी भएका १३ वटा गाविस रहेका छन् । घना आवादीयुक्त गाविसहरूमा सदरमुकाम रहेको मान्म गाविस सहित रास्कोट क्षेत्रका २ वटा र दक्षिण तर्फका ३ वटा रहेका छन् ।

### २.४.३ बजार केन्द्रहरू

बजारीकरण/शहरीकरण तथा सम्बन्धित स्थानमा वाह्य आगन्तुकहरूका लागि बासस्थानको सुविधा (होटेलहरूको संख्या) बीचमा सामान्यतया सकारात्मक सहसम्बन्ध रहेको हुन्छ । यस आधारमा विभिन्न स्थानमा रहेका होटेल तथा लज संख्याका आधारमा त्यस क्षेत्रमा बजारीकरणको स्थिति आँकलन गर्न सकिन्छ । कालिकोटमा पर्यटन विकासको सम्भावना खासै नभए पनि सरकारी तथा गैरसरकारी काम र व्यापार व्यवसायका लागि जिल्लामा आउने आगन्तुकहरूका लागि सदरमुकाम मान्ममा

१० देखि १५ वटा आवासीय होटेल तथा ५० देखि १५० वटासम्म बासका लागि वेड उपलब्ध रहेको देखिन्छ । होटेलका साथै ग्रामीण क्षेत्रमा भन्दा बजारक्षेत्रमा उद्योग वाणिज्यसम्बन्धी फर्महरूको संख्या पनि बढी रहेको तथ्य उद्योग वाषिज्य संघको तथ्याङ्कमा पाइन्छ । कालिकोट उद्योग वाणिज्य संघमा (२०७० माघ) दर्ता भएका जिल्लाभरिका कुल १०९६ फर्ममध्ये ३७७ वटा खाद्यान, खुद्रा र फेन्सी व्यापार दर्ता भएको देखिन्छ ।

जिल्लाको सन्तुलित विकासका लागि विद्यमान सामाजिक आर्थिक विकासको स्थिति, जनसंख्या वितरण तथा बस्ती विकासको प्रवृत्तिलाई समेत ध्यान दिनु आवश्यक हुन्छ । यससन्दर्भमा जिल्ला उद्योग वाणिज्य संघमा सदस्यताको लागि र स्थायी लेखा नम्बरका लागि आवेदन प्राप्त गरेका व्यवसायीहरूको ठेगानाका आधारमा सदरमुकाम मान्म बाहेक जिल्लामा अन्य १० वटा प्रमुख व्यापारिक केन्द्रहरूको उपस्थिति रहेको छ, जुन निम्नप्रकार छन्:

तालिका - १९: कालिकोट जिल्लामा अवस्थित व्यापापरिक केन्द्रहरूको विवरण

| क्र.स. | व्यापापरिक केन्द्रको नाम | बजार रहेको गाविस |
|---|---|---|
| १ | जिते बजार | भर्ता |
| २ | लालिघाट बजार | कोटवाडा |
| ३ | हुल्म बजार | भर्ता |
| ४ | मोल्फा बजार | दाहाँ |
| ५ | नाग्म बजार | फोइमहादेव |
| ६ | सान्निघाट बजार | मेहलमुडी, स्यूना |
| ७ | आर.सि.पी. बजार | स्यूना |
| ८ | पिली बजार | दाहाँ |
| ९ | जारकोट बजार | राम्नाकोट, नानीकोट |
| १० | पादमघाट बजार | ओदानकु, चिल्खाया |

*स्रोत: कालिकोट उद्योग वाणिज्य संघ, २०७०*

जिल्लामा हालसम्म कुनै पनि नगरपालिका छैन । यद्यपि जिल्ला सदरमुकाम रहेको मान्म खाडाचक्र बजार मा शहरीकरणका कारणले उत्पन्न हुने नकारात्मक असरहरू देखिन थालेका छन् । यस बजारमा ढलनिकास, फोहरमैला व्यवस्थापन, सडक क्षेत्रको उपयोग, भिडभाड र ध्वनि प्रदुषण जस्ता वातावरणीय मुद्धाहरू उठ्न थालेको पाइन्छ । अव्यवस्थित बस्ती विकासले राजधानी काठमाडौंलगायत देशका धेरै शहरहरूमा ढल, बिजुली, पानी, सडकपहुँच, ट्राफिक, मनोरञ्जन स्थलहरूको व्यवस्थापनमा कठिनाइ हुन गई अस्तव्यस्त भएको धेरैलाई अनुभव भइरहेको अवस्थामा जिल्लामा बजारीकरण तिब्र भएका गाविस तथा बजार केन्द्रहरूमा हालसम्म कुनै बस्ती विकास योजना तर्जुमा भएको देखिँदैन ।

### *२.४.४ जिल्लामा आवासको स्थिति*

घर निर्माण तथा छाना निर्माणमा प्रयोग भएका सामग्रीहरूले आवास तथा शहरी विकासको सूचकलाई प्रतिविम्बित गर्ने गर्दछ । तसर्थ घरको प्रकार र घरको छानामा प्रयोग भएका सामग्री अनुसार आवासको अवस्थालाई वर्गीकरण गरी निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका - २०: घरपरिवारले प्रयोग गर्ने आवासको प्रकार

| घरको जगको प्रकार | संख्या | प्रतिशत | घरको बाहिरी पर्खाल | संख्या | प्रतिशत | घरको छानाको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ढुङ्गा, माटो, इट्टा | २२७३८ | ९८.८३ | ढुङ्गा, माटो, इट्टा | २२३५४ | ९७.१६ | खर, पराल | ७१६७ | ३१.१५ |
| ढुङ्गा इटा, सिमेन्ट | ५४ | ०.२३ | ढुङ्गा इट्टा, सिमेन्ट | २७० | १.१७ | जस्ता पाता | १४०२ | ६.०९ |
| रड, सिमेन्ट, गिट्टी | २ | ०.०१ | काठको फलेक | ७१ | ०.३१ | टायल, स्लेट | ८८५२ | ३८.४७ |
| काठको पिलर | ३० | ०.१३ | बाँसको भाटा | ७ | ०.०३ | RCC ढलान | ३८ | ०.१७ |
| अन्य | १८४ | ०.८० | काँचो ईंटा | ० | ०.०० | काठको फलेक | १५४७ | ६.७२ |
| जम्मा | २३००८ | | अन्य | ३०६ | १.३३ | माटो | ३६७० | १५.९५ |
| | | | जम्मा | २३००८ | | अन्य | ३३२ | १.४४ |
| | | | | | | जम्मा | २३००८ | |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

## २.५ आर्थिक स्थिति

जिल्लाको समग्र आर्थिक स्थिति सम्बन्धमा विशिष्ट अध्ययन अनुसन्धान हुन सकेको देखिँदैन । जिल्लाको समग्र आर्थिकस्थिति थाहा पाउनको लागि कम्तीमा अर्थतन्त्रका विविध क्षेत्रमा जिल्लाको समग्र उत्पादन, रोजगारी, आय, लगानी, व्यापार (निकासी, पैठारी) तथा निश्चित समयमा तिनीहरूको मौद्रिक मूल्य सम्बन्धी सूचनाहरूको आवश्यकता पर्न जान्छ । यस किसिमको सूचना तथा तथ्याङ्क सङ्कलन गर्न छुट्टै र विशेष प्रयासको आवश्यकता पर्दछ ।

जिल्लाको आर्थिक स्थितिको आँकलन गर्न वार्षिक रूपमा जिल्लामा भित्रिने स्रोतहरूको विविधता र आकारले महत्वपूर्ण योगदान गर्दछ । यस कोणबाट कालिकोट जिल्लाको आर्थिक स्थितिको आँकलन गर्दा यहाँ रहेका विषयगत सरकारी कार्यालयहरू, स्थानीय निकाय लगायत अन्य कार्यालयहरूलाई सरकारले वार्षिक रूपमा निकासा दिने रकम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले जिल्लामा भित्र्याउने रकम, स्थानीय निकायहरूले सङ्कलन गर्ने राजश्व, जिल्ला तथा देशबाहिर काम गर्ने कामदारहरूले पठाउने रकम (Remittance), बैंक तथा वित्तीय संस्थाहरूले गर्ने ऋण तथा अनुदान लगानी, ठूला उद्योगी व्यवसायीहरूले जिल्लामा ल्याउने लगानी र आन्तरिक वा बाह्य पर्यटकबाट हुने आम्दानी तथा विभिन्न वस्तुको निकासीबाट प्राप्त हुने आम्दानी जिल्लाको आर्थिक क्रियाकलापका मुख्य सूचकहरू हुन् । यस आधारमा आ.व. २०७०/७१ मा जिल्लाको आय प्रवृत्ति निम्नानुसार रहेको छ ।

तालिका- २१: जिल्लाको कुल आम्दानी

| सि.नं. | जिल्लामा भित्रिएको रकम (आ.व. २०७०/७१) | रकम (रु. हजारमा) |
|---|---|---|
| क) | जिल्लामा प्राप्त विकास तथा सञ्चालन बजेट (आ.व. २०७०/७१) | |
| १. | सरकारी कार्यालयहरूलाई केन्द्रबाट प्राप्त कुल रकम | १७२५६१३.२ |
| २. | गैससहरूले जिल्लामा भित्र्याएको कुल रकम (आ.व. २०७०/७१) | ५५९२२२.५ |
| ३. | राजश्व बाँडफाँडबाट जिविसलाई प्राप्त आम्दानी | |
| ४. | आन्तरिक वा वाहृय पर्यटकबाट भएको आम्दानी | ० |
| ख) | जिल्लाभित्र उठेको राजश्व (आ.व. २०७०/७१) | |
| ५. | कोष तथा लेखा नियन्त्रण कार्यालयबाट सङ्कलित राजश्व | ३५६६७.६ |
| ६. | जिल्ला विकास समितिको आन्तरिक स्रोत (मालपोत राजश्व समेत) | १२०० |
| ७. | गाविसहरूबाट सङ्कलित राजश्व | ३०० |
| ८. | साना तथा घरेलु उद्योगबाट सङ्कलित राजश्व | ५०८.९ |
| ९. | वन क्षेत्रको राजश्व | ५२८.१ |
| ग) | वस्तुको निकासीबाट प्राप्त अनुमानित आम्दानी (आ.व. २०७०/७१) | १००००० |
| घ) | बैदेशिक रोजगारीबाट प्राप्त जिल्लामा भित्रिएको विप्रेषण (अनुमानित) | ९०००० |
| ङ) | गाविसहरूको कुल बजेटमा आन्तरिक आयको हिस्सा (%) | ०.४१ |
| च) | जिविसको कुल बजेटमा आन्तरिक आयको हिस्सा (%) | ०.२३ |

*स्रोत : जिल्ला स्थित विभिन्न कार्यालयहरुको अभिलेख*

### २.५.१ जिल्ला अर्थतन्त्रको संरचनात्मक स्वरूप

कालिकोट जिल्लाको अर्थतन्त्र कृषि, पशुपालन, वैदेशिक रोजगारी, वन, जडिबुटी तथा स्थानीय उद्यममा आधारित छ । जिल्लाको अर्थतन्त्रलाई समृद्ध बनाउन जिल्लामा स्रोत साधनको सम्भाव्यता विद्यमान रहेको छ । तर उपलब्ध स्रोतलाई तिब्रताका साथ अधिकतम परिचालन गर्नुपर्ने खाँचो रहेको छ । जिल्ला अर्थतन्त्रका उपरोक्त क्षेत्रको योगदान निम्नानुसार रहेको छ ।

तालिका-२२: जिल्लाको अर्थतन्त्रमा विषयगत योगदानको हिस्सा

| आय शिर्षक | आम्दानी (रु.) | प्रतिशत |
|---|---|---|
| कृषि | २२७०५६१६१ | ४४.२५ |
| नोकरी | ५५७६०८०८ | १०.८७ |
| व्यापार | १६९८०३२१ | ३.३१ |
| ज्यालादारी | १५३८५०९५६ | २९.९८ |
| अन्य | ५९४८३८६३ | ११.५९ |
| जम्मा | ५१३१३२१०९ | १००.०० |

*स्रोत: जिविस कालिकोट, गरिवी निवारण कोष, २०६६*

### २.५.२ जिल्लाका परिवारहरूको आर्थिक उत्पादनमा पेशागत संलग्नता

आर्थिक संरचनाको विवरण अध्ययनका लागि जिल्लाका कुल परिवारहरूको मुख्य पेशागत संलग्नता के कस्तो रहेको छ सो सूचना विश्लेषण गर्नु आवश्यक छ । यसका लागि कुल परिवारहरू मध्ये खेतीपाती, उद्योग, निर्माण/व्यापार तथा होटेल व्यवसायमा संलग्नताको अवस्था अनुसार जिल्लाको अर्थतन्त्रको समष्टिगत संरचना वारे थाहा पाउन सकिन्छ ।

तालिका- २३: जिल्लाको आर्थिक उत्पादनमा विषयगत योगदान

| क्र.स. | पेशागत संलग्नता | संलग्न परिवार | प्रतिशत |
|---|---|---|---|
| १ | जम्मा परिवार | २१५२८ | |
| २ | खेतीपाती | २०४१३ | ९४.८२ |
| ३ | खनिज उत्खनन | ३५ | ०.१६ |
| ४ | औद्योगिक उत्पादन | ८७ | ०.४० |
| ५ | निर्माण | ३५ | ०.१६ |
| ६ | थोक तथा खुद्रा व्यापार | ५४० | २.५१ |
| ७ | होटेल तथा रेष्टुराँ | ७० | ०.३३ |
| ८ | पेशागत सेवा | १७ | ०.०८ |
| ९ | शिक्षा | २४४ | १.१३ |
| १० | स्वास्थ्य सेवा | ३५ | ०.१६ |
| ११ | सामुदायिक तथा समाज सेवा | ५२ | ०.२४ |

*स्रोतः नेपाल कृषि जनगणना, २०६९, केन्द्रीय तथ्याङ्क विभाग*

यसप्रकार कालिकोट जिल्लाका कुल परिवारहरूको आर्थिक संलग्नता अनुसार खेतीपातीमा सबैभन्दा धेरै ९५ प्रतिशत परिवार लागेका देखिन्छन् भने व्यापारमा ३ प्रतिशतको हाराहारीमा छन् । त्यसैगरी शिक्षण पेशामा संगल्नता १ प्रतिशत रहेका छन् भने बाँकी अन्य क्षेत्रहरूमा १ प्रतिशतभन्दा न्यून परिवारहरूको संलग्नता देखिन्छ ।

### २.५.३ घरपरिवारको आयस्तर तथा गरिवी

नेपाल जीवनस्तर मापन सर्वेक्षण २०६०/६१ ले ८ वर्षको अवधिमा निरपेक्ष गरिबी ४२ प्रतिशतबाट ११ प्रतिशत बिन्दुले घटी ३१ प्रतिशतमा झरेको अनुमान गरेको थियो । यसरी गरिबी घट्नुमा कृषि तथा गैर कृषि क्षेत्रको ज्यालादरमा भएको वृद्धि, बढ्दो शहरीकरण, जनसंख्यामा सक्रिय जनशक्तिको हिस्सामा भएको वृद्धि र ठूलो परिमाणमा भित्रिन सकेको विप्रेषण प्रमुख कारकहरू रहेको अनुमान गरिएको थियो । नेपालमा विदेशबाट प्राप्त हुने विप्रेषण सन् १९९५-१९९६ देखि सन् २००३-२००४ को अवधिमा प्रतिवर्ष वार्षिक २० प्रतिशतका दरले वृद्धि भई सन् १९९५-१९९६ मा कुल गार्हस्थ उत्पादनमा ३ प्रतिशत योगदान गर्ने वैदेशिक विप्रेषणले सन् २००३-२००४ मा आइपुग्दा १२ प्रतिशत योगदान गरेको थियो ।

घरपरिवारको आयस्तर तथा गरिबीका हिसाबले कालिकोट जिल्ला कमजोर स्थितिमा रहेको देखिन्छ । घरपरिवारको आयस्तर तथा गरिबीसँग सम्बन्धित केही प्रमुख सूचकहरूमा नेपालका ७५ जिल्लाको तुलनामा कालिकोटको स्थिति निम्नअनुसार छ ।

तालिका- २४: कालिकोट जिल्लाको आर्थिक स्थिति सम्बन्धी तुलनात्मक विवरण

| सूचक | कालिकोट | जिल्लाको स्थान | पहिलो जिल्ला | अन्तिम जिल्ला |
|---|---|---|---|---|
| गरिबी सूचक | ४५.२ | ७० | १६.५० (कास्की) | ४९.२६ (हुम्ला) |
| मानव विकास सूचकांक | ०.४३२ | ७३ | ०.६६६ (काठमाडौं) | ०.४२५ (बाजुरा) |
| श्रम उत्पादकत्व सूचक (राष्ट्रिय औसतको तुलनामा | ५० | | २७० (काठमाडौं) | ४० (बझाङ) |
| टेलिभिजन भएका घरधुरी प्रतिशत | २.५४ | | ७४.७६ (काठमाडौं) | १.६० (जाजरकोट) |
| कम्प्युटर भएका घरधुरी प्रतिशत | ०.३० | | ३५.४८(काठमाडौं) | ०.२०(जाजरकोट) |
| टेलिफोन भएका घरधुरी प्रतिशत | ०.६१ | ७५ | ३०.३८ (ललितपुर) | ०.६१ (कालिकोट) |
| मोबाइल भएका घरधुरी प्रतिशत | २९.६ | | ९१.०० (काठमाडौं) | २२ (जाजरकोट) |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८, केन्द्रीय तथ्याङ्क विभाग, यूएनडिपी, मानव विकास प्रतिवेदन, २०१४*

केन्द्रीय तथ्याङ्क विभागले नेपालमा गरिबीको लघुक्षेत्र अनुमान, २०६८ अन्तर्गत कालिकोट जिल्लालाई न्यून समृद्धिस्तर भएका जिल्लाहरूको सूचीमा राखेको छ । सोही अध्ययन अनुसार वि.सं. २०५८ मा जिल्लामा गरिबीको दर ५६.८ प्रतिशत रहेकोमा यस दश वर्षको अवधिमा गरिबीको दरमा १.२ अंकले वृद्ध भई ५८ प्रतिशत पुगेको देखिन्छ । तथापि मोबाइल, खानेपानी तथा सौचालय सुविधाका दृष्टिकोणले जिल्लाले उल्लेख्य प्रगति हासिल गरेको देखिन्छ । कालिकोट जिल्लामा वैदेशिक रोजगारीमा जानेको संख्या ठूलो नभए तापनि मौसमी रोजगारीका लागि भारत जानेको संख्या ठूलो रहने गरेको छ । प्राकृतिक सम्भावनाहरू पर्याप्त भए तापनि सामाजिक आर्थिक विकासका प्रयासहरू प्रभावकारी हुन नसकेका कारणहरूले जिल्लामा गरिबीको स्तर अपेक्षित रूपले घटाउन सकिएको छैन ।

केन्द्रीय तथ्याङ्क विभागको नेपालमा गरिबीको लघुक्षेत्र अनुमान २०५८ अनुसार कालिकोट जिल्लामा गरिबीको दर ५६.८. प्रतिशत रहेकोमा वि.सं. २०६८ मा ५८ प्रतिशत रहेको देखिन्छ । यस अनुसार जिल्लामा गरिबीको दर बढी भएको गाविसहरू छाप्रे, ओदानकु र चिल्खाया रहेका देखिन्छन्, जहाँ ६२.६ प्रतिशत गरिबी रहेको देखिन्छ । जिल्लाका ९ वटा इलाकाहरूको गरिबीको दर, गरिबीको विषमता र गरिबीको गहनताको प्रतिशत निम्नअनुसार छ ।

तालिका- २५: कालिकोट जिल्लाका इलाकाहरूमा गरिवीको दर र गरीवहरूको संख्या

| इलाका नं. | गरिवीको दर (प्रतिशत) | गरिवीको विषमता (प्रतिशत) | गरिवीको गहनता (प्रतिशत) | गरिवहरूको संख्या |
|---|---|---|---|---|
| १ | ५७.४२ | १७.३ | ६.९८ | १०५७२ |
| २ | ५७.१५ | १६.२१ | ६.२६ | ७६३८ |
| ३ | ६३.२१ | १९.४४ | ७.९४ | १०२८६ |
| ४ | ५८.४४ | १६.८८ | ६.६ | ७४७९ |
| ५ | ४७.०८ | १२.१३ | ४.३९ | १००५९ |
| ६ | ६२.७४ | १९.१८ | ७.८ | ११७७९ |
| ७ | ६३.२९ | १८.९३ | ७.५६ | ७६०७ |
| ८ | ५३.४४ | १४.७७ | ५.६२ | ४३३९ |
| ९ | ६१.८१ | १८.०५ | ७.०९ | ९४५० |
| कुल गरिव जनसंख्या | | | | ७९२०९ |

*स्रोत: नेपालमा गरिवीको लघुक्षेत्र अनुमान, २०६८*

जिल्लाका ९ इलाकाहरूमध्ये सबैभन्दा धेरै गरिवीको दर इलाका नं. ७ मा देखिएको छ । यस इलाकाको कुल जनसंख्यामा ६३.२९ प्रतिशत जनसंख्या गरिव रहेको देखिएको छ । यसपछि बढी गरिवीको दर रहेका इलाकाहरूमा इलाका नं. ३, ६, ९ रहेका छन्, यी इलाकाहरूमा क्रमश: ६३.२१, ६२.७४, र ६१.८१ प्रतिशत जनसंख्या गरिवीको रेखामुनि रहेको देखिन्छ । यसरी जिल्लाका तीनवटा इलाकाहरूमा सम्बन्धित इलाकाको ६० प्रतिशतभन्दा बढी जनसंख्या गरिवीको रेखामुनि रहेको देखिन्छ । देशमा गरिवीको दर बढी रहेको जनसंख्याको तुलनामा कालिकोट जिल्लामा गरिबीको दर बढी रहेका इलाकाहरूमा १० प्रतिशतले कम रहेको देखिन्छ ।

सबैभन्दा कम गरिवी रहेका इलाकाहरूमा इलाका-५ र ८ रहेका देखिन्छन् । यी इलाकाहरूमा क्रमश: ४७.०८ र ५३.४४ प्रतिशत जनसंख्या गरिवीको रेखामुनि रहेको देखिन्छ ।

### *२.५.४ कृषि तथा सिंचाई क्षेत्रको विकास*

जिल्लाको कुल क्षेत्रफलको १० प्रतिशत भू-भाग मात्र कृषियोग्य भूमि रहेको कालिकोट जिल्लामा कृषिको सम्भावना अन्य मध्यपहाडी जिल्लामा जस्तो सहज छैन । तथापि बजारमुखी कृषि उत्पादन र स्थानीय खाद्यान्न आवश्यकतालाई सम्बोधन हुन सक्ने परम्परागत कृषिको निरन्तरता भने कायम रहेको देखिन्छ । जिल्लाको पश्चिमी रास्कोट क्षेत्र र पूर्वी चिल्खाया क्षेत्रमा जमिनको बनावट केही समथर र कम भिरालो रहेको तथा सिंचाई सुविधा पुग्न सक्ने भएकोले खाद्यान्न बालीको राम्रो सम्भावना छ । जिल्लामा खाद्यान्न, दलहन, मसला, तेलहन, फलफूलका अतिरिक्त च्याउ, मह, उखु, पिडालु, तरुल, सखरखण्ड, कफी, चियालगायतका बालीहरूसमेत व्यवसायिक रूपमा उत्पादन गर्न सकिने सम्भावना रहेको छ । कृषि क्षेत्रमा सम्भावना र अवसर सँगसँगै समस्या र चुनौतिहरू समेत रहेका छन् । खाद्यान्न तथा विऊविजनमा भएको निरन्तरको मूल्यवृद्धि, कृषि भूमिको क्षयीकरण, आर्थिकरूपले सक्रिय जनशक्ति दिनानुदिन जिल्लाबाट बाहिरिने क्रम बढ्दै जानु, कृषि क्षेत्रमा श्रमशक्तिको अभाव बढ्दै जानु, जलवायुको असामयिक घटनाक्रम जस्ता केही प्रमुख समस्या तथा चुनौतिका रूपमा रहेका छन् ।

कृषि भूमिको आवश्यक चिस्यानको मात्रा सुनिश्चित गर्नका लागि सिंचाइको भूमिका महत्वपूर्ण रहेको हुन्छ। मौसमी खेतीमा आधारित कृषि प्रणाली भएको पहाडी क्षेत्रमा त झन् सिंचाइ समग्र कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व निर्धारण गर्नमा अझ बढी महत्वपूर्ण रहन जान्छ।

तालिका- २६: कालिकोट जिल्लामा सिंचाइ सुविधाको आधारभूत स्थिति

| **विवरण** | **इकाई** | **२०६९/७० को स्थिति** | **प्रतिशत** |
|---|---|---|---|
| जिल्लाको कुल क्षेत्रफल | हेक्टर | १७४०९४.८७ | |
| कृषियोग्य जमिन | हेक्टर | १७९८४ | १०.३३ |
| कुल खेती गरिएको क्षेत्रफल | हेक्टर | १६३५० | ९०.९ |
| कुल सिंचाईयोग्य जमिन | हेक्टर | १३१२६ | ७२.९८ |
| कुल सिंचाई सुविधा प्राप्त जमिन | हेक्टर | ५१५३।६५ | ३९.२६ |
| वर्षभरी सिंचाइ हुने जमिन | हेक्टर | २४०८।६५ | ४६.७४ |
| मौसमी सिंचाई सुविधा उपलब्ध क्षेत्र | हेक्टर | २८४५ | ५५.२१ |
| जलउपभोक्ता समिति | संख्या | | |

*स्रोत : सिंचाइ विभाग, २०७०, जिल्ला विकास योजना, २०७०*

कालिकोट जिल्लाको कुल कृषियोग्य क्षेत्रमध्ये सिंचाइयोग्य जमिन १३१२६ हेक्टर रहेको छ, अर्थात् कुल कृषियोग्य भूमिको ७२ प्रतिशत भूमि सिंचाइ योग्य रहेको देखिन्छ। सिंचित भूमिको आकार हेर्दा कुल सिंचाइ योग्य जमिनको ३९.२६ प्रतिशत भूमिमा मात्र सिंचाई सुविधा उपलब्ध हुन सकेको देखिन्छ। उक्त भूमि मध्ये ४६.७४ प्रतिशत बाह्रै महिना र करिब ५५.२१ प्रतिशत भूमिमा मौसमी रूपमा सिंचाइ सुविधा पुगेको देखिन्छ। यस आधारमा हेर्दा कुल कृषियोग्य भूमिको ठूलो हिस्सामा अहिले पनि सिंचाइ सुविधा बिस्तार गर्नुपर्ने चुनौति रहेको र सोही बमोजिम सिंचाई योजनाहरू तर्जुमा र कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

### *२.५.४.१ प्रमुख कृषि बालीको उत्पादन र उत्पादकत्व*

कृषिमा आधारित अर्थतन्त्रमा कृषिबालीको उत्पादन र उत्पादकत्व सम्बन्धित क्षेत्रको अर्थतन्त्रसँग प्रत्यक्ष सम्बन्ध र सरोकार राख्दछ। कालिकोट जिल्लाको अर्थतन्त्रको महत्वपूर्ण हिस्सा कृषि क्षेत्रले ओगटेको छ। जिल्लाको प्रमुख खाद्यान्न बालीका रूपमा धान, मकै र कोदो रहेका छन्। यस बाहेक गहुँ, जौ, ऊवा र फापर अन्य खाद्यान्न बालीका रूपमा रहेका छन्। यस जिल्लाका यी प्रमुख कृषि बालीको उत्पादन र उत्पादकत्वको स्थिति निम्नअनुसार छ।

तालिका- २७: कालिकोट जिल्लामा प्रमुख कृषि बालीको उत्पादन र उत्पादकत्व

| **क्र. सं.** | **बालीको नाम** | **आ.व. ०६७/६८** | | | **आ.व. ०६८/६९** | | | **आ.व. ०६९/७०** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **खेती गरिएको क्षेत्र (हे.)** | **उत्पादन (मे.टन)** | **उत्पादकत्व ( मे.टन/हे)** | **खेती गरिएको क्षेत्र (हे.)** | **उत्पादन (मे.टन)** | **उत्पादकत्व ( मे.टन/हे)** | **खेती गरिएको क्षेत्र (हे.)** | **उत्पादन (मे.टन)** | **उत्पादकत्व (मे.टन/हे)** |
| vfB afnL | wfg jfnL | २४६५ | ५३८६ | २.१८५ | २४६२ | ५७४८ | २.३३५ | २४६६ | ५७५७ | २.३३५ |
| | ds} | २५२० | ५१०० | २.०२४ | २५२० | ५२१५ | २.०६९ | २५२५ | ५३०३ | २.१ |
| | ux' | ५४५४ | ९१२२ | १.६७३ | ५४५९ | ९५६१ | १.७५१ | ५४५० | ९५९२ | १.७६ |
| | sf]bf] | १२२९ | १२४९ | १.०२ | १२३२ | १२८१ | १.०४ | १२३२ | १२८३ | १.०४ |
| | hf} | १०२८ | ७४९ | ०.७२९ | १०२८ | ७४९ | ०.७२९ | १०२८ | ७५० | ०.७३ |
| | kmfk/ | १०२ | १४१ | १.३८ | १०५ | १४६ | १.३९ | १०५ | १४८.१ | १.४१ |
| | pjf | १५३ | २५५ | १.६६७ | १५३ | २५५ | १.६६७ | १४० | २३४.१ | १.६७२ |
| | lrgf]sfuf] | ९९ | १४९ | १.५०५ | ९९ | १४९ | १.५०५ | १०१ | १५६.६ | १.५५ |
| hDdf | | १३०५० | २२१५१ | १.७० | १३०५८ | २३१०४ | १.७७ | १३०४७ | २३२२४ | १.७८ |
| bnxg afnL | d;'/f] | ४६ | २२.०० | ०.५ | ४७.० | २४.०० | ०.५१ | ४५.० | २२.९८ | ०.५१ |
| | df; | ३२ | २९.५० | ०.९ | ३२.० | २९.५० | ०.९२ | ३२.० | २९.५० | ०.९२ |
| | e6df; | ५३ | ४१.०० | ०.८ | ५३.० | ४१.५० | ०.७८ | ५५.० | ४३.४५ | ०.७९ |
| | af]JL | ४७ | ४५.०० | १.० | ४८.० | ४६.५० | ०.९७ | ४८.० | ४८.०० | १.०० |
| | l;dL | १४७ | ३६२.०० | २.५ | १४८.५ | ३६५.५० | २.४६ | १४९.० | ३६८.०३ | २.४७ |
| | uxt | ४४ | १३४.०० | ३.० | ४४.० | १३४.०० | ३.०५ | ४४.० | १३४.०० | ३.०५ |
| hDdf | | ३६९ | ६३३.५ | १.७२ | ३७२.५ | ६४१ | १.७२ | ३७३ | ६४६ | १.७३ |

| क्र. सं. | बालीको नाम | आ.व. ०६७/६८ | | | आ.व. ०६८/६९ | | | आ.व. ०६९/७० | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खेती गरिएको क्षेत्र (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व ( मे.टन/हे) | खेती गरिएको क्षेत्र (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व ( मे.टन/हे) | खेती गरिएको क्षेत्र (हे.) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन/हे) |
| t]xg afnL | tf]L | ८३ | २४.८० | ०.३० | ८४ | २४.९५ | ०.३० | ८४ | २४.९५ | ०.३० |
| | ltn | १५ | ६.९० | ०.४६ | १५ | ६.९५ | ०.४६ | १५ | ६.९५ | ०.४६ |
| | abfd | २४ | २६.५० | १.१० | २४ | २६.५० | १.१० | २४ | २६.५० | १.१० |
| | ltns'f] | ५२ | १७.४० | ०.३३ | ५२ | १७.४० | ०.३३ | ५२ | १७.४० | ०.३३ |
| | /fof] | ४ | २.२८ | ०.५७ | ५ | ३.२८ | ०.६६ | ५ | ३.२८ | ०.६६ |
| | ;/:o" | ४ | २.२२ | ०.५६ | ५ | २.५२ | ०.५० | ५ | २.५२ | ०.५० |
| | hDdf | १८२ | ८०.१ | ०.४४ | १८५ | ८१.६ | ०.४४ | १८५ | ८१.६ | ०.४४ |
| kmnkmn afnL | ;Gtnf | ४६ | २८१.५ | ६.१२ | ५७ | ३४९.० | ६.१२ | ५८ | ३५५.५ | ६.१३ |
| | hgf/ | १० | ७१.३ | ७.१३ | १३ | ९१.० | ७.०७ | १३.५ | ९५.४५ | ७.०७ |
| | sfutL | १४ | ५६.४२ | ४.०३ | १६.३५ | ६६.० | ४.०३ | १७ | ६८.८५ | ४.०५ |
| | cfk | १५ | ७५ | ५ | १५ | ७५ | ५ | १५ | ७५ | ५ |
| | s]f | १२ | ९६ | ८ | १२ | ९६ | ८ | १२ | ९६ | ८ |
| | cDaf | १७ | १४४.५ | ८.५ | १७ | १४४.५ | ८.५ | १७ | १४४.५ | ८.५ |
| | :ofp | ७५६ | ७५६० | १० | ६४९ | ४६४७ | ७.१६ | ६५५ | ४७४९ | ७.२५ |
| | cf]v/ | २०२ | १०१० | ५ | २०९ | १०५० | ५.०३ | २१२ | १०८१ | ५.१ |
| | gf:fktL | ५० | ३५० | ७ | ५० | ३५० | ७ | ५१ | ३५७ | ७ |
| | hDdf | ११२२ | ९६४५ | ८.६० | १०३८ | ६८६९ | ६.६१ | १०५१ | ७०२२ | ६.६८ |
| t/sf/L | lxpb] t/sf/L | १९२ | १९०१ | ९.९०१ | २०१.६ | २००७ | ९.९५४ | २६५ | २६३३ | ९.९३६ |
| | jiff{t/sf/L | ९८ | ९०२ | ९.२०४ | १०२ | ९४३ | ९.२४५ | १०८ | १००४ | ९.३ |
| | a]df};dL | ४२ | ४१२ | ९.८१० | ४८ | ४६८ | ९.७५० | ५२ | ५०७.५ | ९.७६० |
| | lxpb]cfn' | ६९२ | ७७८५ | ११.२५ | ६९५ | ७८१९ | ११.२५ | ६९८ | ७८७३ | ११.२८ |
| | jiff{cfn' | ३४८ | ३९१५ | ११.२५ | ३५० | ३९३८ | ११.२५ | ३५२ | ३९८५ | ११.३२ |
| | hDdf | १३७२ | १४९१५ | १०.८७ | १३९७ | १५१७५ | १०.८७ | १४७५ | १६००३ | १०.८५ |
| d;nfafnL | cb'jf | १५ | ८८.२ | ५.८८ | १८ | १०६ | ५.८८९ | २० | ११८ | ५.९ |
| | n;'g | ४४ | २२० | ५ | ४५ | २२५.२ | ५.००४ | ४९ | २४९.९ | ५.१ |
| | v';f{gL | १५ | १९.२ | १.२८ | १५.५ | २१.० | १.३५५ | १६ | २१.६८ | १.३५५ |
| | a]; f/,wlgof | २२ | १२१.३ | ५.५१४ | २२.५ | १२२.२ | ५.४३३ | २५ | १३५.८ | ५.४३३ |
| | cn}rL | १ | ०.७६ | ०.७६ | १ | ०.७६ | ०.७६ | १ | ०.७६ | ०.७६ |
| | hDdf | ९७ | ४४९.५ | ४.६३ | १०२ | ४७५.२ | ४.६६ | १११ | ५२६.१ | ४.७४ |
| | sh hDdf | १६१९२ | ४७८७४ | १५४.८ | १६१५२ | ४६३४५ | १५२.३ | १६२४२ | ४७५०२ | १५२.९ |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, कालिकोट २०७०*

आर्थिक वर्ष २०६९/७० मा जिल्लाभरिमा गरी खाद्यान्न बाली १३०४७ हेक्टर र दलहन बाली ३७३ हेक्टरमा खेती गरी कुल २३२२४ मेट्रिक टन खाद्यान्न तथा ६४६ मेट्रिक टन दलहन बाली उत्पादन भएको छ । कृषि अर्थतन्त्र मूलत: निर्वाहमूखी भएको हुँदा जिल्लाका लागि जिल्लाभित्र पर्याप्त खाद्यान्न उत्पादन हुन सकेको छैन । खाद्यान्न बालीको उत्पादकत्व हेर्दा सरदर १.७८ मेट्रिक टन प्रतिहेक्टर उत्पादन हुने गरेको देखिन्छ । यसमध्ये प्रमुख खाद्यान्न बाली धान, मकै र गहुँको उत्पादकत्व क्रमश: २.३५, २.१ र १.७६ मेट्रिक टन प्रति हेक्टर देखिन्छ ।

दलहन बाली अन्तर्गत मूलत: विभिन्न किसिमका बाली लगाउने गरिएको पाइन्छ । दलहन बालीमध्ये मुसुरोको उत्पादकत्व मात्र प्रति हेक्टर ०.५१ मेट्रिक टन रहेको देखिन्छ । बोडी, सिमी र गहतको उत्पादकत्व १ मेट्रिक टन प्रति हेक्टरभन्दा बढी र बाँकी सबै दलहन बालीको उत्पादकत्व १ मेट्रिक टन प्रति हेक्टरभन्दा कम रहेको देखिन्छ ।

तरकारी बाली अन्तर्गत आ.व. २०६९/७० मा कुल १४७५ हेक्टर जमिनको क्षेत्रफलमा खेती गरिएकोमा १६००३ मेट्रिकटन उत्पादन भएको देखिन्छ । उक्त उत्पादन मध्ये हिउँदे तरकारीको उत्पादकत्व ९.९, बर्षे तरकारीको उत्पादकत्व ९.३ र बेमौसमी तरकारीको खेती कुल ५२ हेक्टर क्षेत्रफलमा खेती गरिएकोमा कुल उत्पादन ५०७.५ मेट्रिक टन रहेको देखिन्छ ।

मसलाबाली अन्तर्गत मूलतः अदुवा, लसुन र बेसार/धनिया खेती गरिन्छ । अदुवा, लसुन र बेसार/धनियाको उत्पादकत्व ५ मेट्रिक टन प्रति हेक्टरभन्दा बढी रहेको देखिन्छ भने अलैंचीको उत्पादकत्व ०.७६ मेट्रिक टन प्रति हेक्टर रहेको देखिन्छ ।

### २.५.४.२ कृषि विकास सम्बन्धी जनशक्ति र संरचना

जिल्लामा कृषिका विकासका लागि कृषि सम्बन्धी विभिन्न संरचना पनि विकास भइरहेका छन् । कृषिको विकास र बिस्तारका लागि सरकारले सहजीकरण गर्नका लागि जिल्ला कृषि विकास कार्यालय अन्तर्गत कृषि सेवा केन्द्र स्थापना गरेको छ भने सो अन्तर्गत कृषकहरूलाई प्राविधिक परामर्श सेवा, समूह गठन र परिचालन लगायतका सहयोगहरू हुँदै आएका छन् । उपर्युक्त कार्य सञ्चालनका लागि कालिकोट जिल्लामा स्थापित संरचनाहरू र सेवा प्रदान गर्नुपर्ने गाविसहरूको विवरण निम्नानुसार दिइएको छ ।

तालिका- २८: जिल्लामा कृषि सेवा केन्द्र र सेवाग्राही घरधुरी

| सेवाकेन्द्र/सम्पर्क केन्द्र | सेवा क्षेत्र भित्रका गाविसहरू | घरधुरी संख्या | खेतीयोग्य जमिन (हेक्टर) | तालिम प्राप्त कृषि प्राविधिक |
|---|---|---|---|---|
| कृषि सेवा केन्द्र जुविथा | फोइमहादेव, राचुली, जुबिथा, छाप्रे, पाखा, दाहा, मान्म (७) | ५,२८३ | ४,५०३ | १ |
| कृषि सेवा केन्द्र कोटवाडा | रूप्सा, माल्कोट, लालु, कुमालगाउँ, कोटवाडा, रकु, मेहलमुडी, मुम्रा, (८) | ५६९० | ३५३५ | १ |
| सुकाटीया सेवा केन्द्र | भर्ता, सुकाटीया, कालिका, गेला, ओदानकु, चिलखाया, (६) | ४७४२ | ३८०२ | १ |
| स्यूना सेवा केन्द्र | सिपखाना, स्युना, फुकोट, नानीकोट, धौलागोह, खिन, थिर्पु, राम्नाकोट, बदालकोट (९) | ७२९३ | ६१४४ | १ |

स्रोतः जिल्ला कृषि विकास कार्यालय, कालिकोट, २०७०

नागरिकको घरदैलोमा कृषि सेवा प्रदान गर्न ४ वटा कृषि सेवा केन्द्र रहेका र सो अन्तर्गत ४ जना कृषि प्राविधिकहरू परिचालित छन् । उपर्युक्त ४ वटा कृषि सेवा केन्द्र मध्ये स्यूना सेवा केन्द्रले सबैभन्दा धेरै ७२९३ घरधुरीलाई सेवा प्रदान गरिरहेको अवस्था छ ।

### २.५.४.३ खाद्य सुरक्षा

जिल्लामा उत्पादन हुने कुल खाद्यान्न र खपत हुने परिमाण वीचको सन्तुलन नकारात्मक देखिन्छ । यहाँका प्रमुख वालीहरूको कुल उत्पादन र सो को बचतले आर्थिक सम्पन्नतालाई समेत इङ्गित गर्दछ ।

तालिका- २९: खाद्यान्नमा आत्मनिर्भरताको स्थिति

| क्र.सं. | बाली | उत्पादन (मे.ट.) | उपलब्ध परिमाण (मे.ट.) | परिमाण आवश्यकता (मे.ट.) | न्यून (- ) वा बचत (+) |
|---|---|---|---|---|---|
| १ | खाद्यान्न | २३१०४ | १४४७९ | २७०५० | - १२५७१ |
| २ | आलु | ११७५६ | ८४९० | ८५ | + ८४०५ |
| ३ | तरकारी | ४१३५ | ४१३५ | ४३८२.३४ | - २३७.३ |
| ४ | फलफूल | ७७०९ | ७७०९ | ४२४८.६ | + ३४६०.० |
| ५ | मसला वाली | ५२६.१६ | | | |

*स्रोतः जिल्ला कृषि विकास कार्यालय, २०७०*

कालिकोट जिल्लामा मुख्य ५ वालीहरूमध्ये खाद्यान्न र तरकारी उपलब्धता नकारात्मक देखिन्छ भने आलु र फलफूलको उत्पादन सकारात्मक नै रहेको पाइन्छ । खाद्यान्न आत्मनिर्भरताको स्थितिले यस जिल्लाका जनताहरूको आर्थिक अवस्थालाइ देखाउदछ । यस जिल्लामा बहुसंख्यक जनता कृषिमा आधारित भए तापनि खाद्यान्न आत्मनिर्भरताको अवस्था त्यति सन्तोषजनक देखिदैन ।

तालिका-३०: खाद्य सुरक्षा र सम्पन्नताको स्थिति

| क्र.सं. | खाद्य सुरक्षा (महिनामा) | घरधुरी प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | ३ महिनाभन्दा कम | ५५.५९ | |
| २. | ६ महिना | २६.१८ | |
| ३. | ९ महिना | १२.१८ | |
| ४. | १२ महिना | ५.९५ | |

*स्रोत: गरिबी नक्सांकन अध्ययन, कालिकोट, २०६६*

यहाँ वर्षमा तीन महिना मात्र खान पुग्नेको प्रतिशत ५५.५९% रहेको छ। ६ महिनासम्म खान पुग्ने घरधुरीको २६.१८% मात्र छ। त्यसैगरी ९ महिना खान पुग्ने परिवारको हिस्सा १२.१८% हुन आउदछ। यसरी हेर्दा कालिकोट जिल्लामा १२ महिना खान पुग्ने घरधुरी केवल ५.९५% रहेको छ।

### २.५.४.४ कृषि सामग्रीहरूको आपूर्ति

तालिका-३१: कृषि सामग्रीहरूको वार्षिक आपूर्ति

| क्र.स. | सामग्रीको नाम | माग परिमाण (मे.ट.) | आपूर्ति परिमाण (मे.ट.) | न्यून परिमाण (मे.ट) | श्रोत |
|---|---|---|---|---|---|
| १ | रासायनिक मल | ५५ | ३० | २५ | कृषि सामग्री कम्पनी लि., नेपालगन्ज |
| २ | धान बिउ | ४ | १.५ | २.५ | स्थानीय रूपमा, अनुसन्धान केन्द्र जुम्ला, सुर्खेत |
| ३ | मकै बिउ | ५ | २ | ३ | स्थानीय रूपमा, अनुसन्धान केन्द्र चितवन |
| ४ | गहु बिउ | १० | १.५ | ८.५ | स्थानीय रूपमा, अनुसन्धान केन्द्र सुर्खेत, भैरहवा, दैलेख |
| ५ | किटनाशक औषधी | | | | |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, कालिकोट, २०७०*

### २.५.४.५ बालीमा लाग्ने प्रमुख रोगहरू

तालिका-३२: कृषि सामग्रीहरूको वार्षिक आपूर्ति

| बाली | किरा | क्षति प्रतिशत | रोग | क्षति प्रतिशत | भण्डारणमा सताउने | कैफियत |
|---|---|---|---|---|---|---|
| धान | खुम्रे, गवारो,पतेरो, फटेङ्ग्रा | २ | मरुवा, लिफ बलाइट, फेद कुहिने | ०.२ | पुत्ला | महामारीको रूपमा नदेखिएको |
| मकै | फौजिकिरा, फेदकटुवा, खुम्रे गवारो | ०.१ | पातको डढुवा, कालो पोके, | | पुत्ला, घुन | |
| गहु | खुम्रे गवारो | | सिन्दुरे, कालो पोके | | घुन | |
| कोदो | फौजिकिरा, फेदकटुवा, खुम्रे गवारो | | मरुवा | | | |
| आलु | रातोकमिला | ०.१ | पुवा | ०.२ | | |
| तरकारी | लाइकिरा,फटके | | डाठ र फेद कुहिने | | | |
| हिउदे फलफूल | भुवादार लाही, गवारो, | | कालो पात हुने | | | |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, कालिकोट, २०७०*

### २.५.४.६ कृषि पकेट क्षेत्र

जिल्लाका विभिन्न गाविसहरूलाई सम्बन्धित गाविसको हावापानी, बजारसँगको पहुँच, तथा त्यहाँ उत्पादन गर्न सकिने बालीहरू पहिचान गरी जिल्ला कृषि विकास कार्यालयले कृषि पकेट क्षेत्रहरू पहिचान गरेको छ। उक्त पकेट क्षेत्र निम्नअनुसार छन्।

तालिका-३३: कालिकोट जिल्लामा कृषि पकेट क्षेत्र

| क.सं. | बालीको नाम | पकेटका रूपमा विकसित गर्न संभावित गाविसहरू |
|---|---|---|
| १ | धान | स्यूना, सिपखाना, फूकोट, मेहलमुडी, चिल्खाया |
| २ | मकै | कुमालगाउँ, कोटवाडा, माल्कोट, रूपसा |
| ३ | गहु | जुविथा, दाहा, छाप्रे, मेहलमुडी, मुम्रा, स्यूना, सिपखाना, फुकोट |
| ४ | स्याउ | फोईमहादेव, राचुली, जुविथा, पाखा, चिल्खाया, ओदानकु, गेला, सुकाटीया, कालिका, भर्ता, स्यूना, सिफखाना, फुकोट, नानिकोट,मुम्रा, खिन, धौलागोह, राम्नाकोट, थिर्पु |
| ५ | सुन्तला | मान्म, बदालकोट, दाहा, रकु, मेहलमुडी, सुकाटीया, कालिका, गेला, भर्ता |
| ६ | ओखर | कोटवाडा, माल्कोट, कुमालगाउँ, लालु रकु |
| ७ | बिउ आलु उत्पादन | दाहा, पाखा, भर्ता, सुकाटीया |
| ८ | तरकारी बिउ | फूकोट, सिपखाना, मान्म |
| ९ | ताजा तरकारी | मान्म, बदालकोट, दाहा, सुकाटीया, भर्ता |
| १० | खाने आलु उत्पादन | खिन, धौलागोह, राम्नाकोट, थिर्पु, लालु, माल्कोट, रूपसा |
| ११ | मसलाबाली उत्पादन | लालु, माल्कोट, सुकाटीया, भर्ता |
| १२ | मकै बिउ | कुमालगाउँ |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, २०७०*

### ***२.५.५ भू–स्वामित्वको अवस्था***

यस कालिकोट जिल्लाको कुल आवादी तथा खेतियोग्य जमिनमध्ये ० देखि ५ रोपनी स्वमित्व भएका ७०% जिल्लाबासीहरूको अवस्था ज्यादै कमजोर पाईन्छ। यस आधारमा हेर्दा जिल्लामा आवादीयोग्य जमिनको वितरणमा बढी विभेद रहेको देखिन्छ। किसान परिवारहरूमा क्षेत्रफल अनुसार भूमिको वितरण सम्बन्धी विवरण तालिकामा दिएको छ।

तालिका-३४: जिल्लामा भूस्वामित्वको अवस्था

| भूमि (हे.) | ०.१ | ०.१ - ०.५ | ०.५ - १ | १ - ३ | ३ - ५ | ५ - १० |
|---|---|---|---|---|---|---|
| परिवार प्रतिशत | २.५ | १६.६७ | ४०.७७ | ३७.९ | १.९८ | ०.२० |

*स्रोत: जि.वि.स कालिकोट सर्भेक्षण, २०६५*

### ***२.५.६ पशुपालन***

पशुपालन व्यवसायले मासु, दूध, अण्डाजस्ता पौष्टिक खाद्यको आपूर्ति मार्फत् मानव स्वास्थ्यको सम्वर्द्धन तथा पशु एवम् पशुजन्य उत्पादनको बिक्रीमार्फत् कृषिमा आश्रित समुदायमा आम्दानीको महत्वपूर्ण स्रोतको रूपमा रहने गर्दछ। मूलतः जीवन निर्वाहमुखी कृषिमा आधारित समुदायमा पशुपालन अर्थतन्त्रको अर्को एक महत्वपूर्ण क्षेत्र हो। कालिकोट जिल्लामा पशुपालनको ठूलो सम्भावना रहेको छ। व्यवसायिक पशुपालनको विकास प्रारम्भिक अवस्थामा रहेको छ। व्यवसायिक पशुपालनका लागि आवश्यक पर्ने पूर्वाधारको विकास पनि सीमित मात्रामा भएको छ। तथापि यसअन्तर्गत दुग्ध उत्पादनको प्रशोधन तथा चिस्यान केन्द्र स्थापना, व्यवसायिक फर्महरूको सुदृढीकरण, डेरी तथा मासु पसलहरू स्थापना खासै मात्रामा हुन सकेको छैन।

जिल्लाको एक प्रमुख पशुपालन व्यवसाय भेडाको बृद्धिदर घट्दो अवस्थामा रहेको छ। पशुपालन अन्तर्गत मूलतः गाई, भैंसी, बाखा, भेडा, सुंगुरबंगुर, कुखुरा, खरायो, घोडा, खच्चड आदि पालन गर्ने गरिएको पाइन्छ। जिल्लामा घरपालुवा पशुवस्तुको संख्यात्मक स्थिति निम्नअनुसार छ।

तालिका- ३५: कालिकोट जिल्लामा पशुको संख्या

| क.स. | पशुवस्तु | २०६७/६८ | | २०६८/६९ | | २०६९/७० | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | गाईगोरु | | | | | | |
| २ | भैंसी, राँगा | २५७३८ | २६.४ | २६४०८ | २६.२४ | २६८०१ | २६.२ |
| ३ | बाखा, बोका | ४६६३४ | ४७.८ | ४८१७१ | ४७.८६ | ४९१८७ | ४८.१ |
| ४ | भेडा, थुमा | २५२११ | २५.८ | २६०७६ | २५.९१ | २६२५२ | २५.७ |
| ५ | सुंगुर, बंगुर | | | | | | |
| ७ | घोडा, खच्चड | | | | | | |
| | जम्मा | ९७५८३ | | १००६५५ | | १०२२४० | |

*स्रोत: जिल्ला पशुसेवा कार्यालय कालिकोट, २०७०*

जिल्लामा उन्नत जातका पशुपालनको प्रवृत्ति अत्यन्त न्यून देखिन्छ । जिल्ला पशु सेवा कार्यालयले उन्नत जातका पशुको पालन भएको तथ्याङ्क दिएको छैन । जिल्लाको पशुपालनमा सबभन्दा धेरै भैंसी राँगाको अनुपात देखिन्छ जुन कुल पशुपालन संख्याको झण्डै आधा देखिन्छन् । जिल्लामा कुल बंगुर/सुंगुर र घोडा, खच्चडको संख्या तुलनात्मक रूपमा न्यून रहेको देखिन्छ ।

### *२.५.६.१ जिल्लामा पशुपालन प्रवर्द्धनका लागि जनशक्ति तथा संरचना*

तालिका- ३६: कालिकोट जिल्लामा पशुसेवा केन्द्र तथा पशु प्राविधिकहरूको अवस्था

| क.स. | पशु सेवा केन्द्र | गाविसको.नाम | कभरेज घरधुरी |
|---|---|---|---|
| १ | स्युना | स्युना, सिप्खाना, फुकोट | २१५६ |
| २ | कुमालगाउँ | कुमालगाउँ, माल्कोट, लालु, कोटवाडा, रूप्सा | ३०३७ |
| ३ | सुकाटीया | सुकाटीया, भर्ता, गेला, कालीका | २४८० |
| | **पशु सेवा उपकेन्द्र** | | |
| १ | मेहलमुडी | मेहलमडी, मुम्रा, रकु | १६५३ |
| २ | नानीकोट | नानीकोट | ८४० |
| ३ | राम्नाकोट | राम्नाकोट, बदालकोट | ९८८ |
| ४ | थिर्पु | थिर्पु, खिन, धौलागोह | २१२७ |
| ५ | दाँहा | दाँहा, पांखा, मान्म | |
| ६ | जुबिथा | जुबिथा, छाप्रे | |
| ७ | रतडा | राँचुली, फोईमहादेव | |
| ८ | पादमघाट | ओदानकु | |
| ९ | रुडु | चिल्खाया | |

*स्रोत: जिल्ला पशु सेवा कार्यालय, कालिकोट, २०७०*

### *२.५.६.२ पशुजन्य दानाको उत्पादन*

जिल्लामा पालन गरिएका पशुहरूलाई खुवाउनको लागि पशु आहारको उत्पादन स्थानीय स्तरमा नै हुने गरेको छ । तर उन्नत जातका पशुहरू पालन गरिएको अवस्थामा भने जिल्ला बाहिरबाट पशु आहारको आयात गर्नुपर्ने अवस्था छ ।

तालिका- ३७: जिल्ला भित्र पशुआहार उत्पादनको अवस्था

| क.स. | कृषि उप उत्पादन | कुल उत्पादन मे.टन | कैपिफयत |
|---|---|---|---|
| १ | धानको पराल | ३१२५ | |
| २ | मकै ढोड | ३०१३५ | |
| ३ | गहुँको छ्वाली | २५०० | |
| ४ | कोदोको नल | १६१३० | |
| ५ | धानको भुस | १०३१५ | |

*स्रोत: जिल्ला पशुसेवा कार्यालय, २०७०*

### *२.५.६.३ पशुपालन पकेट क्षेत्र*

जिल्लामा व्यवसायिक पशुपालनको लागि उपयुक्त आधारहरूको पहिचान गरी विभिन्न पशुवस्तुका लागि जिल्ला पशु सेवा कार्यालयले विभिन्न पकेट क्षेत्रहरू पहिचान गरेको छ, जुन निम्नप्रकार छ ।

तालिका- ३८: कालिकोट जिल्लामा पशुपालन पकेट क्षेत्र

| क.स. | मुख्य पशुहरु | पकेट क्षेत्र भएका गाविसहरु |
|---|---|---|
| १ | गाई | मेहलमुडी, स्युना, कोटवाडा, गेला, दाहा, चिल्खाया, जुविथा, खिन, धौलागोह |
| २ | भैसी | कुमालगाउँ, कोटवाडा, लालु, रूपसा, माल्कोट, मुम्रा, मान्म, राँचुली, स्युना |
| ३ | भेडा | चिल्खाया, रकु, राँचुली, बदालकोट, फुकोट, खिन, रूपसा, थिर्पु, मुम्रा, नानीकोट, धौलागोह, दाँहा, मान्म, स्युना, भर्ता, पांखा |
| ४ | बाखा | चिल्खाया, लालु, माल्कोट, कुमालगाउँ, रकु, बदालकोट, मेहेलमुडी, मुम्रा, नानीकोट, धौलागोह, दाँहा, मान्म, स्युना, भर्ता, पांखा |

| क्र.स. | मुख्य पशुहरु | पकेट क्षेत्र भएका गाविसहरु |
|---|---|---|
| ५ | घोडा | चिल्खाया, खिन, धौलागोह, स्युना, नानीकोट |
| ६ | बंगुर | भर्त्ता, दाँहा |
| ७ | कुखुरा | मान्म, भर्त्ता |

*स्रोतः जिल्ला पशु सेवा कार्यालय, कालिकोट, २०७०*

### २.५.६.४ पशुजन्य उत्पादनको तुलनात्मक विवरण

जिल्लामा पशुपालन व्यवसायबाट मूलतः दूध, मासु, अण्डा र ऊन उत्पादन हुने गरेको छ । व्यवसायिक उद्देश्यका हिसाबले दूध उत्पादन अधिकांश कृषकहरूको पहिलो प्राथमिकतामा परेको देखिन्छ । यसपछि क्रमशः मासु, अण्डा र ऊनका लागि पशुपालन भएको देखिन्छ । जिल्लाको पशुजन्य उत्पादनको स्थिति निम्नअनुसार रहेको देखिन्छ ।

तालिका- ३९: कालिकोट जिल्लामा पशुजन्य उत्पादनको तुलनात्मक विवरण

| क्र. स. | पशुजन्य पदार्थ | | इकाइ | उत्पादन स्थिति (आ.व.) | | | बृद्धि/ह्रास (प्रतिशत) |
|---|---|---|---|---|---|---|---|
| | | | | २०६७/०६८ | २०६८/०६९ | २०६९/०७० | |
| १ | दुध | गाई | मे.टन | ९१० | ९१५।३ | ९१८।८ | |
| | | भैसी | | २८६५ | २९०४ | २९२३।८ | |
| | | जम्मा | | ३७७५ | ३८१९।३ | ३८४१।६ | ०.५८ |
| २ | मासु | रांगो | मे.टन | ११७ | ११८।३ | १४२।९ | |
| | | खसि/बोका | | २६२।१९ | २६५।४ | २६०।९ | |
| | | भेडा/थुमा | | १५० | १५३ | १४६।९ | |
| | | बंगुर | | ११।५ | १।२ | १।३ | |
| | | कुखुरा/हाँस | | १५ | १५।४ | १२।८ | |
| | | जम्मा | | ५४५.३४ | ५५३.३ | ५६४.८ | २.०७ |
| ३ | फुल उत्पादन | कुखुराको | गोटा | ३२० | ३२४ | ३२७ | |
| | | हाँसको | | ० | ० | ० | |
| | | जम्मा | | ३२० | ३२४ | ३२७ | ०.९२ |
| ४ | भेडाको उन | | मे.टन | २२.३२ | २३.२१ | २८.१ | २१.०६ |
| ५ | छाला उत्पादन | साना पशुको | गोटा | २५० | २५० | २३७ | |
| | | ठूला पशुको | | ३४७ | १७५ | १२५ | |
| | | जम्मा | | ५९७ | ४२५ | ३६२ | ० |

*जिल्ला पशु सेवा कार्यालय, कालिकोट, २०७०*

### २.५.६.५ पशु रोगको विवरण

कालिकोट जिल्लामा पशुपालन एक प्रमुख आर्थिक क्रियाकलाप भएता पनि पशुहरूमा लाग्ने रोगव्याधिका कारण समस्याहरू देखिएका छन् । सम्बन्धित रोगहरूको नियन्त्रण र उपचारका लागि जिल्लामा कार्यरत सरकारी तथा अन्य निकायहरूले विशेष कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । तसर्थ पशुरोगको वर्तमान अवस्था थाहा पाउनु योजना तर्जुमा कार्यमा आधारको रूपमा लिइन्छ ।

तालिका-४०: कालिकोट जिल्लामा पशुरोगको विवरण

| क्र. स. | पशु रोग | पशु रोग प्रभावित क्षेत्र | प्रभावित पशु संख्या | | | मरेको पशु संख्या | क्षति रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ०६७/६८ | ०६८/६९ | ०६९/७० | | |
| १ | भ्यागुते H.S. | १० गाविस | ४७ | ३६ | ४० | १२ | १२००० |
| २ | चरचरे B.Q. | ८ गाविस | ४५ | ४० | ३६ | १५ | १५००० |
| ३ | रेबिज Rabies | ५ गाविस | १५ | २६ | १३ | ३२ | ३२००० |
| ४ | खोरेत Fmd | ११ गाविस | ४१२ | १३२० | ५६० | ५२ | ५२००० |
| ५ | नाम्ले L.F. | ३० गाविस | ६१४५ | ८५२० | ७५०० | ४२ | ४२००० |
| ६ | खोकी Cough | ३० गाविस | ११२५ | १०१४ | १३०० | ११ | ११००० |
| ७ | लुतो Mange | ३० गाविस | ४५८० | ४८०० | १४०० | २२ | २२००० |
| ८ | मूखेलो Orf | ३० गाविस | ६७८ | ९५८ | १७३० | २ | २००० |
| ९ | अन्य जुका Worms | ३० गाविस | १५८२ | १९६५ | ४३६० | ३२ | ३२००० |

| क्र.स. | पशु रोग | पशु रोग प्रभावित क्षेत्र | प्रभावित पशु संख्या | | | मरेको पशु संख्या | क्षति रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ०६७/६८ | ०६८/६९ | ०६९/७० | | |
| १० | टिम्पेनी Tympany | ३० गाविस | १२५६ | १९२० | २२५० | ९६ | ९६००० |
| ११ | छेरौटी Diarrhoea | ३० गाविस | ९४१ | ७५० | ८६० | ३५ | ३५००० |
| १२ | घाउ/खटिरा Wound/Absas | ३० गाविस | ११५४७ | ८६३५ | ७३८० | २ | २००० |
| १३ | निमोनिया pueumonia | ३० गाविस | १७९ | ३८६ | २८३ | ४५ | ४५००० |
| १४ | इन्टोरोटोक्सोमिया Enterotoxaemia | ६ गाविस | ७५ | १४२ | १७५ | २२ | २२००० |
| १५ | बाली नजाने (Anoestrus) | ३० गाविस | ७५८ | ११४५ | १८९० | ० | ० |
| १६ | साल नखस्ने (Retaintion of placenta) | ३० गाविस | १९८ | २०१ | ११० | ० | ० |
| १७ | डिस्टोकिया (Dystocia) | १५ गाविस | ५७ | ४५ | ४० | १५ | १५००० |
| १८ | फुलो पर्ने (Opacity) | ३० गाविस | ६८ | ९५ | ११३ | ० | ० |
| १९ | कक्सिडियोसिस (Coccidiosis) | ३० गाविस | ११५० | १२६३ | १५९० | १५० | १५०००० |
| २० | बिष लाग्नु (Poisoning) | ३० गाविस | ४५० | ७५२ | ३६० | ७५ | ७५००० |
| २१ | वाह्य परजिवी (External parasites) | ३० गाविस | ७५८० | ५६३१ | ४३४८ | ० | ० |
| | **जम्मा** | | ३८८८८ | ३९६४४ | ३६३३८ | ६६० | ६६०००० |

*स्रोत: जिल्ला पशु सेवा कार्यालय कालिकोट, २०७०*

कालिकोट जिल्लामा हालसम्म २१ वटा पशुरोगहरूको पहिचान भएका छन्, जुन रोगहरूका कारण ३० वटै गाविसहरू विभिन्न कालखण्डमा प्रभावित भएका छन्। उपर्युक्त रोगहरूका कारण विगत ३ वर्षमा ६६० वटा पशुहरूको ज्यान गएको छ भने ६ लाख ६० हजारभन्दा बढीको क्षति भएको देखिन्छ।

### *२.५.७ श्रमशक्ति तथा रोजगारीको स्थिति*

कालिकोट जिल्लाको कुल जनसंख्या मध्ये ५८ प्रतिशत आर्थिक रूपले सक्रिय रहेको देखिन्छ। सक्रिय जनसंख्याको ७६ प्रतिशत कृषिजन्य आम्दानीमा संलग्न छन् भने ज्यालादारी काममा १२ प्रतिशत व्यापारमा ५ प्रतिशत जनसंख्या संलग्न छन्।

तालिका-४१: जिल्लामा जनसंख्याको रोजगारी अवस्था

| सि.नं. | विवरण | प्रतिशत |
|---|---|---|
| १ | आर्थिक रूपले सकृय जनसंख्या (१० बर्ष माथि) | ५८.४९ |
| ३ | कृषि जन्य आम्दानी | ७६.३४ |
| ४ | ज्यालादारी | १२.१३ |
| ५ | व्यापार | ४.९२ |

*स्रोत: जिल्ला जनसंख्या प्रोफाइल, कालिकोट, २०७०*

### *२.५.८ उद्योग, व्यापार तथा व्यवसाय*

जिल्लाको अर्थतन्त्र ठूलो हदसम्म ग्रामीण प्रकृतिको र जीविकामुखी रहेको छ। ठूला तथा मझौला उद्योगहरूको विकास हुन नसकेका कारण जिल्लामा ठूलो संख्यामा रहेका युवा शक्तिलाई जिल्लाभित्र पर्याप्त रोजगारीको अवसर सिर्जना हुन सकेको छैन। साथै जिल्लामा आयात प्रतिस्थापन गर्नसक्ने उद्योगहरूको विकास नगरिकन स्वाबलम्वी अर्थतन्त्रको निर्माण गर्न सकिदैन। सम्पूर्ण जिल्लाको आवादी ग्रामीण क्षेत्रमा रहेको र ग्रामीण अर्थतन्त्र मूलत: निर्वाहमूखी रहेको छ। यस अवस्थामा जिल्लाभित्र बजार तथा राजमार्गका व्यापापरिक केन्द्रहरूमा स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको विकासको स्थलगत सम्भाव्यता अध्ययन गरी तदनुरूप लगानी केन्द्रीत गरेर ग्रामीण औद्योगिकरण (rural industrialization) लाई गति दिन सकिएमा यी स्थलहरूमा जनसंख्या केन्द्रित हुने, उद्योग धन्धाको विकास तीव्र हुने र सोको प्रभाव बिस्तारै छेउछाउको गाउँमा क्रमश: पर्दै जाने हुन्छ। साना तथा घरेलु उद्योगहरू श्रममुखी (labor-intensive) हुनुका साथै स्थानीय मागलाई पूरा गर्ने तथा स्थानीय सुशुप्त पूँजी (dormant capital) लाई परिचालन गर्दछ।

### *२.५.८.१ घरेलु तथा साना उद्योगको आधारभूत स्थिति*

कालिकोट जिल्लामा उत्पादनमूलक, पर्यटनमा आधारित, सेवामूलक र कृषि तथा वन क्षेत्रमा आधारित घरेलु तथा साना उद्योगहरू रहेका छन्। जिल्लामा घरेलु तथा साना उद्योगको आधारभूत स्थिति देहायबमोजिम छ।

तालिका - ४२: कालिकोट जिल्लामा लघु तथा घरेलु उद्योग

| जिल्लामा लघु तथा घरेलु उद्योगको दर्ता र नबिकरण सम्बन्धी विवरण | | | | |
|---|---|---|---|---|
| **उद्योग व्यवसायको प्रकार** | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० |
| उत्पादनमूलक | १ | ८ | २ | ५ |
| कृषि, वन जन्य उद्योग | ८ | २९ | २४ | २२ |
| खानी उद्योग | ० | ० | ० | ० |
| उर्जामूलक | ० | ० | ० | ० |
| पर्यटनजन्य | १० | ५ | ११ | ८ |
| सेवा मूलक | १० | १६ | ८ | १० |
| निर्माण उद्योग | ५४ | ९६ | २९ | ३८ |
| राजश्व सङ्कलन | | | | |
| उद्योगतर्फ | २५७४१५ | ३०२९३० | ३७१२३५ | ३२७७०० |
| वाणिज्यतर्फ | ९४५०० | ० | ७९८०० | १८१२०० |

*स्रोत: घरेलु तथा साना उद्योग विकास समिति, कालिकोट, २०७०*

जिल्लामा औद्योगिक क्षेत्रको समग्र अध्ययन विश्लेषणको काम हुने परम्परा खासै नभएको हुँदा जिल्लामा नयाँ उद्योग खुल्ने दर तथा उद्योगको टिकाउ दरसम्बन्धी यकिन तथ्याङ्क उपलब्ध छैन । जिल्लाको औद्योगिक क्षेत्र सामान्यतया घरेलु तथा साना उद्योगमा आधारित रहेको र छरिएको अवस्थामा भएकाले उत्पादनको अधिकांश हिस्सा स्थानीय बजारमा खपत भएको देखिन्छ । कच्चा पदार्थका हिसाबले जिल्लामा वन तथा कृषिजन्य उद्योगका लागि आवश्यक कच्चा पदार्थ जिल्लाकै वन तथा भिरालो खाली जमिनमा उपलब्ध रहेको देखिन्छ । जिल्लामा औद्योगिक क्षेत्रको आधारभूत स्थिति देहाय बमोजिम छ ।

तालिका- ४३: कालिकोट जिल्लामा साना उद्योगको अवस्था

| उद्योगको प्रकार | दर्ता संख्या | कुल स्थिर पुंजी (०००) | वार्षिक उत्पादन क्षमता (०००) | रोजगारी |
|---|---|---|---|---|
| कुटानी पिसानी मिल | १ | २५० | ५५० | ३ |
| पशुपालन र दाना | २ | ९०० | २५०० | १६ |
| फलफूल प्रशोधन | १ | ७० | १०० | ४ |
| केबुल नेटवर्क | १ | ३०० | ५०० | ३ |

*स्रोत: घरेलु तथा साना उद्योग विकास समिति, २०७०*

### *२.५.८.२ जिल्लाको व्यापार तथा व्यवसाय*

जिल्ला उद्योग वाणिज्य संघमा दर्ता भएका फर्म, कम्पनीको तथ्याङ्क अध्ययन गर्दा जिल्लामा मूलतः खाद्यपसल, होटल रेष्टुरेन्ट, जडिबुटी, तरकारी, फलफूल, निर्माण, मेडिकल तथा कपडा पसलको अधिकता रहेको देखिन्छ ।

तालिका- ४४: कालिकोट उद्योग वाणिज्य संघमा दर्ता भएका व्यवसायहरू

| व्यवसाय | आवद्ध संख्या |
|---|---|
| खाद्यान्न, खुद्रा, फेन्सी | ३७७ |
| स्टेशनरी | २८ |
| सिलाई कटाई | २ |
| जडिबुटी, तरकारी, फलफूल | २९ |
| फोटो स्टुडियो | ८ |
| उद्योग व्यवसाय, टेडर्स | ३० |
| होटेल | ५९ |
| मेडिकल | १० |
| निर्माण | ५२ |
| मासु सेन्टर | १९ |
| इलेक्टोनिक्स | ३२ |
| एग्रोभेट | ४ |
| पेटोल पम्प | ६ |
| सुनचाँदी | ३ |
| अन्य | १३ |

*स्रोत: कालिकोट उद्योग, वाणिज्य संघ, २०७०*

### २.५.९ बैंकिङ तथा वित्तीय सेवा

#### २.५.९.१ बैंकिङ सेवा

उद्योग, वाणिज्य, व्यापार, व्यवसाय सञ्चालन गर्न बैंकिङ सेवाको आवश्यकता पर्दछ । जिल्लामा ३ वटा "क" वर्गका वाणिज्य बैंक, २ वटा "ख" वर्गका विकास बैंक र ३ वटा "ग" वर्गका लघुवित्त गरी ५ वटा बैंक तथा वित्तीय संस्थाहरू रहेका छन् । जुन निम्नअनुसार छन्:

तालिका- ४५: जिल्लामा बैंकिङ सेवाको वितरण

| क्र.सं. | बैंकको नाम | संख्या | अवस्थिति |
|---|---|---|---|
| क वर्गका बैंक | | | |
| १ | राष्ट्रिय वाणिज्य बैंक | १ | मान्म खाडाचक्र |
| २ | कृषि विकास बैंक | १ | मान्म खाडाचक्र |
| ३ | ग्लोबल आइएमई बैंक | १ | मान्म खाडाचक्र |
| ख वर्गका बैंकहरू | | | |
| ग वर्गका लघुवित्त बैंक | | | |
| ४ | छिमेक लघुवित्त विकास बैंक | १ | मान्म बजारमा |
| ५ | निर्धन उत्थान बैंक | १ | मान्म बजारमा |

*स्रोत: फिल्ड तथ्याङ्क सङ्कलन, २०७०*

जिल्लामा बैंकिङ सेवाको वितरण हेर्दा जिल्लाका कुल ३० गाविसमध्ये हालसम्म सदरमुकाम रहेको मान्म गाविसमा मात्र बैंकिङ सेवा बिस्तार भएको देखिन्छ । जिल्लाका बाँकी सम्पूर्ण गाविसका बासिन्दाहरूले यसप्रकारको सेवा पाएका छैनन् । गाविसका नागरिकले बैंकिङ सेवा प्राप्त गर्न अन्य गाविस धाउनु पर्ने स्थिति रहेको छ । बरु स्थानीयस्तरमा खुलेका बचत तथा ऋण सहकारीहरूले सम्बन्धित क्षेत्रका बासिन्दाहरूलाई पुँजी परिचालनमा सहयोग पुऱ्याएको देखिन्छ ।

#### २.५.९.२ सहकारी

ग्रामीण क्षेत्रमा शुलभ वित्तीय सेवा उपलब्ध गराउन सहकारीको भूमिका महत्वपूर्ण रहन्छ । जिल्लामा सहकारी संघसंस्थाहरूको कुल संख्या ८२ रहेको छ । जसमध्ये सहकारीहरूको जिल्ला संघ १ वटा रहेको छ । जिल्लामा वर्गीकरण भए अनुसार सहकारीहरूको संख्या देहाय बमोजिम रहेको छ ।

तालिका- ४६: जिल्लामा सहकारी संस्थाहरूको संख्या

| सहकारीको प्रकार | संख्या | प्रतिशत | सदस्य संख्या | | सेयर पुंजी | बचत रु. (०००) | लगानी रु. (०००) |
|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | | | |
| बचत तथा ऋण | १९ | २३.१७ | २८९ | ११६ | १०५ | ४२० | ६३८० |
| कृषि तथा फलफूल | ३४ | ४१.४६ | ६०३ | २३६१ | १०८८ | १३८७ | २३२० |
| उपभोक्ता | ७ | ८.५४ | ७५ | ५० | ५० | | |
| बहुउद्देश्यीय | १९ | २३.१७ | १५७ | ३५५ | ४३८ | १७७६ | २४९६ |
| जडिबुटी | १ | १.२२ | १२ | १४ | १०९ | | |
| दुग्ध सहकारी | ० | ० | ० | ० | | | |
| अन्य | २ | २.४४ | ४४ | १८ | २०० | | |

*स्रोत: सहकारी विभाग, आइएसआरसी, २०६९*

जिल्लामा विषयगत र जिल्ला संघ बाहेक सहकारी संस्थाहरूको कुल संख्या ८२ मा कृषि सहकारीहरूको बाहुल्यता (४१.४६ प्रतिशत) रहेको देखिन्छ । कृषि सहकारी संस्थापछि बचत तथा ऋण सहकारी र बहुउद्देश्यीय सहकारी संस्थाहरू रहेका छन्, जसको हिस्सा प्रत्येकको २३.१६ प्रतिशत रहेको छ ।

### २.५.९.३ बैकिङ्ग निक्षेप सङ्कलन र लगानीको अवस्था

विभिन्न बैंक तथा वित्तीय संस्थाहरूले सङ्कलन गर्ने बचत रकम र लगानी गर्ने ऋण रकमले जिल्लाभित्र अर्थतन्त्रको सक्रियतालाई इङ्गित गर्दछ । बैंक तथा वित्तीय संस्थाहरूले गर्ने ऋण परिचालनले उत्पादन तथा व्यापारमा कत्तिको गुणक प्रभाव रहेको छ भनी हेर्न सकिन्छ । यदि ऋण लगानीको अनुपातमा बचत सङ्कलनको मात्रा ठूलो भएमा त्यो सङ्कलित रकम जिल्ला बाहिर लगानीमा जाने हुँदा अर्थतन्त्रमा नकारात्मक असर पुग्न जान्छ ।

कालिकोट जिल्लामा वाणिज्य बैंकहरूले शाखा बिस्तारमा चासो राखेको पाइएन । जिल्लामा भएका राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंक मध्ये कृषि विकास बैंकले ऋण प्रवाहको कार्य हाल नगरेको देखिएको, लघुवित्त संस्थाहरूले गर्ने भनिएको ऋणको ब्याज दर महङ्गो रहेको पाइएको छ । यसर्थ समग्र जिल्लाभित्र गरिने बचत सङ्कलन तथा लगानी गरेको ऋणको ठूलो हिस्सा सहकारी संस्थाहरूले नै धान्ने गरेको देखिएको छ । त्यसवाहेक बैंकिङ ऋण परिचालनमा जिल्लाबाहिर रहेका बैंकहरूको संलग्नता रहेको भनाई बजारवासीहरूको छ ।

### २.५.१० पर्यटन विकास

कालिकोट जिल्लाको आर्थिक विकासका लागि पर्यटनलाई सामान्य सम्भावनाको क्षेत्रको रूपमा लिन सकिन्छ । राष्ट्रियस्तरमा पर्यटन क्षेत्रलाई रोजगारी सिर्जना गर्ने, गरिबी न्यूनीकरण गर्ने तथा आर्थिक क्रियाकलापमा अभिवृद्धि गर्ने उद्देश्यका साथ प्रवर्द्धन गर्ने गरिएको पाइन्छ । कालिकोट जिल्लाका पर्यटकीयस्थलहरू हेर्नको लागि विदेशी पर्यटकहरू खासै नआएपनि यहाँका धार्मिक तिर्थस्थलहरूको दर्शनका लागि स्वदेशी धार्मिक पर्यटकहरू आउने गरेका छन् । वडिमालिका, चुलिमालिका दर्शनका लागि मध्य र सुदुरपश्चिमका पहाड र तराईबाट समेत ठूलो संख्यामा मानिसहरू आउने गर्दछन् । यसैगरी कर्णाली क्षेत्रको जनजीवन, संस्कृति र सामाजिक बनावटको अध्ययन गर्नका विदेशी अनुसन्धानकर्ताहरू विगत देखि नै केही संख्यामा आउने गरेको पाइन्छ । हालैका वर्षहरूमा कालिकोट सिंजा हुँदै मुगु सम्म मोटरबाटो खुलेको हुँदा रारातालसम्म जाने स्वदेशी पर्यटकहरूको केही संख्याले कालिकोटको वाटो प्रयोग गरी मोटर तथा मोटरसाइकलमा यात्रा गर्न थालेको देखिन्छ, जुन गणनायोग्य संख्यामा पुगिसकेको छैन ।

### २.५.११ खनिज क्षेत्रको विकास

कालिकोट जिल्लामा रहेका खानीहरू र त्यसको उत्खननको क्षेत्रमा केन्द्र सरकार र जिल्लास्तरबाट अध्ययन अनुसन्धान गर्ने तर्फ खासै ध्यान दिएको देखिदैन । यहाँ बहुमूल्य खनीजहरूको प्रशस्त सम्भावना रहेको छ । यहाँ रहेका प्रमूख खानीहरूमा भर्ता गाविसमा बहुमूल्य पत्थर (काइनेट), सुकाटीया गाविसमा स्लेट, त्यस्तै जिल्ला भरीमा चुनढुङ्गा, कमेरो माटो, मार्बल आदि पाइएका छन् ।

## २.६ भौतिक पूर्वाधार विकास

जिल्लाको प्रमुख भौतिक पूर्वाधारअन्तर्गत सडक सञ्जाल तथा त्यसअन्तर्गतका पुल, विद्युत्, वैकल्पिक उर्जा, सञ्चार प्रणाली, खानेपानी र सरसफाई रहेका छन् । जिल्लामा सडक सञ्जालको रूपमा कर्णाली राजमार्गको कालिकोट खण्डमा पर्ने ६० किमी सडक चालू अवस्थामा रहेको छ । तर यो सडक समेत कालोपत्रे नगरिएको र जिल्लामा निर्माणाधीन रही ट्र्याक खोलिँदै गरेका अन्य सडकमा सवारी साधन चलेका छैनन् । सडकका कतिपय स्थानमा निर्मित नालीहरूसमेत जमिनको भिरालो स्वरूपका कारण वर्षायाममा पुरिने र त्यसको नियमित मर्मत सम्भारको अभावका कारण निर्मित सडकहरू चाँडै क्षतिग्रस्त भइरहेको अवस्था छ । सडक यातायात जिल्लाका अधिकांश गाविसमा बिस्तार गर्ने योजना अनुरूप काम भइरहेको भएपनि सबैजसो सडक मौसमी रूपमा मात्र सञ्चालन हुनसक्ने अवस्थाका छन् । जिल्लाभरिमा एउटा पनि व्यवस्थित बस पार्कको विकास हुन सकेको छैन । जिल्लाको मुख्य सडकखण्ड कर्णाली राजमार्ग राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना र केन्द्रीय सरकारको बजेटमा निर्माण भइरहेको भए पनि बाँकी सडकखण्डहरू जिल्ला विकास समिति तथा गाउँ विकास समितिद्वारा निर्माण गरिएका छन् ।

प्रमुख व्यापापरिक केन्द्रहरूमा नयाँ बस्ती विकासको व्यवस्थित योजना आवश्यक भए पनि योजनाबद्ध हुन सकिरहेको छैन । मान्म, नाग्म, हुल्म आदि स्थानमा बजार विकासको क्रम तिब्र भए पनि उपरोक्त बस्तीहरूमा खानेपानी, ढल, सडक पहुँच, विद्युत लगायतका शहरीय पूर्वाधारहरू छैनन् । कालिकोट जिल्लामा विद्युत सुविधाको अवस्था अत्यन्त कमजोर छ । जम्मा

५०० किलोवाटको साना जलविद्युत मार्फत २००० घरधुरीलाई उज्यालोका लागि विद्युत सेवा उपलब्ध गराए पनि २०६९ आषाढको बाढीले क्षतिग्रस्त भएको तीन वर्षको अन्तराल पछि वल्लतल्ल संचालनमा आएको छ। जिल्लामा उपलब्ध प्रमुख भौतिक पूर्वाधारको अवस्था निम्नानुसार छ ।

### *२.६.१ सडक यातायात*

कालिकोट जिल्लाको सडक निर्माणको काममा जिल्ला विकास समिति, गाविसहरू तथा सडक विभाग मुलरूपमा संलग्न भएको देखिन्छ। जिल्लामा सडकको अवस्थाको विश्लेषण गर्दा मुख्य राजमार्ग खण्ड, जिल्ला सडक यातायात र ग्रामीण सडक सञ्जाल गरी २ खालको बाटो र सडक, पुल तथा झोलुङ्गे पुल रहेका छन् । हाल मुख्य राजमार्ग अन्तर्गत कर्णाली राजमार्गको कालिकोट खण्डले जिल्लाका भर्ता, मान्म, दाहाँ, पाखा, जुविथा, छाप्रे, राँचुली, फोइमहादेव लगायतका ८ वटा गाविसहरूलाई सडक यातायातले जोडेको छ, जुन हालसम्म ग्राभेलस्तरमा रहेको छ। यसवाहेक सहायक राजमार्गको रूपमा जितेबजार देखि कर्णाली किनार हुँदै हुम्ला जाने गरी निर्माण थालिएको कर्णाली कोरिडोर अर्को रणनैतिक सडकको रूपमा रहेको छ।

तालिका- ४७: जिल्ला सडक मूल सञ्जाल अन्तर्गतका सडक

| कोड | सडकको नाम | कुल लम्बाई | कालोपत्रे | खण्डास्मिथ | कच्ची |
|---|---|---|---|---|---|
| H13 | सुर्खेत–कालिकोट–जुम्ला राजमार्ग | ६० किमी | | २५ | ३५ |
| F172 | कर्णाली कोरिडोर | १८ किमी | | | १८ |
| **जम्मा** | | **७८ किमी** | | **२५** | **५३** |

*स्रोत: जिल्ला प्राविधिक कार्यालय, कालिकोट, २०७०*

### *२.६.१.१ जिल्ला सडक मुल सञ्जाल*

जिल्ला सदरमुकामबाट विभिन्न गाविसहरूलाई जोड्ने सडकलाई जिल्ला सडक मूल सञ्जाल नामकरण गरिएको छ। त्यसैगरी जिल्ला सडक यातायात गुरु योजनाले ११ वटा जिल्ला सडक मूल सञ्जालको ३१९.५ कि.मी. कुल लम्बाई रहेको विभिन्न सडक खण्डको परिकल्पना गरी केही सडकहरूको निर्माण कार्य अघि बढिरहेको छ। जिल्लामा निर्माणाधीन यस्ता सडक सञ्जालहरूमा सवारी साधन सञ्चालनमा आएका छैनन्।
सडकहरू देहायबमोजिम छन्।

तालिका- ४८: जिल्ला सडक मूल सञ्जाल अन्तर्गतका सडक

| क्र. सं. | सडकको नाम | लम्बाइ (किमी) | सडकको अवस्था | | सडकले पार गर्ने/छुने बस्तीहरू |
|---|---|---|---|---|---|
| | | | ट्याक खुलेको | नया निर्माण गर्नुपर्ने | |
| १ | मान्म–बदालकोट–राम्नाकोट | २८.५ | ५.५ | २३ | मान्म,बदालकोट, राम्नाकोट |
| २ | खुलालु–लालु–मालकोट–रूप्सा | ३५.१५ | ०.८ | ३४.३५ | लालु, मालकोट, रूप्सा |
| ३ | रकु–कोटवाडा–कुमालगाउँ | २९.४ | ०.४९५ | २८.९०५ | रकु, कोटवाडा, कुमालगाउँ |
| ४ | हुल्म–भर्ता | २२.२ | १२ | १०.२ | भर्ता |
| ५ | हुल्म–सुकाटीया–कालिका–गेला –ओदानकु–चिल्खाया | ४२.५ | १.८ | ४०.७ | भर्ता, सुकाटीया, कालिका, गेला, ओदानकु, चिल्खाया |
| ६ | रकु–मेहलमुडी–मुम्रा | २०.५ | ०.४९५ | २०.००५ | रकु, मेहलमुडी, मुम्रा |
| ७ | सान्नीघाट–फुकोट–स्यूना–सिपखाना | १९.१ | ० | १९.१ | फुकोट, स्यूना, सिपखाना |
| ८ | नुवाघरबेसी – नानीकोट | २८.२ | ० | २८.२ | नानीकोट |
| ९ | पाखा – छाप्रे – जुविथा | १९.३ | ०.८ | १८.५ | पखा, छाप्रे, जुविथा |
| १० | जारकोट–राम्नाकोट–थिर्पु–खिन– धौलागोह | ७०.२ | ० | ७०.२ | थिर्पु, खिन, धौलागोह |
| ११ | नाग्म – फोइमहादेव | ४.२५ | ०.४ | ३.८५ | फोइमहादेव |
| १६ | महावु – गाल्जे | २० | ०.२ | १९.८ | चिल्खाया, ओदानकु |
| जम्मा | | ३३९.३ | २२.४९ | ३१६.८ | |

*स्रोत: जिल्ला सडक यातायात गुरुयोजना, जिल्ला प्राविधिक कार्यालय, २०७०*

### *२.६.१.२ ग्रामीण पैदलमार्ग सञ्जाल*

सडक मार्ग नपुगेका गाउँबस्तीहरूमा पुरातन रूपमा मानिसहरू आवत जावत गर्न पैदलमार्गहरूको निर्माण हुँदै आएका छन्। कतिपय पैदलमार्गहरू एक जिल्लादेखि अर्को जिल्ला र प्रमुख व्यापापरिक एवम् प्रशासनिक केन्द्रहरू जोड्ने गोरेटो बाटोहरू रहेका छन्। कालिकोट जिल्लाका प्रमुख पैदलमार्ग र सहायक बाटाहरू देहाय अनुसार रहेका छन्।

तालिका– ४९: जिल्ला सडक मूल सञ्जाल अन्तर्गतका सडक

| प्रमुख पैदल मार्गहरू | सहायक बाटोहरू |
|---|---|
| ✱ खुलालु - भानाकोट (अछाम)<br>✱ हाउडी - वजाङ्गनेटा (दैलेख)<br>✱ डिल्लीकोट - माहाबु, रानीवन (दैलेख)<br>✱ नाग्म - रारालिही (जुम्ला)<br>✱ नानीकोट - लैफु (वाजुरा)<br>✱ धौलागोह - साप्पाटा (वाजुरा)<br>✱ भर्ता - कराले (दैलेख)<br>✱ थिर्पु - धौलागोह, लामाबजार (वाजुरा) | ✱ लालु - कालाभिड (अछाम)<br>✱ माल्कोट - रामारोशन (अछाम)<br>✱ मुम्रा - वडिमालिका (वाजुरा)<br>✱ खिन - जाफे (जुम्ला)<br>✱ थिर्पु - सुनावाडा, माछालेख (जुम्ला)<br>✱ चुली - पुगलेख (पाताखोला जुम्ला)<br>✱ भर्ता - छाती (पिपलकोट, दैलेख)<br>✱ राराकाटीया - चखेली, ब्याहुली (दैलेख)<br>✱ खिन - वाखेलाखे (जुम्ला पिगि)<br>✱ कालिका - वल्लेख (दैलेख)<br>✱ चिल्खारुङ - चाखुरेलेख (दैलेख)<br>✱ राचुली - रताडा धाडैपाखी (जुम्ला) |

*वार्षिक जिल्ला विकास योजना, कालिकोट, २०७०*

### *२.६.१.३ पुल तथा झोलुङ्गे पुलहरू*

कालिकोट जिल्लामा हालसम्म सडकमार्गमा मान्म र भर्ता गाविसबीच सेरीघाटमा तिला नदी माथि एउटा पुल सञ्चालनमा रहेको र थप ४ वटा पक्की पुलहरू निर्माणको चरणमा रहेका छन् ।

तालिका– ५०: कालिकोट जिल्लाका मोटरेबल पुलहरू

| क्र.स. | पुलको नाम | नदी खोला | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | सेरीघाट | तिला | वेलिब्रिज चालू अवस्थामा | |
| २ | कालेखोला | | पक्कीपुल निर्माणाधीन | |
| ३ | टाकुल्ला | | निर्माणाधीन | |
| ४ | खल्लाघाट | | निर्माणाधीन | |
| ५ | नाग्म | नाग्मगाड | सञ्चालनमा रहेको | |

*स्रोत: जिल्ला प्राविधिक कार्यालय, २०७०*

पहाडी जिल्लाहरूमा झोलुङ्गे पुल महत्वपूर्ण यातायात पूवाधारको रूपमा रहिआएको छ । यसले नदी उपत्यका र पहाडी ढालमा बसोबास गर्ने मानिसहरूलाई यात्रामा सहजता प्रदान गर्दछ । कालिकोट जिल्लामा पनि विगतदेखि झोलुङ्गे पुल निर्माण मार्फत यात्रामा खोला नदीहरू तर्न सहज हुने गरी निर्माण गरिएको थियो । यस्ता पुलहरू मध्ये केही पुराना र जिर्ण भई पुनर्निर्माण गर्नुपर्ने अवस्थामा छन् भने धेरैजसो चालु हालतमा रहेका छन् । कालिकोटमा रहेका झोलुङ्गे पुलहरू निम्नानुसार रहेका छन्:

तालिका– ५१: कालिकोट जिल्लाका झोलुङ्गे पुलहरूको विवरण

| क्र.स. | पुलको नाम | लम्बाई | नदी/खोला | जोडिने गाविसहरू | | निर्माण वर्ष |
|---|---|---|---|---|---|---|
| 1 | Raraghat | 86 | Tilanadi | Sukatiya | Manma | 1982/083 |
| 2 | Simlagad | 54.5 | Simlagad | Daha | Daha | 2002/003 |
| 3 | Pantadi | 52 | Tilanadi | Gela | Pakha | 1983/084 |
| 4 | Lubra | 72 | Tilanadi | Chilkhaya | Pakha | 2001/002 |
| 5 | Serabada | 66.3 | Tilanadi | Chilkhaya | Pakha | |
| 6 | Jarkot | 93.4 | Karnali | Ramnakot | Nanikot | 1985/086 |
| 7 | Kuhepani | 95 | Karnali | Thirpu | Nanikot | 1997/098 |
| 8 | Laphagad | 53.8 | Laphagad | Ramnakot | Ramnakot | 2007/008 |
| 9 | Phugad i | 24.5 | Phugad | Nanikot | Phukot | 1993/094 |
| 10 | Phugad II | 55 | Phugad | Phukot | Phukot | 2007/008 |
| 11 | Chiplepahara | 82 | Sannigad | Mehalmudi | Syuna | 2012/013 |
| 12 | Sannigad | 48 | Sannigad | Mumra | Mehalmudi | 2012/013 |

| क्र.स. | पुलको नाम | लम्बाई | नदी/खोला | जोडिने गाविसहरू | | निर्माण वर्ष |
|---|---|---|---|---|---|---|
| 13 | Sannighat | 60 | Sannigad | Syuna | Mehalmudi | 1988/089 |
| 14 | Khotekhola | 57 | Sannigad | Syuna | Mehalmudi | |
| 15 | Jatada | 96 | Jatadakhola | Rupsa | Rupsa | 2008/09 |
| 16 | Lalighat | 130 | Karnali | Kotbada | Manma | 1992/093 |
| 17 | Rangil | 111 | Karnali | Raku | Badalkot | 1996/097 |
| 18 | Jitegada | 145 | Karnali | Bharta | Kotbada | 2007/08 |
| 19 | Bheragad | 62 | Bheragad | Kumalgaun | Malkot | |
| 20 | Khulalu | 41 | Khulalugad | Kotbada | Lalu | 1977/078 |
| 21 | Bhartagad | 56.6 | Bhartagad | Bharta | Bharta | 2007/008 |
| 22 | Kalapahara | 75 | Tilanadi | Sukatiya | Manma | |
| 23 | Baligad | 45.6 | Baligad | Sukatiya | Kalika | 1999/2000 |
| 24 | Tiseli | 39.5 | Tilanadi | Kalika | Daha | |
| 25 | Ghattegad | 69 | Ghattegad | Kalika | Gela | 2011/012 |
| 26 | Jhyagad | 57 | Jhyagad | Gela | Odanaku | |
| 27 | Padmagad | 56 | Padmagad | Odanaku | Chilkhaya | 1983/084 |
| 28 | Jumliodar | 68 | Caukhola | Pakha | Pakha | 2011/012 |
| 29 | Tallobali | 72 | Tilanadi | Chhapre | Chilkhaya | 2011/012 |
| 30 | Galjesanghu | 38 | Tilanadi | Ranchuli | Jubitha | |
| 31 | Ranchuli | 65 | Tilanadi | Ranchuli | Ranchuli | |
| 32 | Ratada | 86 | Tilanadi | Ranchuli | Phoi Mahadev | 2008/09 |
| 33 | Dursi Dunikar | 96 | Dursikhola | Thirpu | Dhaulagoha | 2009/2010 |
| 34 | Tibgad | 29.8 | Tibgad | Thirpu | Dhaulagoha | 1987/088 |
| 35 | Rahagad | 97 | Rahagad | Kotbada | Malkot | |
| 36 | Talasera | 100 | Tilanadi | Gela | Daha | |
| 37 | Phugad III | 82 | Phugad | Phukot | Phukot | 2013/014 |
| 38 | Bhartagad II | 70 | Bhartagad | Bharta | Sukatiya | 2013/014 |
| 39 | Bharata | 73 | Rahagad | Kumalgaun | Malkot | |
| 40 | JhyagadII | 53 | Jhyagad | Odanaku | Gela | 2013/014 |

*स्रोतः जिविस कालिकोट, २०७०*

जिविस कालिकोटसँग रहेको तथ्याङ्क अनुसार जिल्लामा हालसम्म ४० वटा झोलुङ्गे पुल निर्माण भएका छन् ती मध्ये केही पुलहरू दातृ निकायको सहयोगमा र केही पुलहरू दुर्गम क्षेत्र विकास समितिले निर्माण गरेका हुन् । उक्त पुलहरूमध्ये ७ वटा सन् १९९० भन्दा अघि निर्माण भएकाले तिनीहरूको मर्मत सम्भारमा यथासिघ्र ध्यान जानुपर्ने देखिन्छ । त्यसैगरी ५ वटा पुलहरू बाढीपहिरोले क्षतिग्रस्त भई प्रयोगमा ल्याउन नमिल्ने भएका छन् भने ४ वटा पुलहरू १०० मिटरभन्दा बढी लम्बाई भएको हुँदा तिनीहरूको सञ्चालनमा विशेष ध्यान जानु आवश्यक छ ।

### २.६.२ सञ्चार प्रणाली

कालिकोट जिल्लाको सञ्चार प्रणालीमा परम्परागत कटुवाल प्रथादेखि हुलाक र अकाशवाणी हुँदै आधुनिक इन्टरनेट सेवासम्मको बिस्तार भएको छ । आधुनिक सञ्चार साधनहरू मोबाइल सेवा जिल्लाका अधिकांश गाविसहरूमा बिस्तार भएको पाइन्छ भने इन्टरनेट सेवा मान्म बजार क्षेत्रमा केन्द्रित देखिन्छ । जिल्लामा उपलब्ध अन्य सञ्चार माध्यमहरूमा ल्याण्डलाइन टेलिफोन, फ्याक्स, इमेल, हुलाक सेवा, कुरियर सेवा, रेडियो, एफ.एम., स्थानीय एवम् राष्ट्रिय पत्रपत्रिका तथा विभिन्न टेलिभिजन च्यानलहरू रहेका छन् । टेलिफोन (राष्ट्रिय तथा अन्तराष्ट्रिय) सेवा, मोबाइल, इमेल, इन्टरनेट जस्ता सेवाहरू सेवा प्रदायक कम्पनीहरू नेपाल टेलिकम, एनसेल, तथा युटिएल मार्फत् उपलब्ध छ भने हुलाक सेवा जिल्ला हुलाक कार्यालय र अन्तर्गतका कार्यालयहरूले प्रदान गरिरहेका छन् ।

#### २.६.२.१ हुलाक सेवा

जिल्लामा चिठी पत्र तथा पत्रपत्रिका आदान प्रदान गर्ने प्रयोजनका लागि जिल्ला हुलाक कार्यालय र यसअन्तर्गत इलाका हुलाक र अतिरिक्त हुलाकहरू स्थापना गरिएका छन् । अतिरिक्त हुलाकले टिकट बिक्री, रजिष्ट्रि तथा चिठी पत्र दर्ता एवम् वितरण र डाँक आदान प्रदान गर्दछन् । इलाका हुलाकहरूले अतिरिक्त हुलाकको कामका अतिरिक्त टेलिसेन्टरमार्फत् फोन

सेवा, इन्टरनेट सेवा, कम्प्युटरसम्बन्धी तालिम सेवा प्रदान गर्दछन् । जिल्ला हुलाक कार्यालयले यसका अतिरिक्त पत्रपत्रिका दर्ता तथा नवीकरण, केवल नेटवर्क दर्ता तथा नवीकरण, धनादेश, बचत बैंक तथा बीमा दर्ता भुक्तानी र लोकसेवा आयोगका फाराम स्वीकृति गर्ने काम गर्दछ । जिल्लामा हुलाक कार्यालयहरूको वितरण निम्नअनुसार छ :

तालिका- ५२: जिल्लामा हुलाक सेवाको अवस्थिति

| क्र.सं. | हुलाक कार्यालय | अवस्थित स्थान | प्रदान गरिने सेवाहरू |
|---|---|---|---|
| १ | जिल्ला हुलाक | मान्म | चिठीपत्र, धनादेश, बचत बैंक, बीमा भुक्तानी, लोकसेवा फारम स्विकृति |
| २ | इलाका हुलाक | सानी रास्कोट, मेहलमुडी, कोटवाडा, कालिका, पादमघाट, जुविथा, थिर्पु | चिठीपत्र दर्ता र वितरण, टेलिसेन्टर |
| ३ | अतिरिक्त हुलाक | भर्ता, सुकाटीया, कुमालगाउँ, लालु, रूप्सा, मालकोट, सिपखाना, रकु, मुम्रा, फुकोट, नानीकोट, खिन, धौलागोह, बदालकोट, दाहाँ, छाप्रे, पाखा, राँचुली, फोइमहादेव, गेला, ओदानकु, चिल्खाया | चिठीपत्र आदान प्रदान, दर्ता र वितरण |

*स्रोत: जिल्ला हुलाक कार्यालय, २०७०*

कालिकोट जिल्लामा हालसम्म द्रुतसेवा सञ्चालनमा ल्याइएको छैन । जिल्लामा कुल ७ वटा इलाका हुलाक तथा २२ वटा अतिरिक्त हुलाक रहेका छन् । हरेक गाविसमा कम्तिमा एक वटा अतिरिक्त हुलाकको व्यवस्था गरिएको छ ।

### २.६.२.२ मोबाइल तथा इन्टरनेट सेवा

साथै हुलाक सेवाले जिल्ला र इलाका हुलाकमार्फत् इन्टरनेट इमेल सुविधा समेत प्रदान गरिरहेका छन् । जिल्लामा टेलिफोन लाइन तथा मोबाइल सेवा वितरणको स्थिति देहायबमोजिम रहेको छ ।

तालिका- ५३: जिल्लामा मोबाइल तथा टेलिफोन सेवाको संख्या

| क्र.सं. | टेलिफोन/मोबाइल सेवाको प्रकार | संख्या | कैफियत |
|---|---|---|---|
| १ | टेलिफोन लाइन (ल्याण्डलाइन) | २६९ | क्षमता ३०० |
| २ | मोबाइल (सिमकार्ड, रिम कार्ड) | ४१००० | क्षमता ३५००० |
| ३ | *स्काइ रिम कार्ड* | ११००० | |
| ४ | *नमस्ते सिमकार्ड* | ३०००० | |
| ५ | एडीएसएल लाइन | ८७ | मान्म खाडाचक्र बजारमा मात्र |
| ६ | टावर निर्माण | ९ | एउटा निर्माणधीन रहेको |
| ७ | वाईम्याक्स | | क्षमता असीमित |

*स्रोत: नेपाल टेलिकम, कालिकोट २०७०*

### २.६.२.३ पत्रपत्रिका

पत्रपत्रिका अन्तर्गत जिल्लामा राष्ट्रियस्तरका प्रायः सबै पत्रपत्रिकाको पहुँच रहेको छ भने स्थानीय स्तरमा विभिन्न पत्रपत्रिकाहरू प्रकाशित हुने गरेका छन्, जुन निम्नानुसार दिइएको छ ।

| दैनिक पत्रपत्रिका | साप्ताहिक पत्रपत्रिका | पाक्षिक/मासिक पत्रपत्रिका |
|---|---|---|
| खाडाचक्र, हाम्रो कर्णाली खबर | अभिभारा, कर्णाली पाइला, मालिका पोष्ट | अभिलेख छैन |

माथिको तालिका अनुसार कालिकोट जिल्लामा २ वटा दैनिक पत्रिका, ३ वटा साप्ताहिक पत्रिका रहेका छन् भने पाक्षिक मासिक पत्रिका प्रकाशनको अभिलेख पाइएको छैन ।

### २.६.२.४ रेडियो तथा टेलिभिजन

रेडियो नेपाल अन्तर्गत सर्टवेभ तथा मिडियम वेभको रेडियोका अतिरिक्त रेडियो नेपाली आवाज, नयाँ कर्णाली एफ.एम. रहेका छन् । त्यसबाहेक रेडियो नेपालको रिले स्टेशन पनि एफएम मार्फत केन्द्रीय प्रशारणको प्रत्यक्ष कार्यक्रमहरू मार्फत सुन्न सकिन्छ भने चुलिमालिका र चंखेली एफएम परीक्षण प्रशारणमा रहेकाछन । टेलिभिजनको हकमा सदरमुकाम लगायतका अधिकांश गाविसहरूमा नेपाल टेलिभिजन र अन्य राष्ट्रियस्तरका च्यानलहरू हेर्न सकिन्छ । यसका साथै केही भारतीय च्यानलहरू समेत हेर्न सकिन्छ ।

### २.६.३ जलविद्युत

विद्युत दैनिक जीवनलाई सुविधा पुऱ्याउने तथा आर्थिक विकासका लागि पूर्व आधार समेत हो । यसकारण जिल्लाका सबै घरपरिवारको पहुँचमा विद्युत पुग्नु आवश्यक छ । जिल्लामा कुल परिवार संख्या २३०१३ (जनगणना २०६८) भएकोमा कालिकोटमा नेपाल विद्युत प्राधिकरणको कालिकोट वितरण शाखा मार्फत सदरमुकाम मान्म सहित ७ गाविसमा २००० ग्राहकलाई विद्युत् सेवा उपलब्ध भएको छ। २०६३ सालमा निर्माण सम्पन्न भई सञ्चालनमा आएको ५०० किलोवाट क्षमताको सान्नीगाड साना जलविद्युत आयोजना मार्फत विद्युत सेवा प्रदान गरिएको भएपनि २०६९ साल आषाढ ३ गतेको बाढीले क्षतिग्रस्त भएकोमा हाल आएर तीन वर्ष पछि ग्राहकहरूले विद्युत सेवा उपभोग गर्न पाएका छन । यसबाहेक अन्य गाविसहरूमा लघुजलविद्युत आयोजनाहरू मार्फत सेवा प्रवाह हुँदै आएको छ ।

जिल्लामा राष्ट्रिय तथा स्थानीय स्तरका विभिन्न जलविद्युत् परियोजनाहरूको पहिचान भई अध्ययन कार्य अघि बढिरहेको छ । तिला हाइड्रोपावर कम्पनीले कालिकोट जिल्लामा बाँधस्थल र पावरहाउस रहने गरी कुल ४५० मेगावाटको २ वटा जलविद्युत आयोजनाहरूको अध्ययन कार्य अन्तिम चरणमा पुऱ्याएको छ । ठूला आयोजना निर्माण भएको अवस्थामा जिल्लामा सम्पूर्ण गाविसहरूमा विद्युत सेवा उपलब्ध हुने देखिन्छ । जिल्ला भित्र रहेका खोलानालाहरूमा अध्ययन भएका विद्युत आयोजनाहरूको विवरण निम्नानुसार छन् ।

तालिका– ५४: कालिकोट जिल्लामा पहिचान भएका जलविद्युत आयोजनाहरूको विवरण

| क्र.स. | आयोजनाको नाम | क्षमता | नदी, खोला | हालको अवस्था |
|---|---|---|---|---|
| १ | तिला १ जलविद्युत आयोजना | ४५० मे.वा. | तिला | विद्युत खरिद सम्झौताको प्रक्रिया |
| २ | तिला २ जलविद्युत आयोजना | ४५० मे.वा. | तिला | विद्युत खरिद सम्झौताको प्रक्रिया |
| ३ | अपर कर्णाली बी आयोजना | ६० मे.वा. | कर्णाली | सर्भे अनुमति प्राप्त |
| ४ | अपर कर्णाली st-1 आयोजना | १८४ मे.वा. | कर्णाली | सर्भे अनुमति प्राप्त |
| ५ | रुरुबन्चु १ आयोजना | १३.५ मे.वा. | बन्चु गाड | निर्माण अनुमतिका लागि आवेदन |
| ६ | रुरुबन्चु २ आयोजना | १२ मे.वा. | बन्चु गाड | निर्माण अनुमतिका लागि आवेदन |

*स्रोत: विद्युत विकास विभाग, २०७०*

### २.६.४ वैकल्पिक ऊर्जा

दिगोरूपमा निरन्तर उत्पादन गरिरहन सकिने भएकाले दिगो विकासको सन्दर्भमा वैकल्पिक ऊर्जाको वर्तमान समयमा महत्व बढ्दै गएको छ । वैकल्पिक ऊर्जाका स्रोतहरू नवीकरणीय भएकाले वैकल्पिक ऊर्जालाई नवीकरणीय ऊर्जासमेत भनिन्छ । पहाडी भू-भागका अधिकांश बस्ती छरिएर रहेका र यस्ता सबै बस्तीमा केन्द्रीय विद्युत् प्रशारण लाइन बिस्तार गर्न खर्चिलो हुने भएको सन्दर्भमा ग्रामीण दुर्गम गाउँमा समेत स्थानीय स्रोत साधनको प्रयोगबाट सञ्चालनमा आउने र तुलनात्मक रूपमा थोरै लगानीबाट सञ्चालन हुन सक्ने भएको हुँदा केही क्षेत्रहरूमा यसको उपयोगिता लोकप्रिय हुँदै गएको छ । यहाँ वैकल्पिक ऊर्जा अन्तर्गत यस जिल्लामा लघु जलविद्युत् आयोजना, पेल्ट्रिक सेट, सोलार, बायोग्याँस, सुधारिएको चुलो सम्बन्धी विवरणलाई समेटिएको छ ।

#### २.६.४.१ लघु जलविद्युत

सामान्यतया पानीको प्राकृतिक वहावबाट दुर्गम ग्रामीण गाउँमा उपयोग गर्ने प्रयोजनले उत्पादन गरिने १०० किलोवाट क्षमताभन्दा कमका जलविद्युत् आयोजनाहरूलाई लघुजलविद्युतको परिभाषामा समेट्ने गरिएको छ । लघु जलविद्युत्को उपयोगितालाई ध्यान दिँदै केही वर्षयता जिल्लामा धमाधम लघु जलविद्युत् बिस्तार भइरहेको छ ।

तालिका- ५५: लघु जलविद्युत् आयोजना र लाभान्वित घरधुरी

| क्र.स. | लघु जलविद्युत् आयोजना | गा.वि.स. | क्षमता (कि.वा.) | लाभान्वित घरधुरी |
|---|---|---|---|---|
| १. | नाग्मगाड लघुजलविद्युत | फोइमहादेव | ५७ | ६८६ |
| २. | घट्टेगाड लघुजलविद्युत | छाप्रे | १८ | ३१८ |
| ३. | थिर्पुगाड लघुजलविद्युत | थिर्पु | २० | २५० |
| ४. | साना माइक्रो हाइडो | दाहाँ | १५ | १८५ |
| ५. | माल्कोट माइक्रो हाइड्रो | माल्कोट | ३० | ६०० |
| ६. | पिको हाइड्रो | नानीकोट | ३ | |
| ७. | समलागाउँ पिको हाइड्रो | कालिका | ३ | ३५ |

| क्र.स. | लघु जलविद्युत् आयोजना | गा.वि.स. | क्षमता (कि.वा.) | लाभान्वित घरधुरी |
|---|---|---|---|---|
| ८. | भ्याकुन्ने गाड | गेला | २५ | |
| ९. | बन्चुगाड | चिल्खाया | १०० | |
| १०. | भर्तागाड | भर्ता | ४७ | ८५० |
| ११. | हाउडी गाड | सुकाटीया | ३० | ५७० |
| १२. | ओदानकु | ओदानकु | ३० | ६२५ |
| जम्मा | | | ३७८ | |

*स्रोतः वार्षिक जिल्ला विकास योजना, जिविस कालिकोट, २०७०*

### *२.६.४.२ सौर्य ऊर्जा तथा सुधारिएको चुल्हो*

महत्वपूर्ण वैकल्पिक ऊर्जाका रूपमा रहेको सौर्य ऊर्जाको बिस्तार जिल्लामा उल्लेख्य रूपमा भएको छ । जिल्लामा हालसम्म सौर्य ऊर्जाबाट लाभान्वित परिवार संख्याका आधारमा उर्जा क्षेत्रको विकासको स्थिति थाहा पाउन सकिन्छ । यस सम्बन्धी संक्षित विवरण निम्नअनुसार छ ।

तालिका- ५६: कालिकोटमा घरेलु सौर्य ऊर्जा प्रणालीको उपयोगको अवस्था

| क्र.सं. | गाविस | घरधुरी | सौर्य ऊर्जा जडित घरधुरी | सुधारिएको चुल्हो जडित घरधुरी |
|---|---|---|---|---|
| १ | बदालकोट | ५८९ | १८५ | ५२ |
| २ | छाप्रे | ६०१ | २१० | ६०० |
| ३ | चिल्खाया | ७४९ | ६०२ | ३५ |
| ४ | दाहा | ८४९ | २५० | १२० |
| ५ | धौलागोह | १,११२ | १००९ | २० |
| ६ | गेला | ७०६ | | |
| ७ | जुविथा | ४०७ | २५० | १५० |
| ८ | खिन | ६०७ | १५० | ५० |
| ९ | कोटवाडा | ६८६ | ४०० | ३०० |
| १० | कुमालगाउँ | ६२१ | ७५० | ७५० |
| ११ | लालु | ९८४ | | |
| १२ | माल्कोट | ६८२ | ७०० | १० |
| १३ | मान्म | १,६९६ | | |
| १४ | भर्ता | १,२६५ | १५८१ | ३५० |
| १५ | मेहलमुडी | ८१६ | | |
| १६ | कालिका | ४९७ | ४५० | ५० |
| १७ | मुम्रा | ५४८ | ३०० | ३० |
| १८ | नानीकोट | ९७३ | | ४६ |
| १९ | ओदानकु | ६३८ | ६७५ | ४ |
| २० | पाँखा | ६९१ | ४०२ | १२ |
| २१ | फोइमहादेव | ६१७ | | |
| २२ | फुकोट | ८९७ | | |
| २३ | रकु | ७४१ | | |
| २४ | राम्नाकोट | ६२५ | ८८० | ४८५ |
| २५ | राँचुली | ४२२ | ३०५ | ४१ |
| २६ | रूप्सा | ६१२ | २०० | १५० |
| २७ | सिपखाना | ८७७ | | |
| २८ | स्युना | ९११ | २०० | ३१ |
| २९ | सुकाटीया | ८८७ | ११९४ | ५० |
| ३० | थिर्पु | ७०२ | | |
| जम्मा | | | १०६९३ | ३३३६ |

*स्रोतः ऊर्जा शाखा, जिविस कालिकोट, २०७०*

वैकल्पिक ऊर्जाका विभिन्न विधिहरूमध्ये सुधारिएको चुल्हो एउटा हो, यसले परम्परागत चुल्होका तुलनामा कम दाउरा खपत गरी बढी ऊर्जा प्रदान गर्न सक्ने भएकाले यसको उल्लेख्य महत्व रहेको छ । जिल्लामा सुधारिएको चुल्होको पनि व्यापकरूपमा बिस्तार गरिएको छ । जिल्लाभरिमा सुधारिएको चुल्होबाट अनुमानित पाँच हजार जति घरधुरी लाभान्वित भएको देखिन्छ ।

### *२.६.४.३ उर्जा खपतको अवस्था*

जिल्लामा घरेलु, औद्योगिक तथा संस्थागत क्षेत्रमा विभिन्न क्रियाकलापहरूका लागि भिन्ना भिन्नै स्रोतहरूबाट उर्जा प्राप्त हुने गरेको छ । कुल उर्जा खपतको ९६.३१ प्रतिशत हिस्सा परम्परागत दाउराबाट प्राप्त हुने गरको देखिन्छ भने मट्टितेलबाट १.११ प्रतिशत, कृषिको उपउत्पादनबाट २.१२ प्रतिशत र अन्यबाट ०.४६ प्रतिशत प्राप्त हुने देखिन्छ । जिल्लाको कुल घरधुरीमध्ये ठूलो हिस्साले खाना पकाउने प्रयोजनका लागि परम्परागत दाउराको प्रयोग गर्ने गरेका छन् भने उज्यालोका लागि भने वैकल्पिक नवीकरणीय उर्जाको प्रयोग पनि उल्लेख्य नै देखिन्छ ।

तालिका– ५७: जिल्लामा घरेलु उर्जा खपतको स्थिति

| सि.नं. | उर्जाको स्रोत | खाना पकाउन | | बत्ती बाल्न | |
|---|---|---|---|---|---|
| | | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत |
| १ | दाउरा /काठ | २२५४४ | ९७.९८ | ५८० | २.५२ |
| २ | मटितेल | १० | ०.०४ | ३२८ | १.४३ |
| ३ | एलपी ग्याँस | २४८ | १.०८ | ० | ०.०० |
| ४ | बायोग्याँस | ३४ | ०.१५ | ९ | ०.०४ |
| ५ | जलविद्युत | १० | ०.०४ | २६७४ | ११.६२ |
| ६ | सोलार | ० | ०.०० | ८५४५ | ३७.१४ |
| ७ | अन्य | १६२ | ०.७० | १०८७२ | ४७.२५ |
| | जम्मा | २३००८ | १००.०० | २३००८ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना, २०६८*

### *२.६.५ खानेपानी तथा सरसफाई*

खानेपानी तथा सरसफाइका क्षेत्रमा क्रमिक सुधार हुदै गए पनि आशा गरे अनुरूपका उपलब्धीहरू भने अझै हांसिल हुन सकेका छैनन् । हाल कालिकोट जिल्लाको खानेपानीमा पहुँच पुगेको जनसंख्या ७९ प्रतिशत र सरसफाइमा शतप्रतिशत रहेको छ । यसरी खानेपानीमा पहुँच अवस्थालाई हेर्दा सहस्राब्दी विकास लक्ष्यहरू पूरा हुने देखिए पनि निर्माण भएका खानेपानी तथा सरसफाइ आयोजनाहरूको कमजोर व्यवस्थापन, प्राविधिक जनशक्ति र निर्माण सामग्रीको सीमित उपलब्धता, सरोकारवाला निकायहरू बीचको कमजोर समन्वय आदि कारणहरूले गर्दा खानेपानी आयोजनाहरूको सञ्चालन प्रक्रियामा केही समस्या देखिएका छन् ।

तालिका- ५८: खानेपानी तथा सरसफाईसम्बन्धी आधारभूत स्थिति

| सि.नं. | विवरण | इकाई | २०६९/७० को स्थिति |
|---|---|---|---|
| १ | खानेपानीमा पहुँच भएका घरधुरी | संख्या | १८२९७ (८० प्रतिशत) |
| २ | पाइप मार्फत खानेपानी प्रयोग गर्ने घरधुरी | संख्या | १३३३६ |
| ३ | ढुंगे धारा प्रयोग गर्ने घरधुरी | सख्या | ८०१८ |
| ४ | खोला नदीको पानी पिउने घरधुरी | संख्या | ८९० |
| ५ | अन्य स्रोत प्रयोग गर्ने घरधुरी | संख्या | ७५३ |
| ६ | चर्पी भएका घरधुरी | संख्या | २२७५७ |
| ७ | - पक्की | संख्या | २१६०६ |
| ८ | - कच्ची | संख्या | ११५१ |
| ९ | सार्वजनिक सौचालय | संख्या | ४ |
| १० | खुल्ला दिशामुक्त क्षेत्र घोषणा भएका गाविस | संख्या | ३० |
| ११ | क्रियाशिल खानेपानी तथा सरसफाई उपभोक्ता समिति | संख्या | ८ |
| १२ | निर्माण तथा सुचारु ढलको लम्बाई | कि.मि. | छैन |
| १३ | फोहोर सङ्कलन तथा व्यवस्थापन स्थल | संख्या | १ (खाडाचक्र बजार) |

*स्रोत : खानेपानी तथा सरसफाइ सबडिभिजन कार्यालय, कालिकोट, के.त.वि., २०७०*

जिल्लाका कुल घरधुरी २३००८ रहेकोमा समग्र खानेपानी सुविधा उपलब्ध भएको घरधुरी १८२९७ अर्थात कुल घरधुरीको ८० प्रतिशत रहेको छ । यस मध्येमा ढुंगेधारा प्रयोग गर्ने ३५ प्रतिशत, खोला नदीको पानी प्रयोग गर्ने ३.८७ प्रतिशत र अन्य स्रोतको खानेपानी प्रयोग गर्ने घरधुरी करिब ३ प्रतिशत छ । खोला नदी र अन्य स्रोतको खानेपानी प्रयोग गर्ने घरधुरी संख्या अहिले पनि ठूलो रहेको, ढुंगेधारामा आउने परम्परागत पानीका मुहानहरू सुक्दै गएका र पाइपद्धारा वितरित पानीको धारा समेत ठूलो संख्या समस्याग्रस्त भएको हुँदा कालिकोटमा स्वस्थ खानेपानी वितरणमा ठूलो खाडल रहेको देखिन्छ ।

तर सरसफाईको क्षेत्रमा कालिकोटमा केही प्रगति देखिन्छ । जिल्लाका कुल घरधुरी मध्ये ९९ प्रतिशत घरधुरमि सौचालय निर्माण भएको छ भने मध्यपश्चिमको पहाडमा खुला दिशामुक्त जिल्लाको रूपमा कालिकोट पहिलो पटक घोषणा हुनुले सरसफाईमा राम्रै प्रयासहरू भएको देखिन्छ । जिल्लाभरिमा सार्वजनिक शौचालयको संख्या ४ रहेको देखिन्छ । हालसम्म ढल निकासको लागि कुनै संरचना नबनेको भएपनि मान्म, नाग्म र हुल्म बजारमा ढल निकासका लागि प्रवन्ध गर्नुपर्ने देखिएको छ । साथै फोहरमैला व्यवस्थापनको लागि मान्म खाडाचक्र बजारमा डम्पिङ्ग साइट निर्माण गर्न जग्गाको व्यवस्था भएको छ ।

तालिका – ५९: कालिकोट जिल्लामा खानेपानी तथा सरसफाईको अवस्था

| क्र.स. | गाविस | पानीमा पहुँच | | चर्पिमा पहुँच भएका | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | घरधुरी | प्रतिशत | घरधुरी | प्रतिशत | |
| १ | कुमालगाउँ | ४७५ | ९४ | ५०५ | १०० | |
| २ | लालु | ४४२ | ४१ | १०८३ | १०० | |
| ३ | मालकोट | ४४८ | ८१ | ५५२ | १०० | |
| ४ | कोटवाडा | ३०७ | ४५ | ६८६ | १०० | |
| ५ | गेला | ६०२ | ८७ | ६९४ | १०० | |
| ६ | कालिका | ४८९ | १०० | ४८९ | १०० | |
| ७ | नानीकोट | ८०० | ८९ | ८९६ | १०० | |
| ८ | रूप्सा | ३९२ | ७१ | ५५० | १०० | |
| ९ | बदालकोट | ५३५ | १०० | ५३५ | १०० | |
| १० | राम्नाकोट | ७१९ | ७८ | ९१९ | १०० | |
| ११ | छाप्रे | ६२५ | १०० | ६२५ | १०० | |
| १२ | दाँहा | ७७३ | ७८ | ९८८ | १०० | |
| १३ | पाखा | ५९८ | ९९ | ६०७ | १०० | |
| १४ | रकु | ६१६ | १०० | ६१६ | १०० | |
| १५ | सुकाटीया | ८०६ | ९२ | ८७५ | १०० | |
| १६ | जुविथा | ३०३ | ८६ | ३५३ | १०० | |
| १७ | फुकोट | ७२७ | ९० | ८१२ | १०० | |
| १८ | चिल्खाया | ९८५ | ८७ | ११३६ | १०० | |
| १९ | भर्ता | ५३७ | ४७ | ११४४ | १०० | |
| २० | थिर्पु | ४२२ | ५२ | ८०७ | १०० | |
| २१ | मेहलमुडी | ५१९ | ८४ | ६१६ | १०० | |
| २२ | मुम्रा | ४२६ | ८३ | ५१२ | १०० | |
| २३ | सिप्खाना | ७८६ | ९७ | ८१३ | १०० | |
| २४ | स्यूना | ६९० | ९७ | ७१२ | १०० | |
| २५ | खिन | ५११ | ९३ | ५४७ | १०० | |
| २६ | धौलागोह | ९२४ | ६५ | १४१६ | १०० | |
| २७ | ओदानकु | ८०१ | ९९ | ८१३ | १०० | |
| २८ | राँचुली | ३९४ | ९७ | ४०८ | १०० | |
| २९ | फोईमहादेव | ६३० | ८३ | ७५६ | १०० | |
| ३० | मान्म | १०१५ | ७९ | ११३२ | ८८ | |
| | *जम्मा* | १८२९७ | ८० | २२५९७ | ९९ | |

*स्रोत: जिल्ला खानेपानी तथा सरसफाई सब–डिभिजन कार्यालय, २०७०*

माथिको तालिका हेर्दा खानेपानी सुविधाको लागि अधिकांश गाविसमा खानेपानीको पहुँच रहेको देखिए पनि कोटवाडा, लालु, भर्ता, थिर्पु, धौलागोह, रूपसा गाविसहरूमा जनसंख्याको ठूलो हिस्सा अहिले पनि खानेपानीको पहुँच भन्दा बाहिर रहेको देखिन्छ ।

## २.७ सामाजिक पूर्वाधार र सेवा

सामाजिक पूर्वाधार अन्तर्गत शिक्षा, स्वास्थ्य, सामाजिक कल्याण तथा सामाजिक सुरक्षा, महिला बालबालिका तथा सामाजिक समावेशीकरण, खेलकुद तथा मनोरञ्जन जस्ता मुलभूत विषयहरू पर्दछन् ।

### *२.७.१ शिक्षा क्षेत्र*

#### *२.७.१.१ जिल्लामा शैक्षिक संस्थाहरूको समग्र विकासक्रम*

कालिकोट जिल्लामा रहेका शैक्षिक संस्थाहरूले त्यहाँको शैक्षिक विकास कुन गतिमा भइरहेको छ भनी निर्क्यौल गर्न मद्दत गर्दछ । वि.सं. २००९ सालमा कालिका प्रावि मुग्राहाको स्थापना भई औपचारिक शिक्षाको प्रारम्भ भएको कालिकोट जिल्लामा वि.सं. २०२९ सालमा माध्यामिक तहको विद्यालय श्री वडिमालिका मावि रास्कोट स्यूनाको स्थापना भई सोही हाइस्कुलले पहिलो पटक २०३२ सालमा विद्यार्थीहरूलाई एसएलसी परीक्षामा पठाएको देखिन्छ । त्यसपछि यस जिल्लामा खुलेका विभिन्न शैक्षिक संस्थाहरूको प्रगति एवम् विकासको सम्बन्धमा रहेका विवरणहरूलाई यस प्रकार प्रस्तुत गरिएको छ ।

तालिका- ६०: जिल्ला स्थित शैक्षिक संस्थाहरूको एक झलक

| विवरण | २०५८ को स्थिति | २०६८ को स्थिति | कैफियत |
|---|---|---|---|
| कूल जनसङ्ख्या | ११६६२१ | १३६९४८ | |
| **सामुदायिक विद्यालय तर्फ** | | | |
| – प्राविधिक तथा व्यवसायिक शिक्षालय | ० | १ | |
| – उच्च माध्यमिक विद्यालय | | २४ | |
| – माध्यमिक विद्यालय | | ५२ | |
| – निम्न माध्यमिक विद्यालय | | ११२ | |
| – प्राथमिक विद्यालय | | २९० | |
| – विशेष शिक्षा र स्रोत कक्षाहरू | | ४ | |
| – वैकल्पक, खुला र गृहिणी विद्यालय | | १ | |
| – बाल विकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालय | | २१५ | |
| – धार्मिक विद्यालय | ० | ० | |
| **निजी विद्यालय तर्फ** | | | |
| – उच्चमाध्यमिक विद्यालय | ० | ० | |
| – माध्यमिक विद्यालय | | १ | |
| – निम्नमाध्यमिक विद्यालय | | १ | |
| – प्राथमिक विद्यालय | | ५ | |
| – बाल विकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालय | | ५ | |
| सामुदायिक अध्ययन केन्द्र | | ३० | |
| क्याम्पस | ० | ६ | |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, २०७०*

#### *२.७.१.२ आधारभूत शिक्षाका शैक्षिक सूचक*

आ.व. ०६९/०७० मा सबैका लागि शिक्षाका केही महत्वपूर्ण सूचकहरू मध्ये कालिकोट जिल्लाका केही आधारभूत सूचकहरूको विद्यमान स्थिति निम्नानुसार छ ।

तालिका- ६१: शिक्षा क्षेत्रका आधारभूत सूचकहरू

| क्र.सं. | सूचकहरू | शै.स. २०६९ को स्थिति | कैफियत |
|---|---|---|---|
| १ | आधारभूत तहमा तालिम प्राप्त शिक्षकको प्रतिशत | ९८.७ | |
| २. | शिक्षक विद्यार्थी अनुपात प्राथमिक तह | ५३.११ | |
| ३ | शिक्षक औसत हाजिरी दर (वार्षिक) | १८१ | |
| ४ | विद्यार्थी औसत हाजिरी दर (वार्षिक) | १२१ | |

| क्र.सं. | सूचकहरू | शै.स. २०६९ को स्थिति | कैफियत |
|---|---|---|---|
| ५ | वर्षिक सरदर विद्यालय संचालन दिन | १८७ | |
| ६ | वर्षिक सरदर कक्षा सन्चालन भएको दिन | १६७ | |
| ७ | साक्षरता प्रतिशत (५ वर्ष माथिको) सरदर | ६१.२९ | |
| ८ | साक्षरता प्रतिशत (छात्र / छात्रा अनुपात) | ७३.८३ /५०.१७ | |
| ९ | ५-१६ वर्ष उमेर समूहको जनसंख्या मध्ये विद्यालय जाने (प्रतिशत) | ८८ | |
| १० | विद्यालय जाने प्रतिशत (छात्र / छात्रा अनुपात) | ९०/८६ | |

*स्रोत: जिल्ला शिक्षा कार्यालय, २०७०*

### *२.७१.३ विद्यालय, विद्यार्थी, शैक्षिक जनशक्ति र कक्षा कोठा*

जिल्लामा स्थापित विद्यालय संख्या, विद्यालयमा रहेको शिक्षक दरबन्दी र उपलब्ध भौतिक सुविधा समग्र विद्यार्थी संख्याको अनुपातमा पर्याप्त छ वा छैन भन्ने विषय आवधिक जिल्ला विकास योजनाको सरोकारमा पर्दछ। यसका लागि विद्यालय तह अनुसारका विद्यार्थी र उपरोक्त विद्यार्थी संख्यालाई पर्याप्त हुने गरी सुविधाहरूको व्यवस्थापन गर्नु जरुरी छ। उक्त वर्गीकरण अनुसार विद्यार्थीहरूका लागि आवश्यक विद्यालय संख्या, शिक्षक/शिक्षिका तथा उपलब्ध कक्षाकोठाको संख्या निम्न अनुसार छ

तालिका- ६२: विद्यालय तह, विद्यार्थी संख्या र सो का लागि उपलब्ध शिक्षक/शिक्षिका तथा कक्षाकोठा

| विद्यालय तह | विद्यार्थी | | | शैक्षिक संस्था संख्या | कुल दरबन्दी संख्या (स्थायी, अस्थायी, राहत) | उपलब्ध कक्षाकोठा संख्या |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | कुल | | | |
| पूर्वप्राथमिक तह | ३१७३ | ३१७७ | ६३५० | २२० | २१५ | २१५ |
| प्राथमिक विद्यालय तह | १७९८० | १६९२७ | ३४८९८ | २९३ | ८८२ | ११६४ |
| निमावि तह | ६९६६ | ६५६७ | १३५२३ | ११३ | १४२ | ३१२ |
| मावि तह | २९४८ | ३५०० | ६४४८ | ५३ | १११ | १०८ |
| उच्च मावि तह | ११६४ | २०७६ | ३२४० | २४ | ४१ | ७२ |
| कुल | ३२२३१ | ३२२४७ | ६४४५९ | ७०३ | १३९१ | १८७१ |

*स्रोत: जिल्ला शिक्षा कार्यालय, २०७०*

### *२.७१.४ स्रोतकेन्द्र अनुसार विद्यालयको संख्या*

ग्रामीणस्तरमा विद्यालयहरूको शैक्षिक क्षमता अभिवृद्धिका लागि नेपाल सरकारले हरेक जिल्लामा विद्यालय स्रोत केन्द्रहरूको व्यवस्था गरेको छ। यी स्रोत केन्द्रहरूको उद्देश्य सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न सहयोग गर्नु भएकाले सम्बन्धित स्रोत केन्द्रमा विद्यालयहरूको चाप तथा सम्बन्धित क्षेत्रका विद्यालयहरूको शैक्षिक गुणस्तरबीच सकारात्मक सम्बन्ध रहेको हुन्छ। यसकारण प्रस्तुत तालिकामा स्रोतकेन्द्र अनुसार विद्यालयको संख्या प्रस्तुत गरिएको छ

तालिका- ६३: स्रोतकेन्द्र अनुसार विद्यालयहरूको वितरण

| स्रोत केन्द्र | बाल वि.के. | | प्रावि | | निमावि | | मवि | | एमावि | | सम्बन्धित गाविसहरूको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामु. | निजी | सामु. | निजी | सामु.. | निजी | सामु. | निजी | सामु. | निजी | |
| जुविथा | ३४ | | २३ | | ५ | | ५ | | ४ | | फोइमाहादेव, राँचुली, चिल्खाया, छाप्रे, जुविथा |
| गेला | ४० | | ३० | | ११ | | ५ | | २ | | दाहाँ, पाखा, गेला, कालिका, ओदानकु |
| मान्म | ३३ | | २६ | | ११ | | ४ | | ३ | | मान्म, सुकाटीया, भर्ता, बदालकोट |
| कोटवाडा | ३९ | | ३६ | | १४ | | ५ | | ६ | | रकु, कोटवाडा, कुमालगाउँ रूपसा, माल्कोट, लालु |
| रास्कोट | ३५ | | २६ | | ११ | | ३ | | ४ | | स्युना, फुकोट, सिप्खाना, मुम्रा, मेहलमुडी |

| स्रोत केन्द्र | बाल वि.के. | | प्रावि | | निमावि | | मवि | | एमावि | | सम्बन्धित गाविसहरूको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामु. | निजी | सामु. | निजी | सामु.. | निजी | सामु. | निजी | सामु. | निजी | |
| थिर्पु | ३४ | | ३७ | | ८ | | ६ | | ५ | | धैलागोह, खिन, थिर्पु, नानीकोट, राम्नाकोट |
| कुल | २१५ | ५ | २८८ | ५ | ११२ | १ | ५२ | १ | २४ | ० | |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, २०७०*

प्रस्तुत तालिका अनुसार जिल्लामा प्रारम्भिक बालविकास केन्द्रको संख्या २२०, प्राथमिक विद्यालयको संख्या २९३ वटा, निम्न माध्यमिक विद्यालय सामुदायिकतर्फ ११२ वटा र निजीतर्फ १ वटा गरी जम्मा ११३ वटा रहेका छन् । माध्यमिक विद्यालय सामुदायिकतर्फ ५२ र निजीतर्फ १ गरी ५३ वटा तथा उच्चमाध्यमिक विद्यालय सामुदायिकतर्फ मात्र २४ वटा सञ्चालनमा रहेका छन् ।

### *२.७.१.५ विद्यालयमा विद्यार्थी संरचना*

कालिकोट जिल्लामा प्राथमिक देखि उच्च माद्यामकि तहसम्म अध्ययन गर्ने विद्यार्थीहरूको अवस्थाका आधारमा शैक्षिक क्षेत्रको योजना तर्जुमा गर्न सकिन्छ । कुल विद्यार्थीहरू मध्ये छात्र र छात्राको अनुपात, दलित, अपाङ्ग, जनजाति तथा द्वन्द्वपीडित विद्यार्थीहरूको अनुपात तालिकामा दिइएको छ ।

तालिका- ६४: विद्यालयका विभिन्न तहमा विद्यार्थीहरूको स्थिति

| क्र.स. | सूचकहरू | आधारभूत | मावि | उ.मावि. | कैफियत |
|---|---|---|---|---|---|
| | | कक्षा १ - ८ | कक्षा ९ – १० | कक्षा ११ - १२ | |
| १ | जम्मा विद्यार्थी | ४८८१८ | ६४४८ | ३२४० | |
| २ | छात्र | २३४८४ | ३५०० | २०७६ | |
| ३ | छात्रा | २४९३४ | २९४८ | ११६४ | |
| ४ | कूल विद्यार्थीमध्ये छात्र प्रतिशत | ४८.५ | ५४.३ | ६४ | |
| ५ | कूल विद्यार्थीमध्ये छात्रा प्रतिशत | ५१.५ | ४५.७ | ३६ | |
| ६ | कूल विद्यार्थीमध्ये दलित प्रतिशत | ३०.१ | २०.४ | १२.७ | |
| ७ | कूल विद्यार्थीमध्ये जनजाति प्रतिशत | ०.६ | १.० | ०.७ | |
| ८ | कूल मध्ये अपाङ्गता भएका प्रतिशत | २.३६ | २ | १.५ | |

*स्रोतः जिल्ला शिक्षा कार्यालय कालिकोट, २०७०*

### *२.७.१.६ विद्यालयमा शैक्षिक सुविधा*

कालिकोट जिल्लाका विद्यालयहरूमा रहेका शैक्षिक सुविधाहरूको विवरण थाहा पाउनु सान्दर्भिक हुन्छ । यस अन्तर्गत विद्यालय भवनहरू, कक्षाकोठाहरूको संख्या, फर्निचर, खेलमैदान, खानेपानी धारा, छात्रा शौचालय, अपाङ्गमैत्री भवन आदिको विवरण तालिकामा दिइएको छ :

तालिका- ६५: जिल्लाका विद्यालयहरूमा रहेका भौतिक सुविधाको विवरण

| क्र.स | विवरण | एकाई | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालय भवन | संख्या | ५२८ | |
| २ | कूल कक्षा कोठा | संख्या | १७१२ | |
| ३ | फर्निचर | सेट | ११९७० | |
| ४ | खेलमैदान | संख्या | ११७ | |
| ५ | खानेपानी धारा | संख्या | ८७ | |
| ६ | शौचालय | संख्या | ७५० | |
| ७ | छात्रा शौचालय | संख्या | ११२ | |
| ८ | अपाङ्ग मैत्री शौचालय | संख्या | ० | |
| ९ | अपाङ्ग मैत्री विद्यालय भवन | संख्या | ० | |

| क.स | विवरण | एकाई | संख्या | कैफियत |
|---|---|---|---|---|
| १० | घेरवार | वटा | २७ | |
| ११ | पुस्तकालय | संख्या | ५४ | |
| १२ | प्रयोगशाला | संख्या | १५ | |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, कालिकोट २०७०*

### २.७.१.७ जिल्लाका विद्यालयहरूमा शिक्षकहरूको अवस्था

विद्यालय शिक्षाको अवस्था अध्ययनका लागि शिक्षकको संख्या, संरचनागत विवरण र तहगत विवरण थाहा पाउनु आवश्यक हुन्छ । कुल शिक्षक संख्यामा महिला, दलित, जनजाति, पिछडावर्ग लगायतको उपस्थिति अनुसार समग्र शैक्षिक विकासको आधार मापन गर्न सकिन्छ ।

तालिका- ६६: जिल्लामा शिक्षकहरूको संरचनागत विवरण

| सि.नं. | शैक्षिक तह | शिक्षक संख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | महिला | प्रतिशत | पुरुष | प्रतिशत | दलित | प्रतिशत | आदिवासी जनजाति | प्रतिशत |
| १ | बालविकास | २१५ | २१४ | | १ | | १७ | | | |
| २ | आधारभूत | ८२४ | १७७ | २१.४८ | ६४७ | ७८.५२ | ९ | १.०९ | २९ | ३.५१ |
| ३ | मा.वि. | १११ | २ | १.०८ | १०९ | ९८.९२ | १ | ०.९ | ४ | ३.६ |
| ४ | उमावि | ४१ | १ | २.५ | ४० | ९७.५ | ० | | २ | ५.० |
| जम्मा | | ९७६ | ३९४ | | ७९६ | | १० | | ३५ | |

*स्रोतः जिल्ला शिक्षा कार्यालय कालिकोट, २०७०*

### २.७.१.८ विद्यालयस्तरमा शैक्षिक सुविधाको तुलनात्मक अवस्था

कालिकोट जिल्लाको शैक्षिक अवस्थावारे जानकारी राख्नको लागि विद्यालय र विद्यार्थीको अनुपात, शिक्षक संख्या र विद्यार्थी संख्याको अनुपात, विद्यार्थी संख्या र तालिमप्राप्त शिक्षकको अनुपात तथा विद्यार्थी संख्या र कक्षाकोटाको अनुपात सम्बन्धमा तथ्याङ्क प्राप्त गर्नु आवश्यक छ । तलको तालिकामा सो सम्बन्धी विवरण तालिकामा दिइएको छ ।

तालिका- ६७: जिल्लामा शैक्षिक सुविधाको तुलनात्मक स्थिति

| क. सं. | अनुपात | प्रा.वि. (स्तर) | | नि.मा.वि. (स्तर) | | मा.वि. (स्तर) | | जम्मा (स्तर) | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | राष्ट्रिय | जिल्ला | राष्ट्रिय | जिल्ला | राष्ट्रिय | जिल्ला | राष्ट्रिय |
| १ | विद्यार्थी/विद्यालय | १२६ | | १२३ | | ११० | | १९३ | |
| २ | शिक्षक/विद्यालय | २.९ | | १.२६ | | २.०५ | | ३.०१ | |
| ३ | विद्यार्थी/शिक्षक | ५३.११ | | ९७.६७ | | ५३.६९ | | ६४.१३ | |
| ४ | विद्यार्थी/तालिमप्राप्त शिक्षक | ५५.२ | | ९९.४ | | ५६.७ | | ६७.३ | |
| ५ | महिला शिक्षक/विद्यालय | ०.६ | | ०.०३५ | | ०.०३७ | | ०.६३ | |
| ६ | विद्यार्थी/कक्षाकोठा | ३१.१२ | | ४४.४५ | | ५५.१८ | | ६४.१३ | |

*स्रोतः जिल्ला शिक्षा कार्यालय कालिकोट, २०७०*

माथिको तालिका अनुसार यस जिल्लामा विद्यार्थी शिक्षक अनुपात प्रावि तहमा १:५३ रहेको छ भने मावि तहमा पनि सोही आँकडा पाइन्छ । यसैगरी प्रति कक्षाकोठा प्राथमिक तहमा ३३ विद्यार्थी, माध्यामिक तहमा ५५ विद्यार्थी र निम्न माध्यामिक तहमा ४४ विद्यार्थी रहेको देखिन्छ ।

तालिका- ६८ : जिल्लाका प्राथमिक विद्यालयमा रहेका न्यूनतम शैक्षिक सुविधाको विवरण

| क. सं. | स्रोत केन्द्र | आफ्नै भवन भएका | मर्मत संभार गर्नुपर्ने | थप कक्षा कोठा आवश्यक | छात्राका लागि छुट्टै चर्पी भएका | खानेपानी सुविधा भएका | चर्पी सुविधा भएका | आवश्यकता अनुसार फर्निचर भएका |
|---|---|---|---|---|---|---|---|---|
| १ | मान्म | २६ | ९ | १३ | १३ | १५ | १९ | ११ |
| २ | गेला | ३० | १८ | १५ | १७ | ८ | २१ | ०८ |

| क्र. सं. | स्रोत केन्द्र | आफ्नै भवन भएका | मर्मत संभार गर्नुपर्ने | थप कक्षा कोठा आवश्यक | छात्राका लागि छुट्टै चर्पी भएका | खानेपानी सुविधा भएका | चर्पी सुविधा भएका | आवश्यकता अनुसार फर्निचर भएका |
|---|---|---|---|---|---|---|---|---|
| ३ | जुविथा | २३ | १४ | १२ | ०९ | १२ | १६ | १३ |
| ४ | थिर्पु | ३७ | २१ | १३ | १४ | १५ | १९ | १३ |
| ५ | रास्कोट | ३२ | १२ | १५ | १४ | १८ | ३५ | ३८ |
| ६ | कोटवाडा | ३६ | १८ | १७ | ११ | १५ | १८ | २४ |

*स्रोतः जिल्ला शिक्षा कार्यालय कालिकोट, २०७०*

### २.७१.९ विद्यालय शिक्षाका प्रगति सूचकहरु

जिल्लाका शैक्षिक सूचकहरूमध्ये विद्यालय छोड्ने दर प्राथमिक तहमा ६ प्रतिशतको हाराहारीमा रहेको छ । सो अनुपात पुरुषमा ५ प्रतिशत छ भने महिलामा ७ प्रतिशतको हाराहारीमा रहेको छ, यसैगरी तथ्याङ्क माध्यामिक तहमा पुग्दा ६.७ प्रतिशत रहेको छ । कक्षा उतिर्ण दर प्राथमिक तहमा ७८ प्रतिशत रहेको छ भने माध्यामिक तहमा सो दर ८९ प्रतिशत सम्म पुगेको छ । यसको अर्थ विद्यार्थीहरूको उतिर्ण अनुपात माथिल्लो तहमा जाँदैगर्दा सुधार हुँदै गएको देखिन्छ ।

तालिका– ६९: जिल्लामा विद्यालय तहको समग्र शैक्षिक प्रगति सूचकहरू

| विद्यालय शिक्षाका सूचकहरू | प्राथमिक | | | निम्न माद्यमिक | | | माद्यमिक | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| खुद भर्ना दर | ९६.७० | ९६.६० | ९६.६० | ७९.४० | ७३.०० | ७६.२० | ६६.४० | ५५.६० | ६०.९० |
| विद्यालय छाड्ने दर | ५.०३ | ६.७६ | ५.९५ | ६.२३ | ६.४६ | ६.३४ | ६.७१ | ६.७४ | ६.७२ |
| विद्यार्थी उतिर्ण दर | ७९.०१ | ७६.९९ | ७७.९४ | ८६.५२ | ८५.३१ | ८५.९६ | ८८.४८ | ८८.९४ | ८८.६५ |
| कक्षा दोहोर्‍याउने दर | १५.९६ | १६.२५ | १६.११ | ७.२५ | ८.२३ | ७.७० | ४.८१ | ४.३२ | ४.६३ |

*स्रोतः मध्यपश्चिममाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, २०७०*

### २.७१.१० उच्च माध्यमिक विद्यालयको शैक्षिक अवस्था

कालिकोट जिल्लामा रहेका उच्च माद्यमकि विद्यालयहरूमा पढ्ने विद्यार्थीहरूको कुल संख्या कक्षा ११ मा १८७७ र कक्षा १२ मा १४६९ जना भएको देखिन्छ । यसैगरी उच्च मावि तहको परीक्षा उतिर्ण प्रतिशत ११ कक्षामा ५९ प्रतिशत र कक्षा १२ मा ७४ प्रतिशत रहेको देखिन्छ ।

तालिका ७०: उच्च माविहरूमा विद्यार्थी भर्ना र उतिर्ण अनुपातको विवरण (२०६८/६९)

| सि.नं. | विद्यार्थीको उपलब्धी | परीक्षा दिएका | | | परीक्षा उतिर्ण | | | उतिर्ण प्रतिशत | उमावि संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | | |
| १ | कक्षा ११ | १२९९ | ५७८ | १८७७ | ७६२ | ३४१ | ११०३ | ५८.७६ | २४ |
| २ | कक्षा १२ | १०६६ | ४०३ | १४६९ | ७८२ | २९८ | १०८० | ७३.५२ | |

*स्रोतः उच्च मावि शिक्षा परिषद, २०६९*

### २.७१.११ जिल्लाको समग्र मानव संसाधन तथा शैक्षिक प्रगति

तलको तालिकाले जिल्लाको कुल जनसंख्याको शैक्षिक योग्यता लाई झल्काउँदछ । यस अन्तर्गत साक्षरताको अवस्था, उच्च शिक्षा हाँसिल गर्ने जनसंख्या, सो अन्तर्गत विभिन्न विषयगत क्षेत्रमा संलग्न मानिसहरूको अनुपातलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

कुल जनसंख्याको ३८.६ प्रतिशत निरक्षर रहेको देखिन्छ भने ३० प्रतिशत मानिसहरू प्राथमिक तह सम्मको अध्ययन गरेका छन् । त्यसैगरी एसएलसी पास गरेका जनताको संख्या ४ प्रतिशत छ भने स्नातक तह पास गर्नेको संख्या ०.५८ प्रतिशत रहेको छ ।

त्यस्तै उच्च शिक्षा प्राप्त गर्ने जनसंख्याको अनुपात मध्ये सामाजिक शास्त्र अध्ययन गर्ने २३ प्रतिशत, शिक्षाशिक्षण विषय अध्ययन गर्नेहरू ४९ प्रतिशत रहेका छन् भने विज्ञान विषय अध्ययन गर्ने हरू जम्मा जम्मी २.३७ प्रतिशत रहेका छन् । इन्जिनियरीङ अध्ययन गर्नेको संख्या ०.८ प्रतिशत रहेको छ भने कानुन अध्ययन गर्नेहरू २ प्रतिशतको हाराहारीमा छन् ।

तालिका– ७१: समग्र शैक्षिक तथा मानव संसाधनका उपलब्धीहरूको विवरण

| विषय | निरक्षर | सामान्य साक्षर | प्राथमिक | निमावि | मावि | एसएलसी | उमावि | स्नातक | स्नातकोत्तर | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | ४४५४४ | ४६२९ | ३४५५६ | १३१०७ | ५५६९ | ४३५८ | २८८६ | ६७२ | १११ | ३४५ |
| प्रतिशत | ३८.६३ | ४.०१ | २९.९७ | ११.३७ | ४.८३ | ३.७८ | २.५० | ०.५८ | ०.०९६ | ०.३० |
| | | | | | | | | | | |
| विषय | मानविकी, सामाजिक शास्त्र | व्यापार तथा प्रशासन | शिक्षा शिक्षण | विज्ञान | स्वास्थ्य | इन्जिनियरिङ तथा निर्माण | कानुन | कृषि तथा वन | गणित तथा तथ्याङ्क | अन्य |
| संख्या | ८४२ | १५३ | १८०९ | ८७ | २७१ | २९ | ७२ | १४ | ६४ | ३२८ |
| प्रतिशत | २२.९५ | ४.१७ | ४९.३१ | २.३७ | ७.३९ | ०.७९ | १.९६ | ०.३८ | १.७४ | ८.९४ |

*स्रोत: राष्ट्रिय जनगणना, के.त.वि, २०६८*

## *२.७.२ स्वास्थ्य क्षेत्र*

स्वास्थ्य मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्का अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ । कालिकोट जिल्लामा राष्ट्रिय नीति बमोजिम प्राथमिक स्वास्थ्य सेवा, सहश्राब्दी विकास लक्ष्यमा आधारित भई स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिएका छन् । कार्यक्रम सञ्चालनको सहयोगका लागि गाउँगाउँमा स्वास्थ्य सञ्जाल बिस्तार भएको छ ।

### *२.७.२.१ कालिकोट जिल्लामा गाविस अनुसार स्वास्थ्य संस्थाहरूको विवरण*

जिल्लामा गाविस अनुसार स्वास्थ्य संस्थाहरूको वितरण निम्नअनुसार छ :

तालिका- ७२: कालिकोट जिल्लामा स्वास्थ्य संस्थाहरूको वितरण

| क्र.सं. | गा.वि.स | अस्पताल | प्राथमिक स्वास्थ्य केन्द्र | स्वास्थ्य चौकी | उप स्वास्थ्य चौकी | आयुर्वेदिक औषधालय | गाउंघर क्लिनिक | खोप क्लिनिक | वर्थिङ सेन्टर | मेडिकल हल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मान्म | १ | | | | १ | २ | ६ | १ | ८ |
| २ | दाहाँ | | | १ | | | २ | ३ | १ | ५ |
| ३ | पाखा | | | | १ | | ३ | ३ | ० | २ |
| ४ | राम्नाकोट | | | १ | | | २ | ३ | १ | १ |
| ५ | बदालकोट | | | | १ | | ३ | ४ | १ | ० |
| ६ | नानीकोट | | | | १ | | ३ | ६ | १ | १ |
| ७ | फुकोट | | | १ | | | २ | ३ | १ | २ |
| ८ | स्यूना | | | १ | | १ | २ | ३ | १ | ३ |
| ९ | सिप्खाना | | | १ | | | २ | ३ | १ | २ |
| १० | महलमुडी | | | १ | | | १ | ४ | १ | २ |
| ११ | मुम्रा | | | | १ | | १ | २ | १ | २ |
| १२ | रकु | | | | १ | | २ | ४ | १ | २ |
| १३ | कोटवाडा | | | १ | | | २ | ४ | १ | ४ |
| १४ | लालु | | | १ | | | २ | ५ | १ | २ |
| १५ | कुमालगाउँ | | १ | | | | २ | ३ | १ | १ |
| १६ | माल्कोट | | | १ | | | २ | ३ | १ | १ |
| १७ | रूपसा | | | | १ | | २ | ३ | ० | १ |
| १८ | भर्ता | | | १ | | | ३ | ६ | १ | ४ |
| १९ | सुकाटीया | | | १ | | | २ | ३ | १ | २ |
| २० | कालिका | | | | १ | | १ | ३ | १ | १ |

| क्र. सं. | गा.वि.स | अस्पताल | प्राथमिक स्वास्थ्य केन्द्र | स्वास्थ्य चौकी | उप स्वास्थ्य चौकी | आयुर्वेदिक औषधालय | गाउंघर क्लिनिक | खोप क्लिनिक | वर्थिङ सेन्टर | मेडिकल हल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | गेला | | | १ | | | २ | ४ | १ | २ |
| २२ | चिल्खाया | | | १ | | | ३ | ४ | १ | २ |
| २३ | ओदानकु | | | | १ | | २ | ४ | ० | १ |
| २४ | जुविथा | | | १ | | | २ | २ | १ | २ |
| २५ | छाप्रे | | | | १ | | २ | ३ | ० | ० |
| २६ | राँचुली | | | १ | | | २ | ३ | १ | १ |
| २७ | फोइमहादेव | | | | १ | | ३ | ३ | ० | ३ |
| २८ | धौलागोह | | | १ | | | २ | ५ | १ | ३ |
| २९ | खिन | | | १ | | | ३ | ३ | १ | १ |
| ३० | थिर्पु | | | | १ | | ३ | ३ | १ | १ |
| | जम्मा | १ | १ | १७ | ११ | २ | ६७ | १११ | २५ | ६१ |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, २०७०*

कालिकोट जिल्लामा १५ शैयाको एउटा अस्पताल र सदरमुकाम मान्म बजारमा ८ वटा निजी क्लिनिक (औषधी पसल) छन् । राष्ट्रिय स्वास्थ्य नीति, २०४८ बमोजिम निर्वाचन क्षेत्र अन्तर्गत कुमालगाउँमा एउटा प्राथमिक स्वास्थ्य केन्द्र रहेको छ । नेपाल सरकारको घरदैलोमा स्वास्थ्य सेवा पुऱ्याउने नीति बमोजिम १७ वटा स्वास्थ्य चौकीहरू, ११ वटा उपस्वास्थ्य चौकीहरू, १ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, २ वटा आयुर्वेद औषधालय, ६७ गाउँघर क्लिनिक र ६१ वटा निजी मेडिकल हलहरू सञ्चालनमा रहेका छन् ।

### *२.७.२.२ जिल्लामा जनस्वास्थ्यको आधारभूत झलक*

जिल्लाको स्वास्थ्यसम्बन्धी आधारभूत सूचकहरूलाई तलको तालिकामा उल्लेख गरी प्रस्तुत गर्न खोजिएको छ, जुन निम्नानुसार छ :

तालिका- ७३: जिल्लामा स्वास्थ्य स्थितिको आधारभूत झलक

| विवरण | इकाई | अवस्था | कैफियत |
|---|---|---|---|
| ५ बर्षमुनिका कम तौल भएका बालबालिका | प्रतिशत | ८ | |
| जन्मेको १ वर्षमा ३ खोप लिने बालकको दर | प्रतिशत | ८८ | |
| झाडापखाला लाग्ने दर (प्रति हजार) | जना | ६७४ | |
| स्वास-प्रश्वास रोग लाग्ने दर (प्रति हजार) | जना | ९५० | |
| तालिम प्राप्त स्वास्थ्यकर्मीबाट प्रसुती गराउने दर | प्रतिशत | ३७ | |
| परिवार नियोजनको साधन प्रयोग दर | प्रतिशत | २६ | |
| ४ पटक गर्भवती जाँच गराउने महिला | प्रतिशत | ७५ | |
| स्वास्थ्य संस्थामा बच्चा जन्माउने महिलाको दर | प्रतिशत | ३८ | |
| नयाँ क्षयरोग निदान दर | प्रतिशत | ४५ | |
| कुष्ठरोग निदान दर | प्रति दशहजार | ०.२ | |
| आफ्नै भवन भएका स्वास्थ्य संस्था | संख्या | २५ | |
| प्रति अस्पताल बेड | जनसंख्या | ९१२९ | |
| प्रति डाक्टर | जनसंख्या | ४५६४९ | |

*स्रोत : जिल्ला स्वास्थ्य कार्यालय, कालिकोट, २०७०*

यस जिल्लामा आधारभूत स्वास्थ्यको सूचकांकहरू औसत अवस्थामा रहेको देखिन्छ । ५ वर्षमुनीका कम तौल भएका बालबालिकाहरू जम्मा ८ प्रतिशत मात्र छन् भने ७५ प्रतिशत गर्भवती महिलाहरूले ४ पटकसम्म स्वास्थ्य जाँच गराएका छन् । यस जिल्लामा पनि श्वासप्रश्वास र झाडापखाला रोगको प्रकोप व्यापक नै देखिन्छ । श्वाप्रश्वास रोग लाग्ने दर प्रति १००० जनामा ९०० भन्दा ज्यादा यस्तो रोगको समस्याबाट ग्रसित छन् । त्यस्तैगरी जिल्लामा १ जना डाक्टरबाट ४५ हजार जनताले डाक्टरको सेवा पाउन सक्ने अवस्था देखिएको छ भने प्रति अस्पताल बेड ९ हजार जनतालाई सेवा दिनुपर्ने अवस्था छ ।

### २.७.२.३ जिल्लामा स्वास्थ्य प्राविधिकहरूको अवस्था

यस जिल्लामा सरकारी, सामुदायिक र निजी स्तरमा खुलेका स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूको अवस्था निम्नानुसार रहेको छ।

तालिका- ७४: जिल्लामा स्वास्थ्य जनशक्तिको विवरण

| क.सं | विवरण | सरकारी स्तर | निजी क्षेत्र | गैसस | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अस्पताल (सरकारी, निजी तथा गैसस समेत) | १ | ० | ० | १ | |
| २ | अस्पतालको शैय्या | १५ | ० | ० | १५ | |
| ३ | डाक्टर (दरबन्दीका आधारमा) | २ | ० | २ | ४ | |
| ४ | हेल्थ असिस्टेन्ट | १७ | ० | ० | १७ | |
| ५ | सि.अ.हे.व./अ.हे.व. | ४० | ० | ० | ४० | |
| ६ | अ.हे.व | १३ | ० | ० | १३ | |
| ७ | अनमी | ५९ | ० | ० | ५९ | |
| ८ | स्टाफ नर्स (अस्पताल, संस्थागत क्लिनिक र प्राथमिक स्वास्थ्य केन्द्र) | १ | ० | ० | १ | |
| ९ | अ.न.मि. पदनाम | १४ | ० | ० | १४ | |
| १० | महिला स्वास्थ्य स्वयंसेविका | २९४ | ० | ० | २९४ | |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, २०७०*

यस जिल्लामा उपलब्ध भएअनुसार प्रति अस्पताल बेड ९००० जनसंख्यालाई सेवा दिनुपर्ने देखिन्छ भने प्रति डाक्टर ४५००० जनसंख्या पर्न आउँछन्।

### २.७.२.४ स्वास्थ्य सुविधाको पहुँच

कालिकोट जिल्लामा स्थापित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरूले सो जिल्लाका बासिन्दाहरूलाई आधारभूत स्वास्थ्य सुविधा उपलब्ध गराइरहेका छन्। कठिन भौगोलिक बनावट र सडक यातायात सुविधाको अभावले गर्दा स्थानीय बासिन्दाहरूको स्वास्थ्य सेवामा कमजोर पहुँच रहेको छ। अस्पतालको सैया संख्या र बिरामीको अनुपातले यसको एउटा झलक दिनसक्छ भने उपलब्ध डाक्टर तथा स्वास्थ्यकर्मी संख्या र कुल जनसंख्याको अनुपातले स्वास्थ्य सेवाको पहुँचको अर्को झलक प्रदान गर्दछ। त्यस्तै गरेर घरपरिवारहरूलाई स्थानीय स्वास्थ्य चौकीसम्म पुग्न लाग्ने यात्रा समयले अर्को महत्वपूर्ण पहुँचको सूचकको काम गर्दछ। उपरोक्त पहुँचको अवस्थालाई तलको तालिकाले प्रष्ट पार्दछ।

**तालिका– ७५: गाविसमा घरधुरीलाई स्वास्थ्य चौकीसम्म पुग्न लाग्ने दुरी**

| सि.नं. | गाविसको नाम | जम्मा घरधुरी | १ घण्टा भित्र | १-२ घण्टा | २-३ घण्टा |
|---|---|---|---|---|---|
| १ | मान्मा | १५३१ | १३६१ | १७० | |
| २ | दाहाँ | ७९५ | ६१८ | १७७ | |
| ३ | पाखा | ५०० | ५०० | | |
| ४ | राम्नाकोट | ५०० | १११ | ३८९ | |
| ५ | बदालकोट | ३९३ | २६२ | ० | १३१ |
| ६ | नानीकोट | ६०२ | ४५१ | १५१ | |
| ७ | फुकोट | ८४० | ८४० | | |
| ८ | स्यूना | ८१५ | ८१५ | | |
| ९ | सिपखाना | ८०० | ८०० | | |
| १० | मोहलमुडी | ८०० | ८०० | | |
| ११ | मुम्रा | ५०० | ३८९ | १११ | |
| १२ | रकु | ५४५ | ४२४ | १२१ | |

| सि.नं. | गाविसको नाम | जम्मा घरधुरी | १ घण्टा भित्र | १-२ घण्टा | २-३ घण्टा |
|---|---|---|---|---|---|
| १३ | कोटवाडा | ७०० | ७०० | | |
| १४ | लालु | ९०८ | ९०८ | | |
| १५ | कुमालगाउँ | ६०० | ६०० | | |
| १६ | माल्कोट | ६०५ | ६७ | ५३८ | |
| १७ | रूप्सा | ४५० | ४५० | | |
| १८ | भर्ता | १००४ | ६६९ | ३४५ | |
| १९ | सुकाटीया | ८१५ | ६३४ | १८१ | |
| २० | कालिका | ५६१ | ५६१ | | |
| २१ | गेला | ६०२ | ६०२ | | |
| २२ | चिलखाया | ५७० | ५०७ | ६३ | |
| २३ | ओदानकु | ४५२ | ३५२ | १०० | |
| २४ | जुविथा | ४०६ | ४०६ | | |
| २५ | छाप्रे | ८०० | ६२२ | १७८ | |
| २६ | राँचुली | ३५० | ३११ | ३९ | |
| २७ | फोइमहादेब | ४१५ | ४१५ | | |
| २८ | धौलागोह | ९०८ | ९०८ | | |
| २९ | खिन | ४३१ | ३८३ | ४८ | |
| ३० | थिर्पु | ४९६ | ३८६ | ११० | |
| जम्मा | | १९६९४ | १६८५२ | २७२१ | १३१ |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, कालिकोट, २०७०*

माथिको तालिका अनुसार कालिकोट जिल्लामा अधिकांश घरधुरी स्वास्थ्य चौकीबाट १ घण्टाभित्र कै दूरीमा रहेको देखिन्छ भने बाँकी घरधुरी १ देखि २ घण्टासम्मको दूरीमा रहेका छन्। त्यसैगरी यस जिल्लामा उपलब्ध भए अनुसार प्रति अस्पताल बेड ९००० जनसंख्यालाई सेवा दिनुपर्ने देखिन्छ भने प्रति डाक्टर ३४००० जनसंख्या पर्न आउँछन्।

### *२.७.२.५ जिल्लामा देखापर्ने प्रमुख रोगहरू र बिरामी संख्या*

जिल्लामा विगत ३ वर्षमा देखिएका प्रमुख रोग र बिरामी संख्या देहायबमोजिम छन् :

तालिका- ७६: कालिकोट जिल्लाका प्रमुख १० रोगहरू

| क्र.स. | मुख्य रोगहरू | २०६७/६८ | | २०६८/६९ | | २०६९/७० | |
|---|---|---|---|---|---|---|---|
| | | बिरामी | प्रतिशत | बिरामी | प्रतिशत | बिरामी | प्रतिशत |
| १ | Gastritis | १०४४६ | ९ | ६८८७ | ७ | १०४४६ | ९ |
| २ | Headache | ८१२५ | ७ | ६४८६ | ६.५९ | ८१२५ | ७ |
| ३ | Worms | ६९६४ | ६ | ५९४५ | ६ | ६९६४ | ६ |
| ४ | Amobic Dysentry | ४९३३ | ४.२ | ४४३८ | ४.५ | ४९३३ | ४.२ |
| ५ | Scabies | ४६४३ | ४ | ४५१३ | ४.५८ | ४६४३ | ४ |
| ६ | Upper respiratory tract infection | ४६४३ | ४ | ३९९० | ४ | ४६४३ | ४ |
| ७ | Lower Respiratory Infection | ४२९५ | ३.७ | ४०४० | ४.१ | ४२९५ | ३.७ |
| ८ | Abdominal Pain | ४४११ | ३.८ | ३१७९ | ३.२ | ४४११ | ३.८ |
| ९ | Presumd non infectious Diarrhoea | ३७१४ | ३.२ | २७५३ | २.७ | ३७१४ | ३.२ |
| १० | Impetigo | ३५९८ | ३.१ | | | ३५९८ | ३.१ |
| ११ | Asthma | | | २७७७ | २.८ | | |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, कालिकोट, २०७०*

माथिको तालिकाअनुसार जिल्लामा उपचारका लागि आउने बिरामीहरू मध्ये सवभन्दा धेरैमा ग्यास्ट्रीकको समस्या देखिएको छ भने त्यसपछि टाउको दुख्ने, जुका, आऊँ, स्वासप्रश्वास सम्बन्धी रोगका बिरामीहरू पहिचान भएका छन् ।

### २.७.२.६ सुरक्षित सुत्केरी सुविधा

जिल्लामा मातृशिशु स्वास्थ्यको अवस्थाले समग्र जनस्वास्थ्यको स्थितिलाई इङ्गित गर्दछ । यसर्थ सुरक्षित सुत्केरीको अवस्थालाई अध्ययन गर्नु जरुरी देखिन्छ ।

तालिका- ७७: स्वास्थ्य संस्थामा सुत्केरी हुनेको संख्या (२०६९/७०)

| प्रसुति केन्द्र भएका गाविस | १ वर्षमा बर्थिङ सेन्टरमा प्रसुति गराउने संख्या | नियमित रूपमा दक्ष स्वास्थ्यकर्मीको उपलब्धता | कैफियत |
|---|---|---|---|
| मान्मा | २४३ | उपलब्ध भएको | |
| दाहाँ | १२४ | उपलब्ध भएको | |
| राम्नाकोट | ५२ | उपलब्ध भएको | |
| बदालकोट | ३२ | उपलब्ध भएका | |
| नानीकोट | ३ | उपलब्ध भएको | |
| फुकोट | ६८ | उपलब्ध भएको | |
| स्यूना | ४० | उपलब्ध भएका | |
| सिपखाना | ० | उपलब्ध भएका | |
| मेहलमुडी | ६५ | उपलब्ध भएको | |
| मुम्रा | ४१ | उपलब्ध भएका | |
| रकु | ७२ | उपलब्ध भएका | |
| कोटवाडा | ४९ | उपलब्ध भएको | |
| लालु | २४ | उपलब्ध भएको | |
| कुमालगाउ | ३९ | उपलब्ध भएको | |
| माल्कोट | ५७ | उपलब्ध भएको | |
| धौलागोह | २६ | उपलब्ध नभएका | |
| भर्ता | ९८ | उपलब्ध भएका | |
| सुकाटीया | २४ | उपलब्ध भएका | |
| कालिका | २६ | उपलब्ध भएका | |
| गेला | ३५ | उपलब्ध भएका | |
| चिलखाया | ६५ | उपलब्ध भएका | |
| राँचुली | ३१ | उपलब्ध भएका | |
| खिन | ३८ | उपलब्ध भएका | |
| जुविथा | ७२ | उपलब्ध भएका | |
| थिर्पु | ४२ | उपलब्ध भएका | |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, २०७०*

जिल्ला भरमा २५ वटा गाविसहरूमा सुरक्षित सुत्केरी सुविधा उपलब्ध भएको देखिन्छ । उक्त केन्द्रहरूमा गत आर्थिक वर्ष २०६९/७० मा कुल १३६६ जना महिलाले उक्त सुविधा लिएको तथ्याङ्कमा देखिएको छ ।

तालिका– ७८: मातृशिशु स्वास्थ्य सम्बन्धी केही वाधकहरू

| क्र.स. | सूचकहरू | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | निस्कृय गाउँघर क्लिनिक | ८६ | |
| २ | आधारभुत पूर्वाधार भएका स्वास्थ्य संस्थाहरू | ० | |
| ३ | प्रसुति सुविधा भएका स्वास्थ्य संस्थाहरू | २९ | |
| ४ | दरवन्दी अनुसार डाक्टरको पदपूर्ति | ३३ | |
| ५ | दक्ष प्रसुति सहायक तालिम लिने स्वास्थ्यकर्मी | २५ | |
| ६ | रजश्वलाको समयमा पौष्टिक आहार नदिने मान्यता भएका परिवार | ५० | |
| ७ | जिल्लामा स्थापित एड्स पुनस्थापना केन्द्र | ० | |
| ८ | व्यवहारजन्य परिवर्तनमा तालिम प्राप्त गर्ने स्वास्थ्यकर्मी | १३ | |

*स्रोत: बालबालिका वञ्चितिकरण सूचकांक अवरोध विश्लेषण, यूनिसेफ, २०६९*

माथिको तालिका अनुसार कालिकोट जिल्लामा रहेका कुनै पनि स्वास्थ्य संस्थामा आधारभूत पूर्वाधार उपलब्ध छैन भने ७१ प्रतिशत स्वास्थ्य संस्थामा प्रसूति एकाइ उपलब्ध छैन । त्यसैगरी जिल्लामा स्विकृत डाक्टरको दरबन्दी मध्ये ३३ प्रतिशत मात्र दरबन्दी पूर्ति भएको छ । त्यसैगरी २५ प्रतिशत मात्र स्वास्थ्यकर्मीहरूले दक्ष प्रसूति सहायक तालिम प्राप्त गरेको देखिन्छ । उक्त तालिका अनुसार अझैपनि ५० प्रतिशत परिवारले आफ्ना परिवारका महिला सदस्यहरूलाई उनीहरूको रजस्वलाको बेला दुग्धजन्य खानेकुरा खान दिदैनन् । जिल्लामा एउटै पनि HIV/AIDS पुनर्स्थापना केन्द रहेको देखिंदैन भने ८७ प्रतिशत स्वास्थ्यकर्मीहरू व्यवहारजन्य परिवर्तनमा प्रशिक्षित छैनन् ।

### २.७.३ खेलकुद

जिल्लामा खेलकुद विकासका लागि पूर्वाधारको रूपमा सदरमुकाम मान्म बजारमा एउटा कभर्ड हल उपलब्ध छ भने जिविसको कम्पाउण्डमा एउटा खुल्ला टुँडिखेल रहेको छ । यसबाहेक विभिन्न विद्यालयहरूमा ११७ वटा साना खालका खेलमैदानहरू रहेका छन् । तर पनि उपलब्ध खेलमैदानहरू समग्र खेलकुद विकासका लागि पर्याप्त छैन । आ.व. २०६९/०७० मा ५ जना खेलाडीले राष्ट्रिय खेलकुदमा सहभागिता जनाई विभिन्न स्थान प्राप्त गरेको देखिन्छ । १५ जना खेलाडीले क्षेत्रीय खेलकुद प्रतियोगितामा सहभागी भई पुरस्कार तथा प्रशंसापत्र प्राप्त गर्न सफल भएका छन् ।

तालिका – ७९: खेलकुदसँग सम्बन्धित संस्थाहरूको विवरण

| सि.नं. | संस्थाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | जिल्ला खेलकुद विकास समिति | मान्म, कालिकोट | |
| २ | भलिबल संघ जिल्ला कार्य समिति | मान्म, कालिकोट | |
| ३ | सितेरियो कराँते (डोजो) | मान्म, कालिकोट | |
| ४ | प्रगतिशिल युवा क्लब | खाडाँचक्र | |
| ५ | बडीमालीका युवा क्लब | रास्कोट | |
| ६ | पंचदेवल युवा क्लब | मान्म | |
| ७ | चुलीमालीका युवा क्लब | बदालकोट | |
| ८ | ए वान युवा क्लब | मान्म | |
| ९ | कर्णाली युवा क्लव | कालिकोट | |

*स्रोत: जिल्ला खेलकुद विकास समिति, २०७०*

### २.७.४ समाज कल्याण तथा सामाजिक सुरक्षा

#### २.७.४.१ सामाजिक संघ संस्थाहरू

कालिकोट जिल्लामा जनतासँग प्रत्यक्ष सरोकार राखी उनीहरूको वृति विकासमा सहयोग गर्नुका अतिरिक्त सामाजिक रूपमा विद्यालय समुदायलाई उत्प्रेरित गरी उनीहरूको विकासात्मक अभियानमा संलग्न भई रोजगारमूलक र संस्थागत रूपमा विकास गर्ने उद्देश्यले विभिन्न संघ संस्थाहरूले रूपमा विभिन्न क्षेत्रमा र विभिन्न ठाउँमा रही काम गरेका छन् । कालिकोट जिल्लामा सामाजिक तथा मानवीय कल्याणको क्षेत्रमा काम गर्ने केही संघसंस्थाहरू निम्नानुसार छन्

तालिका- ८०: मानव कल्याणमा संलग्न संघ संस्थाहरू

| १२ | संस्थाको नाम | कैफियत |
|---|---|---|
| १ | नेपाल स्काउट | |
| २ | नेपाल नेत्र ज्योती संघ / जिल्ला आंखा उपचार केन्द्र, कालिकोट | |
| ३ | नेपाल रेडक्रस सोसाईटी, जिल्ला शाखा कालिकोट | |
| ४ | कर्णाली जेसीज, कालिकोट | |
| ५ | अपाङ्ग पुनस्थापना केन्द्र, कालिकोट | |

*स्रोत: सहभागीतात्मक छलफल, २०७०*

तालिका- ८१: जिल्लामा क्रियाशील गैरसरकारी संघसंस्थाहरू

| सि.नं. | गैरसरकारी संस्थाको नाम | कार्य क्षेत्र | कार्यरत अवधी |
|---|---|---|---|
| १ | किर्डाक नेपाल कालिकोट | सामाजिक न्याय, निर्माण, शिक्षा, स्वास्थ्य, मानवअधिकार, संचार | १३ बर्ष |
| २ | मानव अधिकार तथा बाताबरण बिकास केन्द्र (हुरेन्डेक) | उर्जा, सिंचाइ, शिक्षा, सामाजिक परिचालन, आय आर्जन र पूर्वाधार | १० बर्ष |

| सि.नं. | गैरसरकारी संस्थाको नाम | कार्य क्षेत्र | कार्यरत अवधी |
|---|---|---|---|
| ३ | ग्रामिण विकास तथा पर्याबरण संरक्षण मञ्च (भिडिसेफ) | गरिबी न्यूनीकरण, खाध्य सुरक्षा, पर्याबरण, स्वास्थ्य र बालबालिका | १९ बर्ष |
| ४ | हिमालयन सामुदायिक श्रोत विकास केन्द | सिंचाई, गरिबी न्यूनीकरण | ९ बर्ष |
| ५ | हिमचुली कृषि सहकारी संस्था लि. | कृषि,बचत तथा ऋण,आइ.एम.ई. | ५ बर्ष |
| ६ | ग्रामिण बिकास नेपाल,कालिकोट | स्वास्थ्य, कृषि, जिबिकोपार्जन, शिक्षा, सुशासन | ८ बर्ष |
| ७ | सहयोगी हातहरूको समूह(सहास) नेपाल | स्वास्थ्य, कृषि | ३ बर्ष |
| ८ | दुर्गम क्षेत्र विकास तथा वाताबरण संरक्षण केन्द्र (सेप्ड्रा) | सामाजिक परिचालन | ५बर्ष |
| ९ | दलित उत्थान समाज, कालिकोट | HIV/AIDS,स्थानीय सुशासन | ८ बर्ष |
| १० | दिगो तथा न्यायोचित विकास प्रतिष्ठान ( सेडा नेपाल) | गरिबी नयूनीकरण | ८ बर्ष |
| ११ | सामाजिक जागरण तथा विकास प्रतिष्ठान ( सादा नेपाल) | गरिबी न्यूनीकरण, कृषि, संचार, स्वास्थ्य, सुशासन तथा मानवअधिकार | |
| १२ | ग्रामीण स्वाबलम्बन बिकास केन्द्र (RSDC) | सामाजिक परिचालन | ५ बर्ष |
| १३ | बहुउद्देशीय समाज बिकास केन्द्र (MSDC) | मानवअधिकार र सुशासन | ४ बर्ष |
| १४ | सुन्दर नेपाल | वातावरणीय सरसफाई | २ बर्ष |
| १५ | SAHAS Nepal | स्वास्थ्य, कृषि, जिविकोपार्जन, शिक्षा, क्षमता विकास, पूर्वाधार | ४ बर्ष |
| १६ | सुरक्षित मातृत्व संजाल महासंघ नेपाल,कालिकोट | प्रजनन स्वास्थ्य | २ बर्ष |
| १७ | कर्णाली सामुदायिक ग्रामीण विकास केन्द्र | वन, बातावरण, शिक्षा, स्वास्थ्य, पूर्वाधार | १० |

*स्रोतः जिल्ला जनसंख्या प्रोफाइल, जि.स्वा.का. कालिकोट, २०७०*

### २.७.४.२ सामाजिक सुरक्षा भत्ता

लोकतान्त्रिक राज्य तथा मानव अधिकारको विश्वव्यापी स्वीकृत मापदण्डअनुरूप विभिन्न कारण अशक्त, असहाय, अपाङ्ग, वृद्धवृद्धा तथा बेरोजगारहरूले सम्मानित जीवन जीउन पाउनु उनीहरूको नैसर्गिक हकका रूपमा लिइन्छ । यस अवधारणालाई व्यवहारमा रूपान्तरण गर्न नेपाल सरकारले जेष्ठ नागरिक, विधवाहरू, दलितलगायत वर्गका लागि मासिक रूपमा सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरेको छ । कालिकोट जिल्लामा आ.व. २०६९/७० मा जिल्ला विकास समिति/गाउँ विकास समितिहरूमार्फत् नेपाल सरकारले वृद्ध तथा विधवाका लागि मासिक रु. ५००, आंशिक अपाङ्गका लागि मासिक रु. ३००, पूर्ण अपाङ्गका लागि मासिक रु. १००० तथा पाँच वर्षमुनिका सम्पूर्ण बालबालिकाका लागि मासिक रु. २०० का दरले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यवस्था छ । यसको गाविस अनुसारको विवरण निम्नानुसार छ ।

तालिका- ८२: सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको विवरण ( आ.व. ०६९/७०)

| क्र.सं. | गाउ विकास समितिको नाम | जेष्ठ नागरिक | एकल महिला | अपाङ्ग | कर्णाली बालबालिका | सवैको जम्मा |
|---|---|---|---|---|---|---|
| १ | मान्म | ३८१ | ९९ | ३२ | १० | ५२२ |
| २ | दाहाँ | | | | | ० |
| ३ | पखा | ३८४ | ८० | ७ | १२०९ | १६८० |
| ४ | राम्नाकोट | ३११ | ६५ | २० | ९४९ | १३४५ |
| ५ | बदालकोट | २८५ | ६० | १८ | ८७८ | १२४१ |
| ६ | नानिकोट | | | | | ० |
| ७ | फुकोट | ३९७ | २३ | ६ | १२०५ | १६३१ |
| ८ | स्यूना | ४३९ | ४८ | १२ | १०४१ | १५४० |
| ९ | सिपखाना | | | | | ० |
| १० | मेहेलमुडी | ४३३ | ५६ | ९ | ११७२ | १६७० |
| ११ | मुम्रा | २५२ | ५२ | १० | ७६५ | १०७९ |
| १२ | रकु | | | | | ० |
| १३ | कोटवाडा | ३५८ | ८५ | ८ | ४०२ | ८५३ |

| क्र.सं. | गाउ विकास समितिको नाम | जेष्ठ नागरिक | एकल महिला | अपाङ्ग | कर्णाली बालबालिका | सवैको जम्मा |
|---|---|---|---|---|---|---|
| १४ | लालु | ४४९ | ९० | १८ | २०४९ | २६०६ |
| १५ | कुमालगाउँ | २९७ | २० | १० | ७६६ | १०९३ |
| १६ | माल्कोट | २३५ | ७१ | ८ | १०८२ | १३९६ |
| १७ | रूप्सा | २८९ | ४१ | ९ | ८०१ | ११४० |
| १८ | भर्ता | ३४९ | ८३ | १९ | १२४० | १६९१ |
| १९ | सुकाटीया | ३८९ | ६५ | १३ | १४२१ | १८८८ |
| २० | कालिका | २३७ | ३५ | १५ | १००८ | १२९५ |
| २१ | गेला | २९० | ५० | ११ | १०४९ | १४०० |
| २२ | चिल्खाया | ३४० | ९३ | ८ | ११३७ | १५७८ |
| २३ | ओदानकु | ४१० | ६० | ८ | १३७९ | १८५७ |
| २४ | जुविथा | १६० | ४५ | ६ | ५४९ | ७६० |
| २५ | छाप्रे | २७० | ६५ | १३ | ७९० | ११३८ |
| २६ | राँचुली | १७३ | ६३ | ९ | ४४५ | ६९० |
| २७ | फोइमहादेव | ४६४ | २३६ | ७ | ७९८ | १५०५ |
| २८ | धौलागोह | ४११ | १०० | ८ | १७७४ | २२९३ |
| २९ | खिन | १७६ | ४५ | ६ | ९९९ | १२२६ |
| ३० | थिर्पु | २९७ | ४७ | १७ | ११७४ | १५३५ |
| | जम्मा | ८४७६ | १७७७ | ३०७ | २६०९२ | ३६६५२ |

*स्रोत: जिविस कालिकोट, २०७०*

यस अन्तर्गत यस जिल्लामा करिब ६००० जना जेष्ठ नागरिक, १२०० जना एकल महिला, ५०० जना अपाङ्ग, तथा १६५०० जना बालबालिकाका लागि मासिक रूपमा भत्ता वितरण गरिएको देखिन्छ ।

### *२.७.४.३ नागरिक सुरक्षाको पहुँच*

जिल्लामा बसोवास गर्ने नागरिकहरूलाई सार्वजनिक सुरक्षा प्रदान गर्न जिल्ला प्रशासन कार्यालयले सुरक्षा निकाय र विभिन्न तहका सुरक्षाकर्मीहरू परिचालन गरेको छ । सो अनुसार कालिकोट जिल्लामा निम्नानुसार सुरक्षा कार्यालय र जनशक्तिको व्यवस्था गरिएको छ ।

तालिका – ८३: शान्ति सुरक्षामा खटिएको निकाय र जनशक्तिको विवरण

| क्र.सं. | सुरक्षा कार्यालय | खटिएको जनशक्ति | कैफियत |
|---|---|---|---|
| १ | जिल्ला प्रहरी कार्यालय, मान्म | १३७ | |
| २ | इलाका प्रहरी कार्यालय, स्यूना | २३ | |
| ३ | इलाका प्रहरी कार्यालय, थिर्पु | २३ | |
| ४ | इलाका प्रहरी कार्यालय, कुमालगाउँ | ३२ | |
| ५ | प्रहरी चौकी, खुलालु (लालु) | १० | |
| ६ | प्रहरी चौकी, मुम्रा | १० | |
| ७ | प्रहरी चौकी, हाउडी (सुकाटीया) | १० | |
| ८ | प्रहरी चौकी, छाप्रे | १० | |
| ९ | प्रहरी चौकी, खल्लाघाट (जुविथा) | १० | |
| १० | प्रहरी चौकी, पादमघाट (चिल्खाया) | १० | |
| ११ | प्रहरी चौकी, नाग्म (फोइमहादेव) | १० | |
| १२ | अस्थायी प्रहरी चौकी, हुल्म (भर्ता) | ५ | |
| १३ | जिल्ला कारागार, मान्म | १० | |

*जिल्ला प्रहरी कार्यालय, कालिकोट, २०७०*

### *२.७.५ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण*

नेपाल लगायत विकासोन्मुख मुलुक र समाजमा महिला तथा बालबालिका विकासको मूल प्रवाहबाट सामान्यतया बाहिर रहेको पाइन्छ । बालबालिका उनीहरूको शारीरिक विकासका हिसाबले, महिलाहरू सामाजिक संरचना तथा प्रजनन्

सम्बन्धी उनीहरूको विशेष भूमिकाका कारण विभिन्न समयमा बढी जोखिममा पर्ने सम्भावना रहन्छ । प्रचलित राष्ट्रिय, अन्तर्राष्ट्रिय ऐन, कानुन तथा मानव अधिकारका दृष्टिकोणबाट हेर्दा सम्मानित जीवनयापन गर्न पाउने सबैको समान हक भए पनि यो वर्ग समाजमा विभिन्न कारणले पछि परेको पाइन्छ । यसर्थ, महिला, बालबालिका लगायत वृद्धवृद्धा, अशक्त, अपाङ्गका लागि राज्यले समतामूलक नीतिहरू तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ तर यस वर्गको स्थिति उल्लेख्य रूपमा सुधार हुन सकेको छैन ।

### *२.७५.१ बालबालिकाको जनसंख्या*

बालअधिकार महासन्धिको पहिलो भाग, पहिलो धाराले बालबालिका भन्नाले सामान्यतया १८ वर्षभन्दा कम उमेरका प्रत्येक मानव जातिलाई जनाउने उल्लेख गरेको छ भने नेपालको बालबालिका सम्बन्धी ऐन २०४८ का अनुसार १६ वर्षसम्मलाई मात्र बालबालिका भनी उल्लेख गरेको छ । तर जनसांख्यिक परिभाषा अनुसार १४ वर्ष सम्मको जनसंख्यालाई आश्रित जनसंख्या र १५ वर्षदेखि ५९ वर्षसम्मको लाई सक्रिय जनसंख्या भनी परिभाषित गरिएको देखिन्छ ।

कालिकोट जिल्लाको कुल जनसङ्ख्याको ४५.२१ प्रतिशत हिस्सा चौध वर्षमुनिका बालबालिकाको रहेको छ । जिल्लाको कुल जनसंख्यामा बालबालिकाहरूको अनुपातका आधारमा आगामी योजनामा बालबालिकाहरूका लागि के कस्तो शिक्षा, स्वास्थ्य लगायतका सेवाहरूको व्यवस्था गर्नुपर्दछ भनी अनुमान गर्न सहयोग पुग्दछ । यसप्रकार तलको तालिकामा कुल जनसंख्यामा ४ वर्षसम्मका बालबालिकाको अनुपात र ५ देखि १४ वर्षसम्मको अनुपात दिइएको छ ।

तालिका- ८४: उमेर समूह अनुसार बालबालिकाको संख्या

| सि.नं. | उमेर समूह | पुरुष | महिला | कुल संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कुल जनसंख्या | ६८८३३ | ६८११५ | १३६९४८ | १०० |
| २ | ० - ४ | १११०१ | १०५४२ | २१६४३ | १५.८० |
| ३ | ५ - ९ | १०७०३ | १०४८३ | २११८६ | १५.४७ |
| ४ | १० - १४ | ९६६६ | ९४२० | १९०८६ | १३.९४ |
|  | जम्मा |  |  | ६१९१५ | ४५.२१ |

*स्रोत : राष्ट्रिय जनगणना, के.त.वि., २०६८*

माथिको तालिका अनुसार यस जिल्लाको कुल जनसंख्या मध्ये १६ प्रतिशत ४ वर्षसम्मका बालबालिकाहरू रहेका छन् जुन संख्यालाई पोषण, स्वास्थ्य र संरक्षणको आवश्यकता पर्दछ भने ५ देखि १४ वर्षका बालबालिकाहरूको संख्या लगभग ३० प्रतिशत रहेको छ, जसका लागि स्वास्थ्य र शिक्षाको अवसर प्रदान गर्न ठोस योजना आवश्यक पर्दछ ।

### *२.७५.२ महिला तथा बालबालिकाको शैक्षिक अवस्था*

कालिकोट जिल्लामा महिला तथा बालबालिकाहरूको शैक्षिक अवस्था सम्बन्धी सूचकहरू निम्नानुसार रहेको छ ।

तालिका-८५: महिला तथा बालबालिकाहरूको शैक्षिक अवस्था

| क्र.सं. | सूचकहरू | शै.स. २०६९ को स्थिति |
|---|---|---|
| १ | महिला साक्षरता दर | ५१.१५ |
| २ | प्रारम्भिक बाल विकासका लागि कूल भर्नादर (GER) | ८४.०५ |
| ३ | प्रारम्भिक बालविकास सहित कक्षा १ मा नयाँ भर्ना प्रतिशत | ५५.१३ |
| ४ | प्राथमिक तह कक्षा १-५ मा कूल भर्ना दर (GER) | २१४.७२ |
| ५ | प्राथमिक तह कक्षा १-५ को खुद भर्नादर (NER) | ९६.६ |
| ६ | आधारभूत तहमा तालिम प्राप्त शिक्षकको प्रतिशत | ९८.७ |
| ७ | विद्यालय बाहिर रहेका बालबालिका | १२% |
| ८ | कक्षा छोड्ने दर कक्षा १-५ | ५.९५ |
| ९ | शिक्षक विद्यार्थी अनुपात प्राथमिक तह | ५३.११ |
| १० | कक्षा १ मा कक्षा दोहोऱ्याउने दर | २३.३८ |
| ११ | कक्षा ५ मा कक्षा दोहोऱ्याउने दर | १०.६० |
| १२ | कक्षा १–५ सम्म विद्यार्थी उतिर्ण दर | ७७.९४ |
| १३ | दलितको साक्षरता दर | ५०.७४ |

*स्रोत: जिल्ला शिक्षा कार्यालय, २०७०*

माथिको तालिका अनुसार यस जिल्लामा महिलाहरूको साक्षरता दर पुरुषको भन्दा कम देखिन्छ भने पूर्व प्राथमिक तहमा अध्ययन गर्न आउने बालबालिकाहरूको अनुपात ८४ प्रतिशत रहेको छ । हालसम्म पनि विद्यालयमा भर्ना हुन नआउने बालबालिकाहरूको अनुपात १२ प्रतिशत देखिन्छ । जसका लागि विशेष कार्यक्रम तय गर्नु आवश्यक छ ।

### *२.७५.३ मातृशिशु स्वास्थ्य र पोषणको अवस्था*

यस अन्तर्गत जिल्ला भित्र सुत्केरी तथा ५ वर्ष मुनिका बालबालिकाहरूको स्वास्थ्य जाँच, खोप, पोषण तथा हेरचाह सम्बन्धी सूचकहरू समेटिउका छन्, जसलाई तलको तालिकामा दिइएको छ ।

**तालिका- ८६: जिल्लामा मातृशिशु स्वास्थ्य सम्बन्धी सूचकहरू**

| क.स. | विवरण | प्रतिशत |
|---|---|---|
| १ | जन्मने वित्तिकैको आफ्नो बच्चालाई बिगौति दुध खुवाउने सुत्केरी आमाहरू | ४५ |
| २ | ६ महिनासम्म आमाको मात्र दुध खुवाइएका | ७८ |
| ३ | २ वर्ष मुनिका बच्चालाई दुध खुवाउने मध्ये हरियो सागपात, दुध, फलफूल, गेडागुडी माछामासु खान पाउने आमाहरू | १९ |
| ४ | छोरा सरह ६ महिनामा पास्नी गरिएका छोरीहरू | ५८ |
| ५ | जन्मेको ६ महिना पछि आमाको दूध र अतिरिक्त खाना खुवाइने | ५७.६ |
| ६ | नियमित रूपमा २ वर्षसम्म महिनैपिच्छे तौल लिएका बालबालिकाहरू | ७५ |
| ७ | कुपोषण भएका ५ वर्ष मुनिका वालबालिका | १३ |
| ८ | सामान्य खालको कुपोषणबाट प्रभावित | ५१ |
| ९ | ५ वर्ष मुनिका वालिकाको कुपोषणको स्थिति | ३६ |
| १० | एक वर्षभित्रका बालबालिकालाई पूर्ण रूपमा खोप (डिपिटी, हेपटाइटिस बि, हिब ३, पोलियो ३, दादुरा मात्रा) प्राप्त गरेको | ८८ |
| ११ | कम्तिमा प्रसूति पूर्व चारपटक स्वास्थ्य जाँच गराउने गर्भवती महिलाहरू | २६ |
| १२ | गर्भवती आमाको दक्ष प्रशुतिकर्मीबाट स्वास्थ्य संस्थामा सुत्केरी गराएको | ३७ |
| १३ | प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराउने महिलाहरू | ४१ |
| १४ | टिटानस विरुद्धको २ वटा खोप लगाउने गर्भवती महिला | ४० |
| १५ | गर्भवती तथा सुत्केरी आमाहरूले आईरन चक्की जम्मा (१८०+४५) २२५ वटा खाने | ३० |
| १६ | गर्भवती महिलाले जुकाको औषधि (अल्वेण्डाजोल) खाएको | ८७ |
| १७ | सुत्केरी महिलाले ४५ दिन भित्र भिटामिन ए. खाएको | ४७ |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, २०७०*

यस अनुसार कालिकोट जिल्लामा जन्मेको २ वर्षसम्म नियमित तौल जाँच गराएका बालबालिकाहरूको अनुपात ७५ प्रतिशत रहेको छ भने कुपोषण भएका ५ वर्ष मुनिका बालबालिकाहरूको अनुपात १३ प्रतिशत रहेको छ । गर्भवती तथा सुत्केरी आमाहरूले प्राप्त गर्ने भिटामिन, आइरन लगायतका पोषणमूलक औषधीहरूको अनुपातमा आधा महिलाहरको मात्र पहुँच पुगेको देखिन्छ ।

### *२.७५.४ बाल संरक्षण सामाजिक प्रणालीको अवस्था*

कालिकोट जिल्लामा वाल संरक्षण प्रणालकिो तस्विर प्रस्तुत गर्ने क्रममा बालश्रम अपनाउने परिवारको अनुपात, बालश्रम उद्धार कोष खडा गर्ने गाविसहरूको संख्या र वालविवाहको अवस्थालाई तलको तालिकामा दिइएको छ ।

तालिका– ८७: जिल्लामा वाल संरक्षण प्रणालीको वाधकहरू

| | | |
|---|---|---|
| समुदायमा आधारित बाल संरक्षण प्रणालि सञ्चालन भएको गाविसहरू | संख्या | ३० |
| बालश्रम पिडित उद्धार कोष खडा गर्ने गाविसहरू | प्रतिशत | १७ |
| बालश्रम अपनाउने परिवार | प्रतिशत | ५३ |
| वालविवाह अपनाउने संख्या | प्रतिशत | ४९ |
| बालमैत्री वालविकास केन्द्रहरू | प्रतिशत | ६ |
| सामाजिक परीक्षण गराउने वालविकास केन्द्र र विद्यालयहरू | प्रतिशत | ५७ |
| दिवा भोजन दिने प्रारम्भिक वाल विकास केन्द्रहरू | प्रतिशत | ४३ |

*स्रोत: वालवञ्चितीकरण सूचकांक अवरोध विश्लेषण, यूनिसेफ, २०६९*

माथिको तालिका अनुसार कालिकोट जिल्लामा ५७ प्रतिशत मात्र प्रारम्भिक बालविकास केन्द्र तथा विद्यालयहरूले सामाजिक परीक्षण गराएका छन् भने ९४ प्रतिशत प्रारम्भिक बालविकास केन्द्रका पूर्वाधारहरू बालमैत्री नभएको पाइएको छ । त्यसैगरी ५७ प्रतिशत प्रारम्भिक बालविकास केन्द्रले बालबालिकालाई दिवा भोजन नदिने तथ्याङ्क पाइएको छ ।

### *२.७.५.५ वैवाहिक स्थिति र वालविवाह*

वैवाहिक अवस्था र विवाहको उमेर सम्बन्धी तथ्याङ्कले सम्बन्धित क्षेत्रको महिला तथा बालबालिकाहरूको अवस्थाको वारेमा जानकारी प्राप्त गर्न सकिन्छ । जिल्लामा वहुविाह गर्ने, पुनविवाह गर्ने, सम्वन्ध विच्छेद गर्ने र त्यत्तिकै छुट्टिएर वस्नेको अनुपात तथा विवाहको उमेर तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका– ८८: १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक अवस्था**

| सि.नं. | वैवाहिक अवस्था | | | विवाहको उमेर | | |
|---|---|---|---|---|---|---|
